४१

उपनिषदहरूका चौद रत्न

(नेपाली भाषामा रूपान्तर)

लेखक तथा प्रकाशक:

श्री शास्त्री भिमप्रसाद निरौला

लेखकको संक्षिप्त परिचयः-

वर्तमान १३ तेह्रथुं जिल्ला डाडाँगाउँ गा.वि.स. वार्ड नं. ३ मा १९८२ साल आषाढ २२ गते गुरु पूजा पूर्णिमाका दिन भारद्वाज गोत्री पिता अक्षतानन्द तथा माता हिमा देवी निरौलाका गर्भबाट जन्म लियेर विभिन्न क्रमले दिन व्यतित गर्दै थोरै अध्ययनको आधारमा "बिरौला वंशलता" नामक पुस्तक तथा "कर्मकाण्ड दर्पण' र 'उपनिषद्का चौद रत्न, नामक पुस्तक समेत लेखि पाठक समक्ष प्रस्तुत गर्न पाउदा कृतार्थं ताको अनुभव गरेको छु। त्रुटी कम् जोरि भयेका ता अवश्य होलान् तथापि यसमा भयेका कमि कमजोरी पाठक वर्गले निम्न ठेगानामा जान्कारि गराउनु भयेमा अर्को संस्करणमा सुध्याउने प्रयास गर्ने थिये। अस्तु।

(श्रीशास्त्री भीमप्रसाद निरौला)

पुस्तक - प्राप्तिस्थान विनीत
का.मा.न.पा.वा. ३२ अनाम नगर निवासी
मेची पुस्तक भण्डार दमक जि-झापा, मेची
लेखक - श्रीशास्त्री-भीम प्रसाद निरौला
फो.नं. २४००३४

प्रधान सम्पादक
श्री शास्त्री भीम प्रसाद निरौला

सह सम्पादक
डिलि रमण निरौला

लेखक र प्रकाशक
श्री शास्त्री-भीम प्रसाद निरौला

सर्वाधिकार लेखकमा सुरक्षित
सस्करण प्रथम

Acc. 22403
22403

सम्वत २०५३ साल भाद्र शुक्ल
अनन्त चतुर्दशी

प्रति ५००/-

मूल्य रु. २५/-

मुद्रक दीप प्रीन्टर्स बालकुमारी, ललितपुर, फोन ५२५६४२

प्रार्थना

उपनिषद हामीहरुको त्यो अमूल्य निधि हो। जसमा संरक्षित विविध ज्ञान विज्ञानमय अचिन्त्यरत्नराशिको निर्मल सच्चिदानन्दमय ज्योतिको एक कण प्राप्त गर्नका लागि समस्त जनहरु संसारका तत्वज्ञ श्रद्धापूर्वक शिर उठायेर अनि हात पसारेर खडा छन्। उपनिषद्हरुमा त्यस कल्याणमय ज्ञानको अखण्ड अनि अनन्त प्रकाश छ, जुन घोर क्लेशमय अनि अन्धकारमय भवाटवीमा घुम्दा छदा जीवलाई सहसा उसबाट निकालेर नित्य निर्बाध ज्योतिर्मय अनिपूर्णामय ब्रह्मसत्तामा पुऱ्याई दिन्छ। आनन्दको कुरा छ कि आज उनै उपनिषद्हरुले चुनेका केहि कथाहरु पाठकहरुलाई समर्पण गरिदै छ।

केहि वर्ष पैलि – हिन्दी भाषामा लेखियेको पुस्तक पढ्ने मौका मिलेको थियो। तव देखि नै नेपाली भषामा रुपान्तर गर्ने इच्छा थियो। यसर्थ नेपाली भाषामा लेखियेको यो सानु पुस्तकबाट पाठक वर्गले यदि लाभ उठाउनु भयो भने, सम्भव छ, भविष्यमा पनि उपनिषद्हरुका यस्ता बटुलेका अन्यान्य कथाहरु पनि प्रकाशन गर्नमा चेष्टा गर्न सकियोस्। भूल चूक का लागि विद्वान पाठकद्वारा क्षमा गर्नु हुने नै छ। अनि कृपापूर्वक सूचना दिनु होला, जस द्वारा अर्को संस्करण निकाल्न सकेका वखत सुधार गर्न सकियोस्। आशा छ पाठक यस प्रार्थनामा ध्यान दिनु हुने छ।

विनीत

लेखक-भीम प्रसाद निरौला

विषय-सूची

विषय		पृष्ठ
१) ब्रम्ह नै विजयी हुन्.	(केनोपनिषदका आधारमा)	१
२) अनौठो अतिथि	(कठ० " ")	६
क) यमराजको अतिथि		१०
ख) अधिकारी परिक्षा		१७
ग) श्रेय र प्रेय		२४
घ) साधन र स्वरूप		३०
३) आपद्धर्म	(छान्दोग्य " ")	४४
४) गाडी वालाको ज्ञान	(" " ")	४८
५) गईसेवावाट ब्रम्हज्ञान	(" " ")	५३
६) अग्नी द्वारा उपदेश	(" " ")	५८
७) नीरभीमानी शिष्य	(" " ")	६१
८) 'तत्वमसी'	(" " ")	६७
९) एक सय एक वर्षको ब्रम्हचर्य	(" " ")	७१
१०) तीन पल्ट 'द'	(ब्रम्हदारण्य क. " ")	९०
११) परम धन	(" " ")	९३
१२) घोडाका शीरवाट उपदेश	(" " ")	९९
१३) सर्वश्रेष्ठ ब्रम्ह निष्ठ	(" " ")	१०३
१४) सदगुरूको शिक्षा	)तैत्तिरीय· " ")	११२

उपनिषदहरूका चौद रत्न

"१"

॥ ब्रह्म नै विजयी हुन् ॥

एक समय स्वर्गका देवताहरूले परमात्माका प्रतापले असुरहरू माथि विजय प्राप्त गरे । यो विजयले मानिसहरूमा देवताहरूको पूजा हुन लाग्यो । देवताहरूको कीर्ति र महिमा सर्वैतिर फैलियो । विजयोन्मत्त देवता भगवान्‌लाई भुले र भन्न लागे कि हाम्रो नै जय भयेको हो । हामीहरूले आफ्नै पराक्रम र बुद्धि बलले दैत्य-हरूको दमन गर्‍यौं । यस कारण मानिसहरू हाम्रो पूजा गर्दछन् तथा हाम्रो विजय गीत गउछन् । मदले अन्धो बनाई दिन्छ, दवता पनि विजय मदमा अन्धा भयेर यो कुरा भूले कि "सर्व शक्तिमान् ईश्वर छ" अनि उसका बल र प्रभावले सबै कुरा हुन्छ । ईश्वरका सत्त बिना रूखका एक पात पनि हल्लिदैन ।

भगवान् वडा दयालु हुनु हुन्छ। भगवान्ले देख्नु भयो कि देव जागण झुट्टा अभिमानमा मत्त भएर मलाई भुल्न लागेका छन्। यदि इनीहरूको यो अभिमान दृढ भयो भने ता असुरहरूका झैं देवताको पनि सर्वनाश हुनें छ। विजय प्राप्त गरेपछि जहाँ सत् पुरूषहरूमा नम्रता आउँछ। यहाँ त इनीहरूमा अभिमान् पो बड्दै गयेको छ। यो विचार गरेर देवताहरूको अभिमान नाश गरि उनीहरूको उपकार गर्नका लागि परमात्मा व्रह्मले आफ्ना लिलाले एक यस्तो अद्भूत कौतुहल प्रदरूप प्रकट गर्नु भयो। जसलाई देखेर देवताहरूका बुद्धिले चक्कर खायो। देवताहरू डराये, अनि उनीहरूले यस यक्ष सदृश रूप धारी अद्भत पुरूषको पत्तो लगाउनका लागि आफ्नु अगुवा अग्नि देवतासंग भने कि, "हेजातवेदश" हामी सबैमा तपाई सर्वा पेक्षा अधिक तेजस्वी हुनुहुन्छ, अतः तपाई इनको पत्तो लगाउनुहोस् कि यो यक्ष रूप वास्तवमा को हो। अग्निले भने ठीक छ, म पत्तो लगायेर अउँछु। यति भनेर अग्नि यक्ष भयेका ठाउँमा गये। परन्तु यक्षका नजीक पुग्दा नै तेजले यस्तो चक्करमा परे कि वोल्ने सम्म साहस भएन। अन्तमा ती यक्षरूप व्रह्मले अग्नि संग सोध्नु भयो कि तिमी को हौ। अग्निले भने 'मेरो नाम प्रसिद्ध छ, मलाई अग्नि भन्दछन्। अनि

'जाते वेदस्'१ पनि भन्दछन् । ब्रह्मले फेरी सोध्नु भयो । यो सबै त ठीक छ. परन्तु हे अग्नि ! तिमिमा कस्तो शक्ति छ, तिमी के गर्न सक्छौं । अग्निले भने "हे यक्ष] यो पृथ्वी र अन्तरीक्षमा जो कुनै स्थावर, ज्ङ्गम पदार्थ छन् उ सबैलाई म जलायेर भस्म गर्न सक्छु । ब्रह्मले शोचनु भयो कि यसको अहङ्कार कुराले नाश हुदैन यसलाई केहि चमत्कार देखाउनु पर्दछ । यस्तो विचार गरेर ब्रह्मले अग्निको शक्ति खिचेर लिनु भयो, अनि भन्नुभयो "तस्मै तृणं निदधौ" अग्निका सामन्ने एक घाँसको टुक्रा राखेर सबैलाई जलाउने कुरात पछाडी हेरौला पैलि 'एतद्दह' यस तृणलाइ तिमी जलाउ । अग्नि देवता आफना पुरा वेगले तृणका छेउमा गये, अनि त्यसलाई डडाउनका लागि सर्व प्रकारले प्रयत्न गर्न लागे, परन्तु तृणलाई जलाउन सकेनन् लाजले अग्निको शिर झुको, अन्त्यमा यक्षसंग केहि नभनि अग्नि आफ्नु जस्ताको तस्तै मुख लिएर देवताहरूसंग फर्केर गये, अनि भने कि "मत यो कुराको टुङ्गा लगाउन सकिन' यो को हो ।

यसपछि देवताहरूले वायुलाई भनै कि 'हे वायु

१. जात वेदसको अर्थ धन दिने अथवा उत्पन्न भएका समस्त पदार्थका ज्ञाता हुन्छन् ।

तिमी गयेर पत्ता लगाउ कि यो यक्ष कुन हो। वायु देव ठीक छ भनेर यक्ष छेउ गये परन्तु वायुको पनि अग्निको जस्तो दशा भयो, उनी पनि बोल्न सकेनन्। यक्षले सोधे तिमी को हौ वायुले भने 'म वायु हुँ, मेरा नाम र गुण प्रसिद्ध छ। गमन क्रिया गर्ने वाला र पृथ्वीकी गन्धलाई वहाउने वाला हुँ। अन्तरिक्षमा गमन गर्नका कारणले मलाई 'मातरिश्वा' पनि भन्दछन्। यक्षले भने तिमीसंग के शक्ति छ। वायुले भने यस पृथ्वीमा र अन्तरिक्षमा जो कोई पनि पदार्थ छन्, उ सबैलाई म ग्रहण गर्न सक्छु। उडाउन सक्छु। ब्रह्मले वायुका अगाडी त्यही सुकेको तृण राखिदिनु भयो। अनि भन्नु भयो 'एत दादप्स्च' यस तृणलाई उडाई देउ।

वायुले आफ्नु सारा वल लगाये, परन्तु त्यान्द्रो चट पनि पटायेन यो देखेर वायुदेव वहुत लज्जित भये। अनि तुरून्त नै देवताहरूसंग आयेर भने कि 'हे देव गण हो! पत्ता भयेन यो यक्ष को हो मैले त केहि जान्न सकिन। जव मुनिवहरूबाट काम हुदैन, तव मालिकको पालो आउँछ। यस सिद्धान्तले देवता हरूले इन्द्रलाई भने, हे देवराज! अव तपाई जानु हवस्। इन्द्र यक्ष नजिक जानु भयो। इन्द्रलाई अभि-

मान युक्त देखेर, यक्ष रूप ब्रह्म बाह्माँबाट अन्तरध्यान हुनु भयो। इन्द्रको अभिमान नाश गर्नका लागि इन्द्र संग वात तक गर्नु भयेन। इन्द्र लज्जित भये। परन्तु इन्द्रले हिम्मत हार्नु भयेन। अनि ध्यान गर्न लाग्नु भयो। तत्कालै इन्द्रले देखे कि अन्तरिक्षमा अत्यन्त शोभायुक्त र सबै प्रकारले उत्तमोत्तम अलङ्कारहरूले विभूषित हिमालय कि छोरी भगवती पार्वती उमा उभिनु भयेको छ। पार्बतीजोको दर्शन गरेर इन्द्रलाई हर्ष भयो र इन्द्रले शोचे कि पार्वती नित्य ज्ञानवोध स्वरूप भगवान शिवका साथ रहनु हुन्छ। अत एव पार्वतीलाई यक्षका वारेमा जानकारी होला इन्द्रले विनय भावले पार्वतीसंग सोध्नु भयो।

हेमाता ऐले जुन यक्ष मलाई दर्शन दियेर अन्तर ध्यान हुनु भयो उनी को थिये। उमाले भन्नु भयो, उ यक्ष प्रसिद्ध ब्रह्म थिये। हे इन्द्र! इनै ब्रह्म ले नै असुरहरूलाई पराजित गर्नु भयेको थियो। तिमी-हरूत केवल निमित्त मात्र हौ। ब्रह्मका विजयवाट नै तिमीहरूको महिमा वडेको हो। अनि यसै शारणले तिमीहरूको पूजा पनि भयेको हो। तिमीहरू जुन आफ्नु विजय र महिमा मान्दछौ, त्यो सबै तिमीहरू को मिथ्या अभिमान मात्र हो। यसको त्याग र अनि

यो सम्झकी जो केहि हुन्छ, त्यो केवल उसै ब्रह्मका सत्ताले नै हुन्छ।

उमाका वचनले इन्द्रका आखाँ खुले, अभिमान गर्यो ब्रह्मको महान शक्तिको परिचय पायेर इन्द्र फर्किये। अनि उनले अग्नि र वायुलाई पनि उपदेश गरे। अग्नि र वायुले पनि ब्रह्मलाई चिने। यसै कारणले तिनै देवता सवैभन्दा श्रेष्ठ भये। इनी मध्ये पनि इन्द्र सर्व श्रेष्ट मानिये। कारण, इन्द्रले ब्रह्मलाई सवैभन्दा पैलि जानेका थिये। यस कारण यो सिद्ध हुन्छ कि ब्रह्मलाई सवैभन्दा पैलि जान्ने वाला नै सर्व श्रेष्ठ हो।

(केन उपनिषद्‌का आधार बाट)

'२'

अनौठो अतिथि

सत्य युगको पवित्र काल थियो। देश भरमा यज्ञ को प्रचार भै राखेको थियो। यज्ञ धूमले र उसका पवित्र सुगन्धले आकाश भरियेको थियो। वेद का वरद मन्त्रले दिसाहरू गुञ्जिरहेका छन्। यज्ञको हवि ग्रहण गर्नका लागि स्वर्गका देवतागण पृथ्वीमा उत्रि राखेका छन्। अति पवित्र र आनन्दमयी वाद्य ध्वनिले समस्त जीव प्रफुल्ल भई रहेका छन्। यज्ञ कर्ता यज्ञको

पूर्णाहुति भये पछि, परम श्रद्धाले ऋत्विक्गणहरूलाई दक्षिणा वाडिरहेका छन् । इच्छा रहित भयेर सात्विक यज्ञ कर्ता वेद विधिको पूर्णतया पालन गर्दा छंदा समस्त कार्य सम्पादन गर्दछन् । यस्ता पवित्र युगमा ऋषि वाज श्रवा का सुपुत्र उद्दालक मुनिल विश्वजित नामको एक यज्ञ गरें । यस यज्ञमा सर्वस्व दान गर्नु पर्दछ । तदनुसार वाजश्ववस (वाजश्ववाका पुत्र) उद्दालकले पनि 'सर्व वेदसं ददौ' आफ्नु सारा धन ऋषिहरूलाई दिये । ऋषि उद्दालकका नचिकेता नामक एक पुत्र थिये । जुन समय ऋषि ऋत्विक् सदस्यहरूलाई दक्षिणा वाडिरहेका थिये, उसमा राम्रा नराम्रा सबै तरहका गाईहरू दिदै गरेका थिये । त्यस समय बालक नचिकेता का निर्मल अन्तकरणमा श्रद्धाले प्रवेश गऱ्यो । नचिकेताले आफ्नो मनमा शोचे

'पीतोदका जग्धतृणा दुग्ध दोहा निरिन्द्रिया. ।
आनन्दा नाम ते लोकास्तान्स गच्छति ता ददत् ।।'

(कठ ०१।१।३।)

जून गाईहरू (अन्तिम पल्ट) पानी पीसकेको छन्, घांस खाई सकेकी छन्, अबि दूध दोई सकेकी छन्, जून शक्ति नभयेकी अर्थात् गर्भधारण गर्न नसक्ने छन् ।

यस्ता गाईहरू जो दान गर्दछ, त्यो उसलोकको प्राप्त गर्दछ, जो आनन्दले शून्य छ ।

यज्ञ सकेपछि गाई दान अवश्य हुनु पर्दछ, परन्तु दिन योग्य नभयेका गाई दानले दातालाई उल्टो अमङ्गल फल हुन्छ । यस भावनाले सरल हृदय नचिकेताका मनमा वडो दुःख वेदना भयो अनि आफ्नु वलिदान दियेर पिताको अनिष्ट हटाउनका लागि नचिकेताले भने, 'तत् कस्मै मा दास्यसीति' 'हेपिता जि ! म पनि तपाईको धन हुँ, अतः मलाई हपाई कसलाई दिनु हुन्छ । पिताले केहि उत्तर दिनु भयेन । नचिकेताले फेरि भने पिता जि ! मलाई कसलाई दिनु हुन्छ । पिताले यो पल्ट पनि उपेक्षा गर्नु भयो । धर्म भीरू नचिकेतालाई चित्त बुझेन । उनले तेश्रो पल्ट फेरि त्यै प्रश्न गरे (दोहो ध्याये) ।

ऋषि रिसाये अनि झर्केर भने – तलाई मृत्युलाई दिन्छु 'मृत्यवे त्वं ददामीति' पिताको क्रोधभरि वचन सुनेर नचिकेता सोचन लागेकि 'शिष्य र पुत्रका तीन श्रेणिहरू हुने गर्दछन् । उत्तम, मध्यम, र अधम । जो गुरूको अभि प्राय बुझेर गुरूका आज्ञको केहि प्रतिक्षा नगरि सेवा गर्न लाग्दछन् तिनीहरू उत्तम हुन् । जो ताज्ञा पायेर मात्र काम गर्दछन् । तिनीहरू मध्यम हुन् । अनि

जो गुरूको अभिप्राय सम्झेर तथा आज्ञा सुनेर पनि गुरूको इच्छानुसार काम गर्दैनन्, तिनीहरू अधम हुन् । म प्रथम श्रेणीमा चाहे न हुन सकूँ तर दोश्रा श्रेणी मा त अवश्य छु, म अधम त कदापि छुइन । म शरीरमा गुण सम्पन्न छोरालाई पिताजिले च मालुं किन यमराजलाई दिनु भयो । मृत्यु देवताको म बाट के प्रयोजव सिद्ध होला । सम्भवतः पिता जिले क्रोधका आवेशमा नै यस्तो भदि दिनु भयेको हो । परन्तु जो कुछ पनि हो पिताजिका वचन असत्य हुनु हुदैन । यो विचार गरेर नचिकेताले यमराज कहाँ जाने निश्चय गरे । धन्य पितृभक्ति धन्य त्याग ।

पुत्रको व्यवस्था देखेर ऋषि एक तर्फ बसेर पछुताई रहेका थिये, कि मैले क्रोधमा छोरालाई के भनिदिये । यसै अवस्थामा नचिकेताले गयेर पितासंग यसो भने –

"अनुपश्य यथापूर्वे प्रतिपश्य तथा परे ।
सस्यमिव मर्त्यः पच्यते सस्यमिवा जायते पुनः ।

(कठ ०१।१।६) ।

हे पिताजिः आपना पूर्वजहरूको व्यवहार हेर्नु हवस,

यस समयका सज्जन पुरुषहरूको व्यवहार हेर्नु हवस् । ऊनीहरूका चरित्रमा न कहिल्यै पहिले असत्य थियो, न अहिले छ । दुर्जन मनुष्यहरूनै असत्यको आचरण गर्ने गर्दछन् । परन्तु त्यो असत्यले कोहि अजर अमर हुन सक्दैन । मनुष्य खेति पातीका झै जरा जीर्ण भयेर मर्दछ । अनि खेतीका तरह नै कर्मवश पुनः जन्मीन्छ । अतः एव यस अनित्य संसारमा मिथ्या आचरणले के प्रयोजन छ । तपाई आफ्नो सत्यको पालन गर्दै मलाई यमराज कहाँ जाने आज्ञा दिनुहवस् ।

पितालाई खूप दुःख त भयो, परन्तु पुत्रको सत्य परायणता देखेर ऋषिले आज्ञादिनु भयो । नचिकेता पिताजिका वचनको पालन गन यमराजका सदव (घर) तर्फ यात्रा शुरू गरे ।

यमराजका अतिथि–

निर्भिक चित्त नचिकेता पिताका आज्ञानुसार यमराजका घर आयेर पत्ता लगाये, ता थाहा भयो कि यमराज कहि बाहिर गयेका छन् । नचिकेतालाई तीन रात तक अन्न पानी बिना यमराजको बाटो हेर्नु पर्‍यो । तेश्रो दिन यमराज फर्केपछि घरवालाहरूले यमराजसंग भने

"वैश्वानरः प्रविशत्यतिथि ब्राह्मणो गृहान् ।।
तस्यैता ँ शान्ति कुर्वन्ति हरवैवस्वतो दकम् ।। ,,

साक्षात अग्नि नै ब्राह्मण अतिथिका रूपमा घरमा प्रवेश गर्दछन्, साधु गृहस्थ उस अतिथिरूप अग्निको दाह शान्तिका गागि उसलाई जल (पाद्यर्घ्य) दिने गर्दछन् । अतः एव हेवैवस्वतः तपाई उस ब्राह्मण वालकका पाउ धुनका लागि जल लियेर जानु हवस । अतिथी तीन दिन देखि तपाईको वाटो हेर्दा हेर्दै अनशन वसेका छन्, अत तपाई स्वयं ब्राह्मण वालकको सेवागर्नु हुनै छ । तव मात्र उसलाई शान्ति मिल्ने छ ।

"आशा प्रतिक्षे सङ्गत ँ सुनृतांच । इच्छा पूर्ते पुत्र पशु श्च सर्वान्
एतद्‌वृङ्क्ते पुरूष त्यालपमेध सो, । यस्यानस्तम् वसति ब्राहृणो
गृहे (कठ ०।१।१८) ।

जुन अल्प वुद्धि पुरूषका धरमा अतिथि ब्राह्मण भोजन विना रहन्छ, उस मन्द वुद्धिका सारा आश र प्रतिक्षा हरू ज्ञात-अज्ञात वस्तुहरूलाई प्राप्त गर्ने इच्छाहरू उन का संयोगले प्राप्त हुने वाल। फल उसका सम्पत्ति पुत्रपशु सत्यभापण यज्ञ आदि सारा (कुवा, तलाउ, धर्मशाला, आदि वनाउने पुण्य) नष्ट हुन जाने छन् ।

यस्ता कुरा सुनेर यमराज पानीले भरेको स्वर्ण कलश लियेर दौडे अनि अतिथि नचिकेतालाई पादार्थ दियेर आदर पूर्वक भन्न लागें–

"तिश्रो रात्रीर्यदवात्सीर्गृहे मे, अनश्नन् ब्रह्मन्नतिथि नमस्य. ।
नमस्तेऽस्तु ब्रह्मन श्वस्ति मेऽस्तु तस्मात्प्रति त्रीन् वरान्
वृणीष्वः ॥,,   (कठ ०१।१।९) ।

हे ब्राह्मण ! तिमी नमस्कार गर्न योग्य अतिथि भयेर मेराघरमा तिन दिनसम्म केहि नखाई वसेका छौ, तिमी-लाई नमस्कार छ। यसवाट मेरा दोषको निवृत्ति भयेर कल्याण होस। मवाट ठुलो अपराध भयेको छ। अतः तिमी प्रत्येक रात्रीका लागि एक एक वरका हिसावले जम्मा तीन वर म संग मागेर लेऊँ।

यमराजका ढोकामा तीन दिन तक अतिति भोकै रहने कति ठूलो अपराध ! । प्राचीन भारतमा अतिथि सेवा गृहस्थिको सबभन्दा ठूलो आवश्यक मर्म मानिन्थ्यो। धर्मशास्त्रमा लेखेको छ, कि अतिथिलाई साक्षात नारायण मानेर उसको सेवा गर्नु पर्दछ। जो गृहस्थी अतिथि सेवामा शून्य छ, उसका समस्त शुभ कर्महरूलाई त्यो भोका अतिथिले लियेर जान्छ। भारतका वैदिक युगमा

घरमा आयेका अतिथि-नारायणको खूप सेवा हुन्थ्यो । यमराजको यो उदाहरण वहुत महत्वको छ । जुन दिन देखि भारतले यो परम सेवा ब्रतका वन्धनलाई खुकुलो गरि दियो, जव देखि भारतका गृहस्थि केवल आफ्ना स्त्री–पुत्रहरूका भोग विलासका सामाग्रीहरूको प्रवन्ध गर्न मानै कर्तव्यको इति श्री मान्न थाले । जवदेखि अतिथि नारायणका लागि गृहस्थिको ढोका वन्द हुन लाग्यो, तव देखि नै भारतको दुर्गति सुरू भयो । अस्तु, यमराजका कुरा सुनेर "सदा सन्तुष्ट,, नचिकेताले यस्तो शोचे कि, पितालाई सुख पुऱ्याउनु नै छोराका सबभन्दा प्रथम कर्तव्य हो, भनेर यमराजसंग यहि पहिलो वर माग्नु भयो–

"शान्त सङ्कल्पः सुमनायथा स्या, द्वीत मन्युर्गौतमो माभि मृत्योः।
त्वत्प्रसृष्ट माभिवदेत् प्रतीत, एतत् त्रयाणां प्रथम वरं वृणे ।।
(कठ ०१।१।१०) ।

हे यमराज ! तीन वर मध्ये म प्रथम वर यहि माग्दछु, कि मेर पिता म प्रति शान्त सङ्कल्प प्रशन्न चित्त अनि क्रोध रहित हुनु होला । अनि जव म तपाईका घरबाट वापस मेरा घर जाँउला, पिताले मलाई चिनेर

म संग प्रेम पूर्वकबात चित गर्नु हुने छ ।

यमराजले "तथास्तु,, भनेर भने कि म बाट तिमी फर्केर गयेपछि तिम्रा पिता पैलिकाझैं तिमीलाई चिन्ने छन् । मृत्युका मुखबाट छुटेका तिमीलाई देखेर तिम्रा पिता सुख पूर्वक सुत्नु हुने छ, अनि उनको क्रोध शान्त हुने छ । पितृभक्त बालकको प्रथम कामना पूर्ण भयो । नचिकेता यस प्रकार पिताको सुखसम्पादन गरेर फेरि समस्त जीवहरूका मंगलका लागि "स्वर्गको साधन अग्नी तत्वलाई जान्नका लागि यमराजलाई भन्दछन्, हे मृत्यो ! स्वर्गमा केहि पनि डर छैन । यहाँ न तपाई (मृत्यु) हुनु हुन्छ, न कसैलाई बुडो हुने डर छ । भोक प्यास बाट पार भयेर अनि शोकबाट पनि पार भयेर त्यहाँका पुरूषहरू ठूलो आनन्द भोग्दछन् ।

अत एव हे मृत्यो ! तपाई त्यस स्वर्गको साधन भूत अग्निलाई यथा रूपले जान्नु हुन्छ । म श्रद्धावान्लाई त्यो बताउनु होस् । कारण उसलाई जानेर लोग स्वर्गमा रहेर अमृत्व (देवत्व) लाई प्राप्त गर्दछन् । यो म दोश्रो वर माग्छु ।

यमराजले ठुलो तपस्या गरेर अग्नि विद्यालाई जानेका थिये । वास्तविक अधिकारि विना, यो अग्नि

विद्यालाई दिनाले दाता ग्रहिता दुभै मध्ये कसैलाई कल्याण हुदैन। परन्तु आज नचिकेतालाई उत्तम जिज्ञासु जानेर अग्नि तत्वको महत्व वताउदा छदा यमराजले भने–

प्रतेव्रवीमि तदुमे विवोध, स्वर्ग्यं मग्नि नचिकेतः प्रजानन्।
अनन्तलोका प्तिमथो प्रतिष्ठां विद्धि त्वमेतं विहितं गुहायाम्॥
।(कठ ०१।१।१४)।

हेनचिकेत! म उस स्वर्गका साधन भूत अग्नि लाई भलि भाति जान्दछु, र तिमीलाई वताउदछु, तिमी यसलाई राम्रो किसिमले सुन। यो अग्नि अनन्त (स्वर्ग) लोक प्राप्तिका लागि साधन हो, विराट रूप जगत्का प्रतिष्ठाको मूल कारण हो, यसलाई तिमी विद्वान्हरूका वुद्धिरूप गुफामा स्थित जान।

यस पछि यमराजले नचिकेतालाई समस्त लोकका आदि कारण उस अग्निको र उसका लागि जस्ता जति ईंटा चाहिन्छन्, ति ईंटा जुन प्रकारले राख्नु पर्ने हो, त्यो सवै वताउनु भयो, अर्थात यज्ञ स्थान निर्माणका लागि आवस्यक सामाग्रीहरू र अग्निचयन गर्ने विधि पनि वताउनु भयो। तीक्ष्ण वुद्धि भएका नचिकेताले यमराजले वतायेका सारा वातहरूलाई दोर्‍यायेर आफ्ना प्रतिभालाई सिद्ध गरि दिनु भयो।

यमराजले वालकको अप्रतिम योग्यता देखेर खूप प्रशन्न हुनु भयो, र उनले पहिलेंका तीन वरका अतिरिक्त एक चौथो वर यो दिये कि–

''तवैवनाम्ना भवितायमग्नि सृङ्का चेमामनेकरूपां गृहाण:
। (क०१।१।१६) ।

मैले जुन अग्निको नाम तिमीलाई भने त्यो तिम्रै नामले प्रसिद्ध हुने छ, र तिमी यस विचित्र रत्न वाली शब्दवती मालालाई ग्रहण गर। नचिकेताको तेजो दीप्त मुख मण्डल प्रशन्नताले भरियो। यमराजले फेरि भने– जसले यथार्थ रूपबाट माता, पिता र आचार्यका उपदेसानुसार तीन पल्ट नचिकेत अग्निको उपासना गरेर यज्ञ, वेदाध्ययन र दान गरेको छ, त्यो जन्म मृत्युबाट पार हुन्छ। अनि जव त्यो भाग्यवान पुरूष उस अग्निलाई ब्रह्मदेखि उत्पन्न भयेको ज्ञान सम्पन्न पूजनीय देव जान्दछ, तव त्यो शान्तिमा प्राप्त हुन्छ। जो नचिकेत अग्निको स्वरूप, संख्या र आहुती दिनें प्रणालिलाई जानेर उसको उपासना गर्दछ, त्यो देहपात देखि पैले नै मृत्युका पासलाई तोडेर शोक रहित भई स्वर्गमा आनन्द प्राप्त गर्दछ। वचिकेत अग्निलाई स्वर्गको साधन वतायेर अनि उसको केहि प्रशंसा गरेर,

यमराजले- नचिकेतासंग भन्नु भयो- "तृतीयं वरं नचिकेतो वृणीष्व,, हे नचिकेत ! अब तेश्रो वर माग ।

॥ अधिकारि परीक्षा ॥

पिताका प्रसन्नताको वर यस लोकका लागि र स्वर्गका साधन अग्निको ज्ञान परलोकका लागि वर प्राप्त गरेर नचिकेता सोच्नछन्, कि के स्वर्ग सुखमा नै जीवनको परम कल्याण हो ! । स्वर्गबाट पतित पुण्यात्माहरूको पुण्य नाश भएपछि त वापस फर्किनु पर्दछ, भन्ने सुनेको छ । अत एव तेश्रो वरले त्यो मृत्यु तत्व अथवा आत्म तत्वलाई जान्नु पर्दछ, जसलाई जाने पछि केहि जान्न वाकि नरहोस् । यो शोचेर आत्मा परलोकमा जान्छ, या जादैन, मरेपछि आत्माको के गति हुन्छ । यस आत्मा ज्ञानको जटिल प्रश्नलाई सम्झनाका हेतुले - नचिकेताले यमराजलाई भने - मृत मनुष्यका विषयमा एक शङ्का छ । कोहि भन्छन्, शरीर, इन्द्रिय मन, अनि बुद्धिका अतिरिक्त देहान्त सम्वन्धि कोई अन्य आत्मा छ । कोई भन्छन्, यस्तो कोई स्वतन्त्र आत्मा छैन । प्रत्यक्ष या अनुमानले यस विषयमा कोई निर्णय हुन सक्दैन । तपाई मृत्युका अधि पति देवता हुनुहुन्छ, अत एव म यो आत्मा तत्व तपाईसंग जान्न चाहान्छु ।

यहि तेश्रो वर म माग्दछु । नचिकेताको महत्वपूर्ण प्रश्न सुनेर यमराजले शोचे – ऋषि कुमार वालक भयेर पनि छन् वडा नै वुद्धिमान कस्तो गोप्य तत्वलाई जान्न चाहन्छन् । परन्तु आत्मतत्व उपयुक्त पात्रलाई नै वताउनु उचित हुन्छ, अनधिकारिका नजीक आत्म तत्व प्रकट गर्नाले हितका ठाउमा प्राय अनिष्टनै हुने गर्दछ । यस कारण पैलि पात्र परीक्षाको आवश्यकता छ । यस्तो विचा रगरेर यमराजले यस तत्वको कठीनताको ब्याख्या गरेर नचिकेतालाई टार्न चाहेर यमराजले भने देवतालाई पैले यस विषयमा सङ्का भएको थियो । यो आत्मात्वलाई सम्झिनु कोई सजिलो कुरा छैन, यो वहुत सूक्ष्म विषय छ, अतः हे नचिकेता ! तिमी अर्को वर माग, यस वर का लागि मलाई नरोक ।

नचिकेता कठिन विषयको नाम सुनेर डराएनन्, परन्तु अधिक दृढताले भन्न लागे – हे मृत्यो ! पैलिका समयमा देवताहरूलाई पनि जव यस विषयमा शङ्का भयेथ्यो जव तपाई नै भन्नु हुन्छ, यो विषय सजिलो छैन, तव मलाई यस विषयमा सम्झाउने वाला तपाईका समान दोश्रो वक्ता खोज्दा पनि कोटा भेट्टाउव सकिदैन । तपाई कोई अर्को वरको लागि भन्नु हुन्छ,

परन्तु म सम्झिन्छु कि यसका तुलनामा कोई वर छैन, किन कि यहि वर कल्याण प्राप्तिको हेतु छ। अतएव मलाई यहि सम्झाउनु हवस् ।

कुनै विषय वताउनु छैन भने चै सवभन्दा पैलि उसलाई कठोरडर देखाइन्छ। यमराजले पनि परीक्षाका लागि यस्तै गर्नु भयो, या डर देखाउनु भयो। परन्तु नचिकेता यस परीक्षामा उत्तीर्ण भये। अवका पालि यमराजले अरू पनि कठिन परीक्षा लिन चाहनु भयो। साधकका परीक्षाका लागि दुईवटा नै प्रधान शस्त्र हुन्छन् - एक 'भय' दोस्रो 'लोभ'। नचिकेता डर देखि डराएरन् यस कारण अव यमराजले दोस्रो शस्त्र 'लोभ, को प्रयोग उसमाथि गर्नु भयो, यमराजले भने वालक! तिमी के गर्ने छौ, यस्तो वर लिएर ? तिमो ग्रहण गर इनी सुखका विशाल सामाग्रीहरूलाई-

"शतायुषः पुत्र पौत्रान् वृणीष्व, वहुन्पशून् हस्ति हिरण्य मश्वान।
भूमेर्महदायतनं वृणीष्व, स्वयं च जीव शरदो यावदिच्छसि ॥
(कठ ०१।१।२३)

सय सय वर्ष बाँचने वाला - छोरा, नाती, माग, गाई आदि धेरै पशु, हात्ती, सुवर्ण, घोडा अनि विशाल भूमण्डलको राज्य माँग। अनि यी सवैलाई भोगनका

लागि जति वर्ष वाचनको इच्छा हुन्छ, उति वर्ष वाचिरहौ। एति नै होइन–

"एतन्तुल्यं यदि मन्यसे वरं वृणीष्व वीत्तं चिरजीविकां च।
महाँ भूमौ नचिकेत स्त्वमेधि, कामानां त्वा काम भाज करोमि॥
(कठ ०।१।१।२४)

यसका समान अरू कोई वर चाहन्छौ भनें उसलाई अनि धेरै धनका साथ दीर्घ जीवन माँग, धेरै के भनु यस विशाल पृथ्वीका तिमो सम्राट बन। म तिमीलाई आफ्नो सारा इच्छा अनुसार भोग भोगने वाला वानाई दिन्छु। यो वाहेक–

"ये ये कामा दुर्लभा मर्त्य लोके, सर्वान् कामां छन्दतः प्रार्थयस्व।
इमा रामाः सरथाः सतूर्या, न हीदृशा लम्भनीया मनुष्यैः॥
आभिर्मत्प्रताभिः परिचायस्व, नचिकेतो मरणं मानु प्राक्षीः।
(कठ ०।१।१।२५)

जुन् जुन् भोग मर्त्य लोकमा दुर्लभ छन्, उ सवै तिमी आफ्नु इच्छानुसार माग। यी रथहरू अनि वाद्यहरू समेत जो सुन्दर रमणीहरू छन्, यस्ता रमणीहरू द्वारा तिमी आफ्नो सेवा गराउँ, परन्तु हे नचिकेता! म संग मरण सम्बन्धि (मृत्यु भयेपछि, आत्मा रहन्छ, अथवा रहदैन) प्रश्न नसोध।

संसारमा यस्तो को छ, चाहना विना यत्रो भोग सामाग्रीहरू, अनि उनलाई भोग गर्नका लागि दीर्घ जीवन ब्यापी सामर्थ्य प्राप्त हुदा पनि उसललाई नचाहियेला ? सुन्नेवित्तिकै राल चुहुन लाग्दछ। परन्तु विचार र वैराग्यका उच्च भूमिकामा पुगेका नचिकेता अटल र अचल छन्। यमराजका प्रलोभनको असर उनका मनमा परेन। सत्य छ–

"रमा विलास राम अनुरागी। तजत वमन इव नर वड भागी॥

जो वडा भाग्यमानि रामका प्रेमीजन छन्, तिनीहरू, सुन्दरीका विलासलाई वमनका समान त्यागि दिन्छन्। जसले एक पल्ट विश्व ब्यापि मोहन मनोहर झाँकीको अनौठो छटा देखेको छ, भने फेरि विषय वासना तर्फ विर्सेर पनि हेर्दैन। नचिकेताले भने– हे मृत्यो ! तपाईले जुन भोग वस्तुहरूको वर्णन गर्नु भो, तिनीहरू भोलिसम्म रहन्छन्, अथवा रहदैनन्, यसमा पनि शङ्का छ। इनी वस्तुहरूले मनुष्यका सारा इन्द्रियका तेजलाई हरण गरि दिन्छन्। तपाईले जुन दीर्घ जीवन दिन चाहनु भयो, त्यो पनि अनन्त कालका तुलनामा वहुत कम नै छ। जव ब्रह्माको जीवन पनि अल्पकालको छ, तव अरूको त कुरै के भयो र। अतः

म यो सबै चाहन्न । तपाईका रथ, घोडा, हात्ती, अनि नाच, गान, तपाईसगै रहुन् ।

धनले मनुष्य कदापि तृप्त हुदैन, जहाँ केवल कामनाको नै विस्तार छ, वहाँ तृप्ति कसरी हुन्छ । भोग विलासका तिष्णामा अभाव र अपूर्णतामा अतृप्ति र आकाङ्क्षाका शिवाय अरू के रहन सक्दछ । अतः एव– "वरस्तु मे वरणीयः स एव, मलाई त आत्मतत्व रूप वर चाहियो । भला अजर अमर देवताहरूका नजिकमा आयेर तलका मृत्यलोकको जरा मरणशील कुन यस्तो मनुष्य होला, जो अस्थिर परिणाममा दुःख दिनेवाला विषयलाई चाहना गर्ला ? । शरीरको सौन्दर्य र विषय भोगका प्रमादको अनित्य, क्षण भङ्गुर सम्झेर पनि कुन यस्तो समझदार होला जो संसारका दीर्घ जीवनलाई आनन्द मान्दछ । अतएव हे मृत्यो ! जसका विषयमा मनुष्य संका गर्दछन्, जो महान परलोकका विषयमा निर्णयात्मक आत्मतत्व छ, मलाई त्यै नै दिनु हवस्–

"योऽयंवरो गुढमनु प्रविष्ठो, नान्य तस्मान्नचिकेता वृणीते ।
(कठ० ।।१।२९)

यो आत्मतत्व सम्बन्धी वर गुड होता पनि नचिकेता

यसलाई छाडेर अर्को (अज्ञानी पुरुषद्वारा इच्छित) अनित्य वर म चाहन्न ।

यस अग्नि परीक्षामा पनि नचिकेता उत्तीर्ण भये । यम-राजले नचिकेतालाई आत्म ज्ञानका पूर्ण अधिकारि सम्झिये । वास्तवमा जो यो मायामय जगत्का सारा सुखको मनोहर चित्त धनको प्रलोभन रमणीहरूका रमणीय–प्रणय वन्धन अनि कमनीय कीर्तिको इच्छा आदि सवै पदार्थ लाई आत्म ज्ञानिका तुलनामा काकविष्टा वत् अथवा विषका लड्डुहरूका समान अत्यन्त त्याज्यर हेय सम्झिन्छ, जो यस लोक र परलोकका वडा भन्दा वडा भोगलाई तुच्छ सम्झियेर सवैलाई लात मार्न सक्तछ, यै आत्म ज्ञानको यथार्थ अधिकारि हुन सक्तछ । परन्तु जो कौडी, कौडीका लागि जन्म जन्मान्तर तक वैर भावलाई आश्रय दिन तैयार रहन्छ, अनि काम परो भने आत्मज्ञानका शिवाय दोश्रो कुरा गर्दैन, त्यस्ता मनुष्य कुन अधिकारका प्राणी हुन् यस्ता कुरालाई विज्ञ पाठक स्वयं शोच्नु होस् । विषय, वैराग्य, साधुसंगति र भजन साधनका प्रभाव देखि पैलि आत्म ज्ञानको अधिकार प्राप्त गरेर, तदनन्तर उसका प्राप्तिका लागि प्रयत्न गर्नु पर्दछ, नभयेता दुवै तर्फ (यस लोक परलोक) भ्रष्ट हुने को नै सम्भावना हुन्छ ।

श्रेय र प्रेय

यमराजले नचिकेतालाई परम वैराग्यवान् निर्भिक र उत्तम अधिकारि सम्झियेर अति प्रसन्न भयेर भने कि "हे नचिकेता ! एक वस्तु श्रेय (कल्याण) छ । अनि अर्को बस्तु प्रेय छ । श्रेय मनुष्यको वास्तविक कल्याण मोक्षको नाम हो, अनि प्रेय स्त्री-पुत्र, धन, मानादि प्रिय लाग्ने पदार्थको नाम हो । यी दुईका वेग्ला वेग्लै प्रयोजन छन्, अनि इनीहरू आ आफ्ना प्रयोजनमा मनुष्यलाई वाद्धछन् । यी दुईमा जसले श्रेयलाई ग्रहण गर्दछ, उसको कल्याण (मोक्ष) हुन्छ । अनि जसले प्रेयलाई चुन्दछ, त्यो आपातरमणीय धन मानादिमा फसेर पुरूषार्थ देखि नष्ट हुन जान्छ ।

श्रेय र प्रेय दुई मध्ये मनुष्य चाहे जूनलाई ग्रहण गर्न शक्तछ । बुद्धिमान पुरूष श्रेय, र प्रेय, दुईटाको गुण दोषलाई भलि भाँति सम्झेर उनको भेद गर्दछ, अनि पानी र दुध विवेकि हाँसका झैं प्रेयलाई त्यागेर श्रेयलाई ग्रहण गर्दछ । परन्तु मूर्खजन "प्रेयोमन्दो योग क्षेमाद् वृणीते,, योग क्षेमका लागि "यानी,, प्राप्त स्त्री, पुत्र, धनादिको रक्षा र अप्राप्त भोग्य पदार्थका

प्राप्तिका लागि प्रेय को नै ग्रहण गर्दछन् । हे नचिकेता !

"सत्व प्रियान् प्रियरूपां श्चकामा, नभिध्यायन्नचिकेतोऽत्य स्त्राक्षीः।
नैतां सृङ्का वीतमयीमवाप्तो, यस्यांमज्जन्ति वहवो मनुष्याः।।
(कठ ०१।१।३)

तिमीले म द्वारा पटक पटक प्रलोभन देखाउदा पनि जो प्रियरूप अप्सरादि समस्त विषय भोगहरूलाई अनित्य सम्झेर त्यागिदियौ । यस द्रव्यमती निकृष्ट गतिलाई तिमीले प्राप्त गरेनौ । जसमा कि साधारणतः धेरै मनुष्यहरू डुवी रहन्छन् ।

यस भाषणले यमराजले नचिकेताका विवेक र वैराग्य को प्रशंसा गरी वित्तमयी संसार गतिको निन्दा गर्नु भयो र साथै विवेक वैराग्य सम्पन्न मनुष्य नै ब्रह्म ज्ञानको अधिकारी हो, यो पनि सुचित गर्नु भयो । यस पछि श्रेय र प्रेयको परस्पर विपरीत फल उत्पन्न गर्ने कारणको मीमांसा गर्दा छँदा यमराज भन्न लागे–

दूरमेते विपरिते विषूची, अविद्याया च विद्येति ज्ञाता।
विद्या भीप्सिनं नचिकेतसं मन्ये, न त्वा कामा वहवो-लोलु पन्तः ॥
(कठ ०१।१।४)

विद्या र अविद्या यि दुवै प्रसिद्ध छन्, यी दुवै एक अर्कादेखि अत्यन्त विपरीत र भिन्नाभिन्नै तिर लाने

वाला हुन् । हे नचिकेता ! म तिमीलाई विद्याको इच्छुक मान्दछु किन भने तिमीलाई भोगले गनि लोभाउन सकेन ।

"अविद्यायामन्तरे वर्तमाना, स्वयंधीराः पण्डित मन्य माना ॥
दन्द्रम्यमाणाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः॥
(कठ ०१।१।५)

अविद्यामा परेका जो जन आफुलाई वडो बुद्धिमान र तण्डित मान्दछन् तिनीहरू भोगका इच्छावाला मूर्ख जन अन्धाले डोऱ्याइको अन्धाका झैं चारैतिर ठोकिदै घुम्दछन्, फिर्दछन् ।

वास्तमा आजकल जगतमा, यस्ता अनेक मनुष्य छन्, जो विना सम्झे बुझे नै आफुलाई तत्वज्ञानी मान्दछन् यदि उनीहरूका अन्त करणको दृश्य हेर्ने हो भने त उसमा नाना प्रकारका कामनाहरूको ताण्डव नृत्य भई राखेको देखिन्छ, परन्तु कुरा र तर्कमा काहि पनि ब्रह्मज्ञानमा थोरै पनि त्रुटि देखिदैन । यमराजका कथानुसार यस प्रकारका झूटाज्ञानिहरूका लागि मोक्षको ढोका वन्द रहन्छ अनि उनीहरूलाई पुनःपुनः आगमन (जन्म मरण) का काल चक्रमा नै ठोकर खानु पर्दछ, - "पुनरपि जननं पुनरपि मरणं पुन-
रपि जननी जठरे शयनम्, यस्तो किन हुन्छ । यमराज भन्दछन्,
"न साम्परायः प्रति भाति बालं प्रसाद्यन्तं वित्तमोहेन मूढम् ।

धनका मोहले मोहित, प्रमादमा रत हुनें वाला मूर्खलाई परलोकमा कल्याणको बाटो देख्तैन । यो ता केवल

"अयं लोको नास्तिपर इति मावी पूनः पुनर्वशमापद्यते मे ।
(कठ ०१।१।६)

यस्तै सम्झन्छ कि स्त्री, पुत्रादि भोगहरूले भरिएको एक मात्र यहि संसार हो, यो भन्दा अर्को परलोक काहि छैन । यसै मान्यताका कारण उनीहरूलाई वार वार मेरा (मृत्युका) अधिनमा हुनु पर्दछ ।

यमराजले फेरि भन्नु भयो कि, हे नचिकेता ! आत्माज्ञान कोई साधारण कुरा होइन । अनेक मानिसता यस्ता छन्, जसलाई आत्माका सम्बन्धमा कुरा सुन्न पनि मिल्दैन । वहुत मानिसहरू सुनेर पनि यसलाई (आत्मज्ञान लाई) जान्न सक्तैनन्, आत्माका वक्ता पनि आश्चर्य रूपका नै कोई पाइन्छन् र यस आत्मालाई प्राप्त गर्ने वाला काँहि कोहि एक निपुण पुरूष नै हुन्छन्, यस प्रकार कोहि निपुण आचार्यद्वारा शिक्षा प्राप्त कोई विरलै आश्चर्प रूप पुरूष आत्मालाई जान्ने वाला हुन्छन् ।२

कोई साधारण मनुष्यका विवेचनाले यथार्थ ज्ञान

२ गीता अध्याय २।२९ मा यै आशयको श्लोक छ ।

हुन सक्तैन, आत्मज्ञान तब हुन्छ, जब उसको उपदेश कोई अनन्य (अभेददर्शी) समर्थ पुरूषद्वारा गरिन्छ, किन कि यो आत्मा सूक्ष्म भन्दा पनि सूक्ष्म हुनाको कारण सर्वथा अतकर्य छ। यो ज्ञान तर्कले प्राप्त हुदैन। यो त कुनै अलौकिक ब्रह्म ज्ञानि द्वारा बताये मात्र प्राप्त हुन्छ। हे नचिकेता! तिमीले यस्तो पुरूष पायौ कि वास्तवमा तिमी सत्यधारणाले सम्पन्न छौ। तिमी जस्ता जिज्ञासु मिल्दै रहुन्।।

हे नचिकेता! म जान्दछु कि धनराशी अनित्य हो र अनित्य वस्तुबाट नित्य वस्तु प्राप्त हुदैन। यो जान्दा जान्दै पनि मैले अनित्य वस्तु या पदार्थहरूबाट स्वर्ग सुखको साधन भूत नचिकेता अग्निचयन गरेका हो। यस कारण मैले यो आपेक्षिक अर्थात् अन्यान्य पदार्थको अपेक्षा नित्य (अधिक कालस्थायी) यमराजको पद पायेको हो।

परन्तु हेवत्स! तिमी ता सब प्रकारले श्रेष्ठ छौ, तिमीले सत्य परम पदार्थका सम्मुख जगत्का परम्सिमा को भोग, प्रतिष्ठा, यज्ञफलरूपी हिरण्यगर्भको पद अभय को मर्यादा (चीर कालस्थायी जीवन) स्तुत्य अनि महान् ऐश्वर्यलाई त्यज्य सम्झेर धैर्यद्वारा त्यागदियौ, यथार्थमा तिमी ज्यादै गुण सम्पन्न छौ।

यद्यपि यो आत्मा नित्य प्रकाशरूप आत्मा जीवरूपले हृदयमा विराजमान छ, तथापि सहजमा यसको दर्शन हुदैन, किन कि यो अत्यन्त सूक्ष्म छ, यो अत्यन्त गुढ छ, समस्त जीवनका भित्र प्रविष्ट छ, बुद्धिरूपी गुफामा छिपेर रहेको छ, संग द्वेषादि अनर्थमय देहमा स्थित छ, र सबभन्दा पुरानु छ। जव कोई धीर पुरूष यस देवतालाई आत्मयोगद्वारा अर्थात् चित्तलाई विषय बाट निवृत्त गरेर उसलाई आत्मामा समाहित गर्दछन् तव यसलाई जानेर त्यो हर्ष र शोकबाट तर्दछ। कारण आत्मामा हर्ष र शोकको काँहिपनि थान छैन, यो त वास्तवमा केवल बुद्धिको विकार मात्र हो। जसले ब्रह्मनिष्ठ आचार्यद्वारा आत्म तत्व सुनेर उसलाई सम्यक रूपले धारणा गरेको छ, भने धर्मयुक्त यो सूक्ष्म आत्मालाई जड शरीरादिबाट पृथक सम्झेर प्राप्त गरेको छ, त्यहि आनन्द धामलाई पायेर अतुल आनन्दमा रमी रहन्छ। म सम्झछु कि नचिकेताका लागि पनि मोक्षको द्वार खुलेको छ।

"विवृत्त सद्म नचिकेत समन्ये,, यमराजका वचनले आफुलाई आत्म ज्ञानको अधिकारी सम्झेर नचिकेताले भने–

"अन्यत्र धर्मादन्यत्राधर्मादन्यत्रास्मात्कृताकृतात्।
अन्यत्र भूताच्च भव्याच्च यत्तत्पश्यसि तद्वद: ।।
(कठ ०१ १।१४)

हे भगवान् ! तपाई यदि म उपर प्रशन्न हुनु हुन्छ भने धर्म र अधर्म देखि अतीत तथा यस कार्य र कारण रूप प्रपञ्च देखि पृथक् एवं भूत तथा भविष्यत् देखि भिन्न जुन सर्व प्रकारको व्यवहारिक विषय देखि अतीत परब्रह्मलाई तपाई देख्नु हुन्छ उस विषयमा मलाई भन्नु हवस् ।

साधन र स्वरूप

नचिकेताको प्रश्न सुनेर यमराजले आत्माको स्वरूप भन्नु भन्दा पैलि उसको साक्षात् साधन "प्रणव,, को उपदेश आरम्भ गर्नु भयो । यमराज भन्नु हुन्छ–

सर्वे वेदा यत्पदमामनन्ति, तपाँसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति, तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत् ।।
(कठ ०१।१।१५)

समस्त वेद जसको प्रति पादन् गर्दछन्, समस्त तप जसलाई वताउदछन् अर्थात् जसका लागि गरिन्छ, जस लाई प्राप्त गर्नका लागि साधक गण ब्रह्मचर्यको अनुष्ठा गर्दछन्, त्यो पदम संक्षेपसंग भन्दछु । त्यो हो "ॐ,, ।

यी परातपर परमात्मा जो सवै नामहरू देखि पर

हुदा हुदै पनि सबै नाममा भरि भराउ छन् जो सर्वथा नाम रहित हुदा हुदै पनि अनेक नामद्वारा सम्बोधन गरिन्छ, उसका सबै नाममा "ॐ,, सर्व श्रेष्ठ छ। ॐ शब्द ब्रह्मको प्रतीक हो। यो अक्षर नै ब्रह्म हो र उस अक्षरलाई ब्रह्म स्वरूप सम्झेर उसको उपासना गर्नाले साधक जो चाहन्छ सो पाउछ–

"यो यदिच्छति तस्य तत्,,

यो ओंकार नै ब्रह्मका प्राप्तिको सबभन्दा उत्तम र श्रेष्ठ अवलम्बन छ, र यस अवलम्बनलाई जान्नाले ब्रह्मलोक मा महिमा हुन्छ।

यस प्रकार प्रणवोपासना रूपी साधन वतायेर अव यमराज आत्माको स्वरूप वताउदा छदा, भन्दछन्–

"न जायते म्रियते वा विपश्चिन्नायं कुतश्चिन्नबभूव कश्चित्।
अजो नित्यः शाश्वतोऽयं पुराणो, नहन्यते हन्यमाने शरीरे॥

(कठ ०।१।१।१८)

यह चैतन्य स्वरूप आत्मा न जन्मन्छ, न मर्दछ, न यो कोई दोश्रावाट उत्पन्न भयेको हो, न कोई दोश्रो नै यसबाट उत्पन्न भयेको हो। यो अजन्मा छ, नित्य छ, शाश्वत छ, र सनातन छ। शरीर मरेर जादा पनि यो मर्दैन। मरनु मारनु सबै शरीरमा हुन्छ, आत्मा न

कदापि मर्छ न कोई उसलाई मार्न सक्छ। शस्त्रादिले देह काटता पनि, देहमा स्थित यो आत्मा ज्यो का त्यो वनिरहन्छ। जुन प्रकार घर नष्ट हुदा सो घरमा स्थित आकाश नष्ट हुदैन यस प्रकार देहादिको नाश भये पनि आत्माको नाश हुदैन। यस कारण यमराज भन्दछन्–

"हन्ता चेन्मन्यके हन्तुँ, हतश्चे न्मन्यते।
उभौतो न विजानीतो नायँ हन्ति न हन्यते ॥३

(कठ ०१ ।१।१९)

अज्ञानि मारने वाला सम्झन्छ कि म यसलाई मार्दछु अनि मरने वाला सम्झन्छ म मरे परन्तु ति दुवैले सम्झेको हुदैन किन भने यो आत्मा न कसैलाई मार्दछ, अनि न कोई मर्छ। अतः यो आत्मा–

"अणोरणीयन् महतो महीय नात्मास्य जन्तोर्निहितो गुहायाम्'।

जो सूक्ष्म भन्दा पनि सूक्ष्मतर र जो महाभन्दा पनि महत्तर छ, जो जीवका हृदय गुफामा लुकेको छ, यसलाई उसैले देखन सक्तछ, जो कामनाहरूबाट रहित छ जो कर्मको अथवा असिद्धिमा सम चित्त छ। जो छोरा, सम्पत्ति दारा आदिको उत्पत्ति या विपत्ति (विनाश) मा हर्ष अनि शोक

३ गीता अध्याय २ श्लोक १९-२० मा कति कति शब्दान्तरले यी दुई श्लोक ज्यो का त्यो छन्।

मा प्राप्त हुदैन । जो प्रत्येक अवस्थामा परमात्माको एक अनन्त सत्तामा उपलब्ध गर्दो छदो शान्त र स्थिर रहन्छ । परन्तु जो यस प्रकारको छैन, उसलाई आत्माको दर्शन हुदैन । किन कि यो आत्मा हुदा हुदै पनि टाडासम्म पुग्दछ, सुतेको छता पनि सर्वत्र डुल्दछ, विद्या र धनादि मदले युक्त हुदा हुदै पनि मद रहित छ । यसलाई म भन्दा अर्को कसले जान्न सक्तछ–

"अशरीरं शरीरेष्व न वस्थेष्वेव वस्थितम् ।
महान्तं विभुमात्मानं मत्वा धीरो न शोचति ॥
(कठ० १ १।२२)

यो समस्त शरीरमा रहदा रहदै पनि शरीर रहित छ, समस्त अस्थिर पदार्थमा व्याप्त हुदा पनि सदास्थिर छ, यस नित्य र महान् विभू आत्मालाई जो धीर पुरूष ले जान्दछ, त्यहि नै शोकबाट तर्दछ । यो एक नै आत्मा सबै तर्कबाट र सबैमा व्यापक हुदा हुदै पनि–

"नायमात्मा प्रवचनेन लभ्यो, नमेधयाव वहुना श्रुतेनं,,[४]

न त यो वेदका प्रवचनले प्राप्त हुन्छ, न विशाल बुद्धिले मिल्दछ, न केवल जन्मभर शास्त्रहरू सुनेर वा पढेर नै मिल्दछ, यो ता मिल्छ उसैलाई मिल्छ जो ईश्वरलाई पाउनका लागि परम व्याकुल होईरहन्छ र प्राप्त हुन्छ, उसैलाई–

४ गीता अध्याय ११।५३ श्लोकमा प्राय यस्तै वचन छन् ।

,'यमेवैष वृणते तेनलभ्य स्तस्यैष आत्मा विवृणते तनूँ स्वाय् ।
(कठ ०१।१।३२)

जसलाई यो शवप्रकाश आत्मा स्वयं स्वीकार गर्दछ र जसका नजिक आफ्नु यथार्थ स्वरूप प्रकट गरि दिन्छ । "सोई जानई जेहि देहु जनाई, जानत तुम्हहि तुम्हई होइजाई,,

जव तक परमात्मालाई पाउनाका लागि हृदयमा व्याकुलता र अधीरता उत्पन्न हुदैन, जवतक साधक निष्काम साधनले सम्पन्न हुदैन जवतक परमात्माका नित्य स्वरूपको साथ उसका मनको सर्वथा संयोग हुदैन, तव तक सारा कुराहरू र सारा क्रियाहरू शुष्कर व्यर्थ हुन्छन् । यस्ता पुरूषको ज्ञान केवल मौखिक र लोक रञ्जक मात्र हुन्छ । उसबाट केहि लाभ हुदैन । जो पाप कर्ममा लागेको छ, जो दम, शम, तथा चित्तवृत्तिहरूलाई रोक्ने उपायवाट रहित छ, जसको मन अशान्त छ, उसलाई केवल पण्डित्य मा वाहुल्यता र तर्कहरूका तिखा पनले आत्म साक्षात्कार हुन सक्तैन । जो शम, दमादि गुणले युक्त छ, जो शुद्ध संयत र समहित चित्तवाला छ, जो इन्द्रिय लालसाहरू देखि अलग छ, र जसले श्रवण मनन, तथा निदिध्यासन द्वारा अभेद रूप प्रज्ञान प्राप्त गरेको छ, उहि भक्त उस प्रज्ञान द्वारा यस आत्मालाई प्राप्त गर्दछ–

"प्रज्ञानेनैनमाप्नुयात्" । जो साधन सम्पन्न छैनन्, उनीहरूलाई आत्म ज्ञानको प्राप्ति हुन सक्तैन, यस कुरालाई वताउनका लागि यमराजले फेरि भन्नु भयो कि हे नचिकेता ! अर्काको त कुरै के छ, जो ब्राह्मण र क्षत्रिय समस्त धर्मका रक्षक र प्राण स्वरूप छन् जो यति श्रेष्ठ छन, उनीहरू पनि उस परमात्माको अन्न वन्दछन् । सवैलाई संहार गर्ने वाला मृत्यु पनि जुन परमात्माका भोजनको उपसेचन अर्थात् साग, पात, वन्न जान्छन् । यस्ता उस महा महिमान्वित परमात्मालाई संसारका भोगमा आशक्त र साधन रहित मनुष्य कसरि जान्न सक्तछन् कि त्यो यस प्रकारको छ, हो ।

आत्मा परमात्माको निर्णय गरेर यमराजले शिष्यहरूलाई कर्मले अग्नि विद्या र ज्ञानले ब्रह्मविद्याको प्राप्ति वताउनका लागि भन्नु भयो, जो यजमानलाई दुःख सागर देखि पारगर्नका लागि पुलका समान छ, यहि नचिकेत अग्नि हुन् र जो संसार सागर देखि पार हुन चाहने वालाका लागि परम आश्रय स्वरूप छ, यो अक्षर नै परब्रह्म हो । कर्मद्वारा अपर ब्रह्मलाई र ज्ञानद्वारा परब्रह्मलाई जान्नु पर्दछ । जीवका मुक्तिका लागि जति पनि वाटा छन्,

उनी सबैमा ज्ञान प्रधान छ। तदन्तर यमराजले आत्माको रथी रूपले वर्णन गर्दा छदा भने–

"आत्मानं रथिन विद्धि शरीरं रथमेवतु।
बुद्धि तु सारथिं विद्धि मनः प्रग्रहमेव च॥
इन्द्रियाणी हयानाहुर्विषयां स्तेषु गोचरान्।
आत्मेन्द्रिय मनोयुक्तं भोक्तेत्याहु र्मनीषिणः॥

(कठ ०१।१।३४)

शरीर रथ हो, आत्मा रथका स्वामी रथी हुन्, बुद्धि सारथि हुन् र मन लगाम हो, यस्तो सम्झिनु। श्रोत्रादि ईन्द्रियहरू घोडा हुन्, शब्द स्पर्शादि विषय नै इनीहरूको दौडने मैदान हो, र शरीर इन्द्रिय तथा मनले युक्त आत्मालाई भोक्ता भन्दछन्।

घोडा द्वारा नै रथ चल्दछ, परन्तु उस रथलाई चाहे जून तर्फ लानु छ, लगाम समात्ने बुद्धिमान सारथिको काम हो, इन्द्रिय रूपी बलवान् र प्रमथन कारि घोडा विषय रूपी मैदानमा मनमानि दौडन चाहान्छ। परन्तु यदि बुद्धि रूपी सारथी र मनरूपी लगामलाई जोड संग खिचेर उसलाई आफ्ना वसमा राख्दछ, त घोडाको तागत छैन कि उनी मन रूपी लगामका साहारा विना नै जून तर्फ कुद्न दौडन लागुन्। यो सबैलाई थाहा छ, इन्द्रियहरू वास्त-

बमा विषयको ग्रहण तब नै गर्न सक्छन्, जब मन उनका साथमा छ । घोडा उसै तर्फ दोडनछन्, जून तर्फ लगामको साहारा हुन्छ, परन्तु यस लगामलाई ठीक राख्न सारथीको वलबुद्धि र मार्गमा जान नै निर्भर गर्दछ । यदि बुद्धिरूप सारथी विवेकपूर्ण स्वामीको आज्ञाकारि लक्ष्य पर सदा स्थिर वलवान् अनि इन्द्रिय रूपी घोडाको सञ्चालन क्रियामा निपुर्ण हुदैन, त, इन्द्रिय रूपी दुष्ट गोडा उनका वसमा नरहेर लगामलाई आफना वसमा गरिलिन्छन्, र परिणाममा घोडा र रथलाई रथी र सारथी समेत चाहे जस्ता नराम्रा स्थानमा लगेर पल्टाई दिन्छन् । परन्तु-

"यस्तु विज्ञानवान भवति युक्तेन मनसा सदा ।
तस्येन्द्रियाणि वश्यानि सदश्वा इव सारथेः।।

जसका बुद्धिमा विवेक हुन्छ, जसको मन एकाग्र र समाहित छ, उसका इन्द्रियहरू राम्रा घोडा झैं बुद्धि रूप सारथीका वसमा रहन्छ । जसको मन निग्रह रहित छ, जो अविवेकि छ, अनि जो सदा अपवित्र छ, यस्तो रथ कदापि आफ्नु लक्ष्य परम पद ब्रह्ममा प्राप्ति हुन सक्तैन । उसलाई वारवार कष्टमय जन्म मरण रूप संसारमा नै भड्कि रहनु पर्दछ । परन्तु-

"यस्तु विज्ञानवान् भवति, समनस्क, सदाशुचि सतुतत्

पदमाप्नोति यस्मात् भुयो न जायते ।

(कठ ०१'१'८)

जो विवेकि छ, जसको मन निगृहित छ, जो सदा पवित्र रहन्छ, त्यसले यस्तो परम पदलाई पाउँछ, जाँहाबाट वापस भयेर अवों जन्म लिनु पर्दैन । जसको बुद्धिरूप सारथी विवेकी छ, जसको मनरूप लगान स्थिर छ, जसका इन्द्रिय रूपी घोडाका लगामका साथै विवेकमयी बुद्धिका वसमा छन्, त्यो यसै रथका सहायताले संसारका उसपार आफ्ना लक्ष्य स्थानमा विना परिश्रम नै जान सक्तछ, त्यहि–"तद्विष्णो परमं पदम् । त्यो नै विष्णुको परम पद हो । यमराजले फेरि भन्नु भयो कि इन्द्रियहरू भन्दा उनको विषय श्रेष्ट छ, महत भन्दा अव्यक्त श्रेष्ट छ । र अव्यक्त भन्दा पुरूष श्रेष्ट छ, दस या पुरूष भन्दा पर अनि केहि छैन । "साकाष्ठा सापरागति, । यहि चरम सीमा हो, यहि परं गति हो परन्तु यह केव "दृश्यते त्वग्रया बुद्धया, सूक्ष्म या सूक्ष्म दर्शीभिः, । सूक्ष्म दर्शीहरू द्वारा सूक्ष्म वस्तुको निरूपणमा निपुण एवग्रता युक्त बुद्धिले नै देखन सकिन्छ । अतएव "उतिष्ठत जाग्रत प्राप्य वरा न्निवोधत, । उठ जाग अनि महापुरूषका पास गयेर यनलाई जान । बुद्धिमान जन यस मार्गलाई तरवारका धारमा हिड्नु वरावर सान्दछन्–

"क्षुरस्य धारा निशिता दुरत्यना, दुर्गं पथस्तत्कवयो वदन्ति ।

इन्द्रियहरू बहिर्मूख छन्, यसैले तिनीहरू केवल वाहिरको वस्तुलाई देखनछन् अन्तरात्मालाई देख्तैनन् । कोहि विवेक सम्पन्न पुरूष नै अमृतत्वको शुभ इच्छाले, इनी इन्द्रियहरूलाई अन्तर मुखी बनायेर अन्तरात्मालाई देखन पाउदछन् । अज्ञानि जन बाह्य विषयका तर्फ नै दौडिन्छन् र यसैभाट तिनोहरू सर्वत्र ब्याप्त मृत्युका फन्दामा फस्न जान्छन् । परन्तु ज्ञानि पुरूष उस अमृतत्वलाई जानेर, इनी अनित्य पदार्थ देखि नित्य वस्तुको प्रार्थना गर्दैनन् ।

जो याँहाँ (कार्यमा) छ, त्यही वाहाँ (कारणमा) छ । परन्तु उपाधिका सम्बन्ध र भेद ज्ञानको कारण अविद्याका प्रभावले उस अभिन्न स्वरूप ब्रह्मलाई नाना रूपमा देखतछ- "मृत्योः स मृत्यमाप्नोति, । त्यो वारवार मृत्यु लाई (जन्म मरणलाई) नै प्राप्त गर्दछ । यो ज्ञानको प्राप्ति केवल विचारले नै हुन सक्तछ, यहाँ किञ्चित पनि भेद छैन । जसलाई यहाँ भेद देखतछ, उसैलाई वार वार मृत्युको शरण लिनु पर्दछ । जस्तै शुद्ध जलमा शुद्ध जल मिसाई यो भने दुवै मिलेर एक रस तन्मय हुन जान्छ । यसै प्रकार आत्मदर्शी पुरूषको आत्मा परमात्मा संग मिलेर ब्रह्म रूप परमात्मा वनि जान्छ ।

यमराजले अगाडि गयेर फेरि भने– हे नचिकेता ! म प्रशन्न भयेर तिमीलाई यो अत्यन्त गोपनीय सनातन ब्रह्म तत्व भनि रहेको छु । मृत्यु पछि जीव के हुन्छ, सो तिमी सुन । जसको जस्तो कर्म र जस्तो वासना हुन्छ, जस्को जस्तो ज्ञान हुन्छ, उसकै अनुसार कोई ता मृत्यु पछि माताका गर्भमा जान्छन् र कोई मृत्युका पश्चात्, वृक्ष्य, पाषाणादि स्थावर योनि मा पुग्दछन् । जब समस्त प्राणी निद्राग्रस्त हुन्छन्, तब जो एक निर्गुण ज्योतिमय ब्रह्म सुप्रकाशीत रूपद्वारा जागृत र हर सतस्त विषयहरूलाई प्रकाशित गर्दछन्, त्यहि शुद्ध हो, त्यहि ब्रह्म हो, उसैका नाम अमृत हो, उसका शिवाय अरू कोइ लुकेको ब्रह्म छैन । पृथ्वी आदि सबै बस्तु उसैमा अवस्थित छन् उस परमात्माको अतिक्रमण कोइ पनि गर्न सक्तैन ।

"अग्निर्यथैको भुवनं प्रविष्टो रूपं रूप प्रतिरूपो वभूव।
एक स्तथा सर्व भूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बहिश्च ॥
वायुर्यथैको भुवनं प्रविष्टो रूप रूप प्रति रूपो वभूव।
एक स्तथा सर्वभूतान्तरात्मा, रूपं रूपं प्रति रूपो वहिश्च ॥"

(कठ ०२।१।१३)

अग्नि एक नै छन्, परन्तु जस्तै सम्पूर्ण भुवनमा प्रवेश गरेपछि उनै भिन्न भिन्न वस्तुहरूमा भिन्न भिन्न

रूपले देखाई दिन्छन् । यस प्रकार समस्त प्राणीहरूमा रहने वाला आत्मा एक नै छ, परन्तु सबैमा भिन्न भिन्न रूपमा देखिन्छ । आकाशका झैं निर्विकार हुनका कारण वाहिर पनि उहि रहन्छ । जस्तै एक नै वायुलोकमा प्रवेश गरेर भिन्न भिन्न रूपमा देखिन्छ, यसै प्रकार सब प्राणीहरूमा व्यापक एक नै आत्मा भिन्न भिन्न रूपमा देखिन्छ, तथा वाहिर पनि रहन्छ । अग्नि र वायुका दृष्टान्तमा केवल यहि अन्तर छ, कि अग्नि ता प्रकाश स्वरूप भयेर लोकमा प्रवेश गर्दछ; वायु प्राण स्वरूप भयेर प्रत्येक देहमा प्रवेश गर्दछ ।

"सूर्यो यथा सर्वलोकस्य चक्षु र्नलिप्यते चाक्षुषै र्बाह्य दोषैः ।
एकस्तथा सर्व भूतान्तरात्मा न लिप्यते लोक दुःखेन बाह्यः ॥

(कठ ०।११।११)

जस्तै एक नै सूर्य सर्व लोकको आँखा हो, राम्रा न राम्रो सबै वस्तुहरूको प्रकाश सूर्यबाट नै हुन्छ, तथापि त्यो वाह्य दोषहरूवाट लिप्त हुदैन । यसै प्रकार त्यो आत्मा सर्वव्यापी हुदा हुदै पनि जगतका दुःखले लिप्त हुदैन, उनी हरू देखि वहिर रहन्छ ।

समस्त प्राणीहरूका भित्र शक्ति रूपले रहने वाला त्यो आत्मा एक नै हो, त्यहि सबैको नियन्ता हो । त्यो एक

नै अनेक रूपमा देखाई दिन्छ । जो धीर पुरूष यस प्रकार आत्मालाई जान्दछन् । त्यसलाई नै– "तेषां सुखं शाश्वतं नेतरेषाम्,॥ नित्यसुख प्राप्त हुन्छ, अर्कालाई हुदैन ।

"नित्यो नित्यानां चेतन श्चेनाना, मेको वहुनां यो विदधाति कामान्।
तमात्मस्थं योऽनु पश्यन्तिधीरा, स्तेषां शान्तिः शाश्व तिनेतरेषाम्॥

(कठ ०।१।१।१३)

ज्यो नित्यको पनि नित्य छ, जो चेतनको पनि चेतन छ, जो एक नै अनेकका कामना हरूको पूर्ण गर्दछ, उस शरीरस्थ आत्माको जसलाई अनुभव हुन्छ, तिनीहरू नै नित्य शान्तिलाई प्राप्त गर्दछन्, अर्कालें गर्दैन । जसलाई सूर्यले प्रकाश गर्न शक्तैन, जसलाई चन्द्रमा र तारा गणले प्रकाश गर्दैनन्, विजुलि जसलाई प्रकाशित गर्न शक्तैन, उसलाई विचरा अग्नि त के प्रकाशित गरून् । जसका प्रकाशले नै सवको प्रकाश हुन्छ, उसै परिपूर्ण प्रकाशका दिव्य ज्योतिले समस्त विश्व प्रकाशित भई राखेको छ ।

यस दृश्यमान संसारका समस्त पदार्थ उस परब्रह्म वाट निष्केर उसैका सन्तानले सदा, काम्दा छंदां आ-आफ्ना काममा लागि रहन्छन् किन भने त्यो उठेका वज्रका तुल्य महा भयङ्कर छ ।–

"भयादस्याग्निस्तपति भया त्तपति सूर्य ।
भयादिन्द्रश्छ वायुश्च मृत्युधावति पञ्चम:।।
(कठ ०२।३।३)

अग्नि यस परमात्माका भयले तप्त छन्, सूर्य यसका भयले तप्त छन् तथा इन्द्र, वायु र पञ्चम मृत्यु यसका भयले दौडन्छन् ।

जो पुरूष यस शरीरशो नाश हुनु भन्दा पैलि नै उस आत्मालाई जानि हाल्दछ, त्यहि नै मुक्त हुन्छ, न भएता– "सर्गेषु लोकेषु शरीर त्वाय कल्पते, ।

यस जन्म मरण शील लोकमा उसले पुनः जन्म ग्रहण गर्नु पर्दछ । जव मनुष्यका सारा कामनाहरू नष्ट हुन जान्छन् र जव मन सव प्रकारका मलिनतालाई त्यागेर अत्यन्त विशुद्ध वन्दछ, जव अन्तकरणका समस्त कामनाहरू सम्पूर्ण रूपले नष्ट हुन जान्छन् तव यो–

"अथ मर्त्योऽमृतो भवत्यत्र, ब्रह्म समश्नुते, । (कठ ०२.३:१४)
मरणशील मनुष्य अमृत वनेर यहि नै ब्रह्मलाई प्राप्त गरेर ब्रह्मानन्दमा मग्न हुन जान्छ । यस अवसरमा उसका हृदयका (म र मेरो) समस्त ग्रन्थीहरू टुटी जान्छन् अनि त्यों अमृत वनिजान्छ । वस–"एतावदनु शासनम्, । यहि शास्त्रको उपदेश हो, यस देखि पर अरू केहि पनि छैन ।

(कठोपनिषद्का आधारबाट)

'३'

॥ आपद्धर्म ॥

एक समय कुरू देशमा असिनाको ठूलो वर्षाले फल्दै गरेका अन्नवालिको नाश हुनाले भयङ्कर अनि काल परो। अनिकाल देखि पिडित नर, नारी, अन्नका अभावले देश छाडेर हिड्न थाले, लागे। यसै अवस्थामा चक्र ऋषिका छोरा उषस्तिले पनि आफ्नी अप्राप्त यौवना पत्नी आटिकी लाई साथमा लिएर देश छाडि दिए र घुम्दै घुम्दै दुवै जना एक महावत (माउते) हरूका गाउँमा पुगे। भोकले सताएका उषस्ति त्यस समयमा मरणा शन्न दशामा प्राप्त भयेका थिये। उनिले एक महावतलाई उसिनेका गहतका दाना खादै गरेको देखेर उसका छेउमा गयेर केहि गहत खान देउँ भने। महावतले भने 'यो वर्तनमा राखेको जो गहत खादै छु जुठा गहत भन्दा अरू म संग छैनन् अनि म तिमी लाई कसरी दिउँ। महावतको कुरा सुनेर 'उषस्तिले भने मलाई इनै मध्येबाट केई देउँ। तव महावतले उनै मध्येबाट थोरै गहत उषस्तिलाई दिये' र पानी सामन्ने राखेर भने कि लाउँ गहन खायेर पानी पेउ। यसतैमा उषस्तिले भने–भाई मैले यो पानी पये भनेत मलाई अर्काको जुठो खायेको दोष लाग्ने छ। महावतले आश्चर्य संग सोध– के त तिमीले जो

गहृत म बाट लियौं ति जूठा थियेनन् फेरि जूठा पानीमा के दोष छ ।

उषस्तिले उत्तर दिये- भाई! यदि म यी गहृत खान्न थे त मेरो प्राण रहने थियेन (प्राण संकटमा आपद्धर्म सम्झेर नै म गहृत खादैं छु) अब पानी ता मेरा इच्छानुसार मलाई अर्का ठाउँमा पनि मिली जान्छ । यदि गहृत झै म तिम्रो जूठो पानी पिउ त त्यो स्वच्छ.चार नै हुने छ । आपद्धर्म हुने छैन । यस कारण म तिमीले दियेको पानी पिउँदिन । यति भनेर उषस्तिले केई गहृत खायेर शेष गहृत आपनी पत्नी लाई दिये । ब्राह्मणीलाई पे.ल नै केई खानलाई मिली सकेको थियो, यस कारण पतिले दियेका जूठा गहृत उनीले खाइनन् आफ्ना पासमा राखिन् ।

अर्का दिन प्रातः काल उषस्तिले प्रातः नित्य कर्म गरि सकेपछि आपनो पत्नीलाई भने- "के गरूँ मलाई थोरै पनि अन्न काहि बाट खानलाई मिले देखित म आफ्नु निर्वाह हुने लायक केई धन प्राप्त गर्न सक्ने थिये । यहाँ देखि केहि नजिक नै एक राजा यज्ञ गर्दै छन्, ति राजाले ऋत्विकका काममा मलाई पनि वरण गर्ने थिये ।

यो सुनेर स्त्रीले भनिन् 'म संग हिजी बकेका केहि गहृत छन् लिनुहवस् यसलाई खायेर यज्ञमा छिटै जानु

हुवम् । भोकले पराजित भयेका उषस्तिले गहत खाये, अनि ठीक भयेर राजाका यज्ञमा गये । वहाँ गयेर उषस्ति प्रस्तावमा (स्तुतिका स्थान) स्तुति गर्नेवाला उदगाताहरूका छेउमा बसे। अनि स्तुसि गर्ने वाला उद्गाताहरूको गल्ती देखेर भने 'हे प्रस्तोता ! तपाईहरू जुन देवताको स्तुति गर्दै हुनु हुन्छ, उनी देवता कुन हुन् यदि तपाईहरूले अधिष्ठतालाई न जानीकन स्तुति गर्नु भयो, भने त याद राख्नु होस तपाई हरूको मस्तक (टाउको) तल खस्ने छ । यस प्रकार उग्दातालाई भने कि "हेउग्दीथका स्तुति गर्ने वाला! यदि तपाई हरू उद्गीथ भागका देवतालाई न जानिकन उनीहरूको उद्गान गऱ्यौ भने ता तपाईहरूको मस्तक (टाउको) तल खस्ने छ । तदनन्तर उषस्ति प्रतिहारको गान गर्ने पटि पनि फर्केर भने कि 'हे प्रतिहारको गान गर्ने प्रतिहर्ता ! यदि तपाईहरू पनि देवतालाई न जानि प्रतिहार गर्नु हुन्छ भने ता तपाईहरूको पनि मस्तक (टाउको) तल खस्ने छ । यो सुनेर 'स्तोता, उद्गाता, र प्रतिहर्ता, आदि सबै ऋत्विक गण मस्तक खस्ने डरले भा आफना कामलाई छाडेर चुप लागेर वसे ।

राजाले आफना ऋत्विकहरूको यो दशा देखेर भने कि "हे भगवान् ! तपाईको हुनु भयो म हजूरको परिचय

जान्न चाहान्छु । उषस्तिले भने हे राजन् ! म चक्रको छोरा उषस्ति हुँ । राजाले भने अहो ! भगवन् ! उषस्ति तपाई नै हुनु हुन्छ ! मैले तपाईका धेरै गुण सुनेका छु । यस कारण मैले ऋत्विज्का कामका लागि तपाईको खुप खोज गरेथे, परन्तु तपाईलाई नपायेर मैले अरू ऋत्विज लगाउनु पऱ्यो । अब मेरा सौभाग्यले तपाई पाल्नु भयो त, हे भगवन् ! ऋत्विकज् सम्बन्गि सबै काम तपाई नै गर्नका लागि कृपा गर्नु हवस् ।

उषस्तिले भनें "वहुत राम्रो,, परन्तु इनी ऋत्विज्हरूलाई न हटाउनु होला, मेरा आज्ञानुसार यि ऋत्विज गण आ-आफ्नु काम गरून् र दक्षिणा पनि जो इनीहरूलाई दिइन्छ, उति नै मलाई पनि दिनु । न त म इनीहरूलाई निकाल्न चाहान्छु न दक्षिणामा अधिक धन लियेर इयीहरूको अपमान गर्न चाहान्छु । मेरा देख रेखमा यी सबै काम गर्दै रहन्छन् । तदनन्तर 'प्रस्तोता, उद्गाता, आदि समस्त ऋत्विजहरूले उषस्तिका छेउमा गयेर विनय पूर्वक उषस्तिलाई सोधि सोधिकन सब कुरा जाने बुझ गरे । अनि उषस्तिले उनी सबैलाई सम्झायेर उनीहरूद्वार राजाको यज्ञ भलि भाति पूर्ण गराई दिये ।

(छन्दोग्य उपनिषद्का आधारमा)

'४'

||गाडी वालाको ज्ञान||

प्रसिद्ध जन श्रुत राजाका पुत्रका नाति जानश्रुति नामक एक राजा थिये । उ वहुत नै श्रद्धाका साथ आदर पूर्वक योग्य पात्रहरूलाई वहुत दान दिने गर्दथे । अतिथि हरूका लागि उनका गरमा प्रतिदिन वहुत भोजन वनाउने गर्दथे । उ राजा वहुत दक्षिणा दिने वाला थिये । उ चाहन्थे कि प्रत्येक गाउँ र शहरमा रहने वाला साधु व्राह्मण आदि सवै मेरो नै अन्न खाउन् यस कारण उनीले जहाँ ताहाँ सर्वत्र यस्ता धर्म स्थान, अन्न सत्र या छात्रवास खोलि राखेका थिये । जाहा अतिथिहरू आदि वस्ने र खाना गराउने सुप्रवन्ध थियो ।

राजाका अन्नदानले सन्तुष्ट भएका ऋषि र देवता हरूले राजालाई सचेत गरेर उसलाई व्रह्मानन्दको सुख प्राप्त गराउनका लागि हाँसहरूका रूप धारण गरेर राजालाई देखाउन (ज्ञान गराउन) सकियोस भनि यस समयमा उड्दा छदा राजाका महलका छाना (छतमा) पुगे । तव छतमा वसेर पछिल्ला हाँसले पैलिका हाँससंग भने "भाई! भल्लाक्ष यस जन श्रुतका पुत्रका नाति जान श्रुतिको तेज दिनको प्रकाश जस्तो सर्वत्र फैलि राखेको छ । इनलाई स्पर्श न

गर्नु कोई स्पर्श गर्ला त यो तेज ले भस्म गर्दछ, यो सुनेर पैला हाँस ले भने –

भाई ! तिमी वयल गाडी वाला रैक्व लाई जान्दै नौ, यस कारणले तिमी उस रैक्व भन्दा यस कौतेज वहुत कम हुदा पनि उसको (रैक्कको) जस्तो प्रशंसा गरेका छौ । पछिल्ला हाँसले भने त्यो गाडी वाला रैक्क को हो, र कस्तो हो, त्यो भनत । पैला हाँसले भन्यो; भाई ! त्यस रैक्कका महिमा को के वखान गर्नु र जस्तै– जुवा खेल्नेका पासाका तलका तिनै भाग उसका अन्तरगत हुन्छन् । यानी जुवाडीका पासा पर्दछन् तव त्यो तिनैलाई जित्छन् । यसै प्रकार प्रजा जो कोई शुभ कर्म या कार्य गर्दछन् ति सबै शुभकर्म र उनको फल रैक्कको शुभकर्मका अन्तरगत छन् । अर्थात् प्रजाका समस्त शुभकर्म क्रियाहरूको फल उसलाई मिल्दछ । त्यो रैक्क जुन जान्न योग्य वस्तुलाई जान्दछ, त्यस वस्तुलाई जो जान्दछ, उसलाई पनि रैक्कका समान नै सबै प्राणीहरू का शुभकर्मको फल प्राप्त हुन्छ । म उनै विद्वान रैक्कका लागि नै यस्तो भनि राखेको हुँ ।

महलमा सुतेका राजा जान श्रुतिले हाँसहरूका कुरा सुनेर रातभरि उनै कुरालाई स्मरण गर्दा गर्दै विउजि रहे ।

प्रातः कालमा वन्दिजनको स्तुति सुनेर राजा विछयाउना बाट उठेर वन्दी जनलाई भने कि हे वत्स ! तिमीहरू गाडी वाला रैक्कका पास गयेर उनीलाई भन्नु कि "म (राजा) तपाई संग मिल्न चाहानु हुन्छ। भाटले भने हे राजन् ! त्यो गाडीवाला रैक्क कुन हो, कस्तो छ । राजाले जो कुरा हाँसहरूबाट सुनेका थिये, सो कुरा उनीलाई सुनाये । राजा का आज्ञानुसार भाटहरूले धेरै नगर र गाउँहरूमा रैक्कलाई खोजे, खोज गरे । परन्तु काहि पत्ता लागेन । तव फर्केर भाटहरूले राजासंग भने कि हामीहरूद्वारा रैक्कको काहि पत्तो लागेन । राजाले विचार गरे कि, इनी भाटहरूले रैक्क लाई नगर र गाउँमा मात्र खोजे । भला ब्रह्म ज्ञानि भक्त पुरुष विषयी पुरूषहरूका विचमा कसरि रहन्छन् । अनि उनलाई भने कि अरे ! जाओ ब्रह्म वेत्ता पुरूषहरूको रहने ठाउँमा (अरण्य, नदीतट, आदि एकान्त स्थानमा) उन-लाई खोज ।

राजाका आज्ञानुसार भाट फेरि गये र खोज्दै खोज्दै कुनै एक एकान्त निर्जन प्रदेशमा गाडीका मुनि बसे का शरीर कनाउदै गर्ने एक पुरूषलाई देखे । वन्दीहरू उनका छेउमा गयेर विनय पूर्वक सोध्न लागे, हे प्रभो ! गाडी

Acc. 22403
22403

वाला रैक्क तपाई नै हुनु हुन्छ । मुनिले भने हँ म नै हुँ । रैक्कको पत्ता लागेपछि भाटहरूलाई वडो हर्ष भयो, र तुरून्त राजाका छेउ गयेर भन्न लागे कि, हामीले अमुक स्थानमा रैक्कको पत्ता लगायौ ।

तदनन्तर राजा–छ सय गाई सुनको कण्ठहार र खचर हरूले जोतेको एक रथ आदि लितेर रैक्कका पास गये, अनि वाहाँ पुगेर हात जोड्दै रैक्क संग भनें, "भगवन् ! यी छ सय गाईहरू एक सुनको हार अनि यो खचरहरूले जोतेको रथ यी सवै मैले तपाईका लागि ल्यायेको छुँ । कृपा गरेर तपाई यी सामाग्री स्वीकार गरि दिनु हवस् र तपाई जुन देवताको उपासना गर्नु हुन्छ, उस देवताको मलाई उपदेश गर्नु हवस् ।

राजाका कुरा सुनेर रैक्कले भनें "अरे शूद्र ![५] यी गाई, हार, रथ, तिमी आफ्नै साथमा राख । यो सुनेर राजा घर (महल्) फर्केर आये, अनि विचार गर्न लागे कि 'मलाई मुनिले शूद्र किन भन्नु भयो । यात म हाँसहरूका कुरा सुनेर शोका तुर थिये, यस कारण शूद्र भनेको होला !' अथवा थोथै धन दियेर उत्तम विद्या लिनलाई अनुचित प्रयत्न शोचेर पनि मुनिले मलाई शूद्र भन्न सक्तु हुन्छ । परन्तु ज्ञान विना

५. शोकले विकल भयेका कारण राजालाई मुनिले शूद्र भन्नु भयो होला ।

त मेरो शोक दूर हुदैंन, अत एव मुनिलाई प्रशन्न गर्नका लागि मैले फेरि वाहाँ जानु पर्दछ। यो विचार गरेर राजा अवका पाली एक हज्जार गाई एक सुनको कण्ठहा, खच्चर हरूले जोतेको एक रथ र आफ्नी छोरीलाइ लियेर, फेरि मुनिका पास गये, अनि हात जोडेर भन्न लागे "हे भगवन्! यो सबै मैले तपाइका लागि ल्यायेको हुं, यीनीहरूलाइ तपाइ स्वीकार गर्नु हवस्, अनि धर्म पत्नीका रूपमा मेरी यो छोरी लाइ र जाहा रहनु हुन्छ, यस गउलाइ पनि ग्रहण गर्नु हवस् तदन्तर तपाइ जुन देवताको उपासना गर्नु हुन्छ उस देवता को मलाई उपदेश गर्नु हवस्।

राजाका कुरा सुनेर र कन्याको करूणा भरि स्थिति देखेर मुनिले राजालाई आश्वासन दिनु भयो, र भन्नु भयो कि हे शूद्र! तैंले फेरि यीनै सबै वस्तु मेरा लागि ल्याइस्! के यीनीले ब्रह्मज्ञान खरिद गर्न सकिन्छ? राजा चूप लागेर वसे। केहि वेर पछि मुनिले राजालाइ धनका अभिमानबाट रहित भयेको जानेर ब्रह्म विद्याको उपदेश गरे। मुनि रैक्क जहाँ रहन्थे, उस पुण्य देशको नाम रैक्कपर्ण भयो।

(छान्दोग्य उपनीषद् का आधारमा)

'५'

॥ गोसेवाबाट ब्रह्मज्ञान ॥

जवाला नामकी एक सदा चारिणी ब्राह्मणी थिइन् । उनका सत्यकाम नाम गरेका छोरा थिये । जव सत्यकाम विद्याध्ययन गर्न योग्य भये तव एक दिन, उनले गुरुकुल जानेका लागि आफ्नी आमासंग सोधे हे पूजनीय माता ! म ब्रह्मचर्य पालन गर्दो छदो गुरूका सेवामा रहन चाहान्छु, गुरू मलाई नाम र गोत्र सोध्नु हुने छ, म आफ्नु नाम त जान्दछु, परन्तु गोत्र जान्दिन, अत एव मेरो गोत्र के हो, सो भन्नु हवस् ।

जवालाले भनिन् -छोरा ! त के गोत्रको होस्, यस कुशलाई म जान्दिन । मेरा जवान् अवस्थामा जव तिमी जन्मेका थियौ, तव मेरा स्वमीका घरमा धेरै अतिथिहरू आउने गर्दथे । मेरो सदा समय उनीहरूका सेवामा जान्थ्यो । यस कारण मलाई तेरा पितासंग गोत्र सोध्ने मौका मिलेन अत एव मैले गोत्र जानिन । मेरो नाम जवाला हो र तेरो नाम सत्यकाम । बस म येति नै जान्दछु । तलाई आचार्यले सोध्नु भयो भने भनिदिनु कि जवालाको छोरो सत्यकाम हुँ ।

आमाको आज्ञा लियेर सत्यकाम महर्षि हरि द्रुमका पुत्र गौतम ऋषिका घर गयेर प्रार्थना गर्दै भने की 'हे भगवन् ! म ब्रह्मचर्यको पालन गर्दो छदो तपाई नजिक रहेर सेवा गर्न चाहान्छु । मलाई स्वीकार गर्नु हवस् । गुरूले

ठुला प्रेमले सोध्नु भयो– "हे सौम्य ! तिम्रो गोत्र के हो । यो कुरा त म जान्दिन । मैले याहाँ आउने वेलामा माता लाई सोधेथे, तब माताले भन्नु भयो कि 'म युवावस्थामा अनेक अतिथिहरूको सेवामा लागी रहनु पर्नाले स्वामीसंग गोत्र सोध्न सकिन । युवा वस्थामा जब तेरो जन्म भयो उसै बेला तेरा पिताको मृत्यो भयो । यस कारण शोक र दुःखले पीडीत हुनाका कारण अर्कासंग पनि तेरो गोत्र सोध्न सकिन । केवल म यति नै जान्छु कि, मेरो नाम जवाला हो र तेरो नाम सत्यकाम हो । अतएव 'हे भगवन् ! म जवा-लाको पुत्र सत्यकाम हुं ।

सत्यवादी सरल हृदय सत्यकामको सिधा सच्चा कुरा सुनेर ऋषि गौतम् प्रशन्न भयेर भन्नुभयो, 'वत्स ! ब्राह्मण लाई छोडेर, अर्को कोई पनि यस प्रकार सरल भावले साचो कुरा भन्न सक्तैन– 'नैतद् ब्राह्मणो विवक्तुमर्हति, यस्तो सत्य र कपट रहित वचन वोल्ने वाला तिमी निश्चय ब्राह्मण हौ म तिम्रो उपनयन संस्कार गरौला, जाउ थोरै समिधा लियेर आउं ।

विधिवत संस्कार भएपछि वेदाध्ययन गरायेर, ऋषि गौतम्ले आफ्ना गौशाला मध्येबाट चार सय दुवला, पात-ला, गाईहरू चूनेर अधिकारी शिष्य सत्यकामलाई भन्नु भयो

'पुत्र ! यी गाईहरू चराउन वनमा लैजाउँ । हेर जव सम्म यी गाईको संख्या एक हज्जार पुरा हुदैन, तव सम्म फर्केर न आउनु । "ना सहस्रेणा वर्तयेति,, यसो भने पछि सत्यकाम गाईहरूलाई लियेर जून वनमा खाँन घाँस र पानीको वहुता यित थियो, उसै वनमा गये र वही कुटी वनायेर, वर्षो वर्ष सम्म उनै गाईहरूको तन, मनले खूव सेवा गर्दा छँदा बसे, रहे ।

गुरू भक्तिका कस्ता दृष्टान्त छन् । ब्रह्म ज्ञान प्राप्त गर्न इच्छा बाला शिष्यलाई गाई चराउनलाई गुरूले वन जङ्गलमा पठाई दिनु र चुप चाप आज्ञा शिरोधार्य गरेर वर्षो तक निर्जन वनमा बस्न जानु, यो कुरा ज्ञान पिपाशु गुरू भक्त भारतीय ऋषि कुमारहरूमा नै पाइन्छ । आजको संस्कृति ता यसको विपरित छ । अस्तु ।–

सेवा गर्दा गर्दै गाईहरूको संख्या पुरा एक हज्जार भयो । तव एक दिन एक वृषभले आयेर भने, 'सत्यकाम ! सत्यकामले उत्तर दिये – 'भगवन् ! के अज्ञा छ, वृषमले भने–'वत्स ! हामीहरूको संखया एक हज्जार भई सक्यो, अव हामीहरूलाई गुरूका घरमा लानु हवस् म मितीलाई व्रह्मका एक पाउँको उपदेश गर्दछु । 'सत्यकामले भने 'भन्नु हवस् भगवन् ! यसपछि वृषमले ब्रह्मका एक पाउँको उपदेश दिदै

भने-यसको नाम 'प्रकाशवान्' हो । अर्को पाउको उपदेश तिमीलाई अग्नि देवले गर्नु हुने छ ।

अर्का दिन प्रातः काल सत्यकाम गाईहरूलाई धपाउदै अगाडी वडें । जव सन्ध्याकाल भयेपछि बाटामा छाप्रो वनायेर सत्यकामले गाईहरूलाई वाहाँ रोके, अनि पानी पीलायेर रात्रीमा वास वस्ने व्यवस्था मिलाउदा भये । तदनन्तर वनबाट दाउरा, मुडा, भेलागरेर अग्नि जलाई पूर्वाभिमुखा भयेर वसे । अग्नि देवले तिन पल्ट भने 'सत्यकामा! सत्यकामले उत्तर दिये 'भगवन् ! के आज्ञा छ । अग्निल भने -- 'हे शौम्य ! म तिमीलाई ब्रह्मका दोस्रा पाउको उपदेश गर्दछु । सत्यकामले भने गर्नुहवस् भगवन्! तदनन्तर अग्निले ब्रह्मका दोस्रा पाउको उपदेश गरेर भने यसको नाम "अनन्तवान्,, हो । अर्को उपदेश तिमीलाई हाँसले गर्नेछन् ।

सत्यकाम रात भर उपदेशको मनन गर्दै रहे । प्रातः कालभये पछि गाईहरूलाई हाँकेर अगाडी वडे र वेलुका भये पछि सन्ध्या समयमा सुन्दर जलाशयका किनारमा वसे । गाईहरूका लागि रात्रीको व्यवस्था गरेर आफु चै पागो (धुनि) वालेर पूर्वाभिमुख भयेर वसे । यसै वखत एक हाँस माथिबाट उडदो छदो आयो र सत्यकामका नजिक

वसे र भन्यो, 'सत्यकाम ! सत्यकामले भने 'भगवन् ! के आज्ञा छ । हाँसले भने 'हे सत्यकाम ! म तिमीलाई ब्रह्मका तेस्रा पाउको उपदेश गर्दछु । 'सत्यकामले भने 'भगवान् ! कृपा गरेर उपदेश गर्नु हवस् । तत्पश्चात हाँसले ब्रह्मका तेस्रा पाउको उपदेश गर्दै भने 'यसको नाम ज्योतिष्मान्,, हो । अगाडीको उपदेश तिमीलाई जलकुखुराले गर्ने छन् ।

रातभरि सत्यकाम ब्रह्मका चिन्तनमा लागि रहे, प्रात. काल गाईहरूलाई हाकेर अगाडी वडे, अनि सन्ध्या समय भयेपछि एक वटवृक्षका फेदमा वसे । गाईहरूको उचित ब्यवस्था गरेर सत्यकाम अग्निबालेर पूर्वाभिमुख भयेर वसे । यसंवेला एक जल कुखुराले आयेर भने 'सत्यकाम ! सत्यकामले उत्तर दिये 'भगवन् ! के आज्ञा छ । जलकुखुराले भने – 'वत्स ! म तिमीलाई ब्रह्मका चतुर्थपाउको उपदेश गर्दछु । सत्यकामले भने 'प्रभो ! गर्नु हवस् । तदनन्तर जलकुखुराले 'आयतवान्' रूपले उपदेश गरे ।

यस प्रकार सत्य गुरूसेवा र गौ सेवाका प्रतापले 'वृषभ रूप वायु' 'अग्नि देव, हंस रूप, सूर्य देव, र कुखुरारूप प्राण देवताहरू देखि ब्रह्म ज्ञान प्राप्त गरेर सत्यकाम एक हज्जार गाईहरूको ठूलो समूहलाई लियेर आचार्य गौतमका

घर पुगे । उस वखत सत्यकामको मुखमण्डलमा ब्रह्म तेज चम्कि राखेको थियो,आनन्दका सहस्र –सहस्र किरणउरू झलिकरहेका थिये । गुरूले सत्यकामको चिन्ता रहित तेज पूर्ण दिव्य मुखकान्तिलाई देखेर भन्नु भयो 'वत्स सत्यकाम ! सत्यकामले उत्तर दिये – ,भगवन् ! । गुरूले भन्नु भयो 'हे सौम्य ! तिमी ब्रह्म ज्ञानि झै देखियेका छौ । 'वत्स! तिमी लाइ कसले उपदेश गर्‍यो । सत्यकामले भने – 'भगवन ! मलाई मनुष्येतर द्वारा उपदेश प्राप्त भयेको हो। यसो भनेर रत्यकामले सारा कुरा सुनाइदिये अनि भने 'भगवन् ! मैले सुनेको छु कि –

'भगवद् दृशेव्य आचार्याद्धयेव, विद्याविदिता सधिष्ठम्' ।

हजूर जस्ता आचार्य द्वारा प्राप्त गरेको विद्या नै श्रेष्ठ हुन्छ । अत एव मलाई हजूर नै पूर्ण रूपले उपदेश गर्नु हवस् । गुरू प्रशन्न हुनु भयो, अनि भन्नू भयो – 'वत्स ! तिमीले जो केई प्राप्त गर्‍यौ, यही ब्रह्म तत्व हो। अव तिम्रा लागि केई पनि जान्न शेष वाकि छैन ।

(छान्दोग्य उपनिषदका आधारमा)

'६'

// अग्निद्वारा उपदेश //

कमलका पुत्र उपकोशल सत्यकाम जावालाका घरमा

गयेर उनको शिष्यत्व स्वीकार गरेर रहन लागे। उनले (उपकोशल) पुरा बाह्र वर्ष तक गुरूका अग्निहरूको सेवा गरे। गुरूले आफ्ना अरू शिष्य ब्रह्मचारिहरूको समावर्तन (वेदाध्यायन पूर्ण गराये) गरेर उनीहरूलाई घर जाने आज्ञा दिए। परन्तु उपकोशललाई आज्ञा दियेनन्।

उपकोशलका मनमा केहि विषाद (दु:ख) भयो, यो देखेर गुरू पत्नीका मनमा दया आयो। उनीले स्वामीसंग भनिन् 'यो ब्रह्मचारिले ब्रह्मचर्यका नियमहरूको पालना गरेको छ र श्रद्धा पूर्वक विद्याध्ययन गरेको छ, तथा तपाईका अग्निहरूको भलि भाति सेवा गरेको छ, अत एव यसको समावर्तन गरेर यसको कामना पूर्ण गरि दिनु हवस्। नत्र यी अग्निले तपाईलाई उल्यादिई दिने छन्। सत्यकामल वात सुनेको न सुन्यै गरि दिनु भयो र सत्यकाम केहि न भनि यात्राका लागि घरवाट हिडिदिनु भयो।

उपकोशललाई यो व्यवहारले वहुत दुख भयो। उनी मानसिक व्याधिवाट दु:खि भये र अन्न खान छाडेर अनशन व्रत गर्न लागे। स्नेहमयी गुरू पत्नीले भनिन्, 'हे ब्रह्मचारि! तिमी भोजन गर। के कारणले भोजन खादैनौ उपकोशलले भने 'मेरा मनमा अनेक कामनाहरू छन्, म

अनेक प्रकारका मानसिक दुःखले ग्रस्त छु, अतः म केहि पनि खान सक्तिन । गुरू पत्नी चुप लागिन्— ।

अग्निहरूले विचार गरे कि, यस तपस्वी ब्रह्मचारिले मन लगायेर हाम्रो बहुतै सेवा गरेको छ, अत एव यसका कामनाको हामीहरू पुरा गरिदिउँ । यो विचार गरेर अग्नि हरूलै उपकोशललाई अलग अलग ब्रह्म विद्याको यथो चित उपदेश गरे । उपदेशका अनन्तर सबै अग्निहरूले मिलेर उसलाई भने, 'हे सौम्य ! उपकोशल! हामीहरूले तिमीलाई 'अग्नि तथा आत्माकौ यथार्थ उपदेश दियौ, अब तिम्रा आचार्य आयेर तिमीलाई यस विद्याको फलको उपदेश दिनु हुने छ ।

केहि दिनपछि गुरू यात्राबाट फर्केर आउनु भयो । गुरूले शिष्यलाई बोलाउनु भयो, 'उपकोशल ! उपकोशलले भने, 'भगवन् !, 'उपकोशलको मुख ब्रह्म तेजले देदीप्यमान भै राखेको थियो, उनका समस्त इन्द्रियहरू सात्विक प्रकाशमा प्राप्त थिये, यो देखेर आचार्यले हर्षमा भरियेका छदा सोध्नु भयो– 'छोरा उपकोशल ! तिम्रो मुख ब्रह्म ज्ञानिका झैं चम्किरहेको छ, भन त ! तिमीलाई कसले ब्रह्म ज्ञानको उपदेश दियो । कुनै मनुष्य द्वारा त उपकोशललाई उपदेश मिलेको थियेन, यस कारण उसले स्पष्ट न भनेर साङ्केतिक

भाषामा भने – 'भगवन् ! हजूर विना मलाई कसले उपदेश गर्थ्यो ! । इनी अग्निहरू पैलि मानो अर्कै प्रकारका जस्ता थिये, अब तपाईलाई दैखेर मानो डराये झैं वसेका छन् । संकेतको अर्थ सम्झेर आचार्यले भन्नु भयो – 'वत्स ! अग्निहरूले तिमीलाई के उपदेउ गरे । उपकोशलले अग्नि-हरूवाट जो कुछ ज्ञान प्राप्त गरेका थिये, सो सवै भनेर सुनाये । उपकोशलले भनेको सुनेपछि गुरूले भन्नु भयो, 'वत्स इनी अग्निहरूले त तिमीलाई लोक सम्बन्धि नै उपदेश गरे छन्, म तिमीलाई उस पूर्णरूप ब्रह्मको उपदेश गर्ने छु । जसको साक्षातभये पछि, जसरि कमलका पातमा जल (पानी) ले भिजाउँदैन, तेस्तै नै उस भक्तलाई पापले छुन शक्तैन । शिष्यले भने–'भगवन्! तपाई उपदेश गर्नु हवस् ।

यस पछि आचार्यलै उपकोशललाई ब्रह्मको रहस्यमय सम्पूर्ण उपदैश गर्नु भयो, र उपकोशलका समावर्तन गरैर उसलाई घर जाने आज्ञा दिनु भयो ।

(छान्दोग्य उपनिषद्का आधारमा)

'७'

|| निरभिमानी शिष्य ||

उपमन्युका पुत्र प्राचीन शाल पुलुषका पुत्र सत्ययज्ञ मल्लवका पुत्र इन्द्रद्युम्न, शर्कराक्षका पुत्रजन र अश्वतरा

शिवका पुत्र बुडिल– यी पाँच महाशाल अर्थात् जसका शालामा असंख्य विद्यार्थी पड्दथे, यस्ता महा शालहरूवाला महान श्रोत्रिय यानी वेदका पठन पाठन गर्ने वाला। एक दिन यी एकत्र भयेर, वास्तवमा आत्मा के हो र ब्रह्म के हो, यस विषयमा विचार गर्न लागे, परन्तु कुनै निर्णयमा पुग्न सकेनन् तब कुनै अर्को ब्रह्म वेत्ता विद्धान्का संगमा गयेर उनसंग सोध्नको निश्चय गरेर आपसमा भन्न लागे कि 'वर्तमान समयमा अरूणका पुत्र उद्दालक आत्मारूप वैश्वानर लाई भलिभाँति जान्दछन्' यदि सबैको सल्लाह मिल्छ भने हाम हरूले उनीका पास जानु पर्दछ। सबैको सल्लाह मिला अन उनीहरू उद्दालकका पास गये।

उद्दालकले उनीहरूलाई टाडैबाट देख्ने वित्तिकै उनीहरूको आउनाको प्रयोजन बुझि हाल र उनी विचार गर्न लागे– यि 'महाशाल हरू महान् श्रोत्रिय हुन्, आउने साथ मलाई सोध्ने छन्, कि म उनीहरूको उत्तर दिन शक्तिन। यस कारण उत्तम यहि नै होला कि म उनीहरूलाई कुनै अर्को योग्य पुरूषको नाम वताई दिउँ। यस्तो विचार गरेर उद्दालकले उनीहरूसंग भने 'हे भगवन्! मैले जाने कि तपाईहरू म संग आत्माका विषयमा केहि सोध्न आउनु भयो परन्तु यस समय केकयका पुत्र प्रसिद्ध राजा अश्वपति यस आत्मरूप वैश्वानरलाई भलि भाँति जान्नु हुन्छ, यदि तपाई

हरू सबैको अनुमति हुन्छ भने, हामी सबै उनका साथ जाउँ सर्व सम्मतिले सबै जना राजा अश्वपतिका पास गये ।

अश्वपति राजाले उनी छ ऋषि-अतिथिहरूको आफ्ना सेवक द्वारा यथायोग्य अलग अलग भलि भाँति पूजन सत्कार गराये । अर्कोदिन प्रातः काल राजा सुतेर उठेपछि ऋषिहरूका पास गयेर धेरै धन सामने राखेर विनय भावले धन ग्रहन गर्नु हवस् भने र प्रार्थना गर्न लागे, परन्तु उनी (ऋषि) हरू तँ धनका इच्छाले त्यहाँ गयेका थियेनन्, यस कारण उनीहरूले धनलाई छुदा पनि छोयेनन्, र चुप चाप बसिरहे । राजाले शोचे सायद यी ऋषिहरू मलाई अधर्मी या दुरा चारी सम्झन् छन् होला, यस कारणले मेरो धन (दुषित् सम्झेर) लिदैनन् । यो विचार गरेर राजा भन्न भन्न लागे –

'न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः।

नानाहिताग्निर्नाविद्धान, न स्वैरी स्वैरिणी कुतः।

'हे मुनिहरू ! मेरा राज्यमा कोई चोर छैनन् । (किन भने कसैका पास कुनै वस्तुको अभाव छैन) कारण मेरा देशमा यस्तो कोई धनि छैन जो कन्जुस हो, यानी यथायोग्य दान नगर्ने होस् । न कोई मेरा देशमा शराव नै पिउछन्, न कोई यस्ता ब्राह्मण छन्, जो अग्नि होत्र गर्दैनन् । न कोई यस्ता ब्यक्ति छन्, जो विद्धान नभयेका हुन्,

न कोई व्यभि चारि पुरूष नै मेरा देशमा छन् जव पुरूष व्यभिचारि छैनन्, त स्त्री ता व्यभिचारणी हुन्छ नै कहाँबाट अतएव मेरो धन शुद्ध छ। फेरि तपाईहरू यस धनलाई किन लिनु हुन्न।६ मुनिहरूले केई पनि उत्तर दिनु भयेन। तव राजाले शोचे शायद धन थोरै सम्झेर मुनिहरूले नलियेको हो। अत एव राजा फेरि भन्न लागे – 'हे भगवन! म एक यज्ञको आरम्भ गर्न लागेको छु, यस यक्षमा एक एक ऋत्विगलाई जति धन दिनेछु, उति नै धन तपाईहरू मध्ये सवै लाई दिने छु। तपाईहरू मेरैमा रहनु हवस्, र मेरो यज्ञ हेर्नु हवस्।

राजाको यस्तो कुरा सुनेर ऋषिहरूले भने – 'हे राजन्! मनुष्य जुन प्रयोजनले जसका पास जान्छन्, उनी हरूको उहि प्रयोजन पुरा गर्नु पर्दछ। हामीहरू तपाईका पास आत्मरूप वैश्वानरको ज्ञान प्राप्त गर्नका इच्छाले आये का हुँ, किन कि यस समयमा तपाई नै उस विद्यालाई भलि भाति जान्नु हुन्छ। यस कारण तपाई हामीलाई उहि विद्या सिकाउनु हवस्, हामीलाई धन चाहिदैन।

७राजाले ऋषिहरू संग भन्नु भयो – 'हे मुनि हो!

६. राजाहरूका यस आदेशमा बिचार गर्नु पर्छ, र यसै अनुसार आपना राज्यमा एक एक पैसालाई शुद्ध राख्नु पर्छ।

७. यस कारण जिज्ञासु साधकले कुनै पनि प्रलोभनमा न फसेर आफ्नु लक्षमा दृढरहनु पर्दछ।

भोलि प्रातः काल म यसको उत्तर दिने छु । ज्ञानका प्राप्ती का लागि अभिमानको त्याग गर्नु परम आवश्यक छ । केवल मुखले माग्दामात्र ज्ञान मिल्दैन, त्यो अधिकारिलाई नै मिल्दछ । राजाका उत्तरले मुनिहरूले यस वातलाई सम्झिये । अर्को दिन अभिमान त्यागेर सेवा वृत्तिको परिचय दिने वाला समिधा हातमा लियेर दोपहर भन्दा पैलि नै विनय का साथ शिष्य भावले सवै जना राजाका पास पुगे । राजा नै उनका चरणमा प्रमाण गर्न लागे । राजाले ऋषिहरूलाई चरणमा प्रणाम गर्न दिएनन्, किन कि एक ता उनी ब्राह्मण थिये, अर्को सद्गुरू, मान, वडाई, पूजाको इच्छा राख्तेनन् । तदनन्तर राजाले उनीहरूलाई आफु गुरू रूपले नभइ दाता रूपले वैश्वानर रूप ब्रह्म विद्याको उपदेश गर्नु भयौ ।

(छान्दोग्य उपनिषद्का आधारमा)

'८'

|| तत्वमसि ||

अरूणका पुत्र आरूणि उद्दालकका श्वेतकेतु नामक एक पुत्र थिये । उनो वाह्र वर्षका अवस्थातक केवल खेलकुद मार्न वसे (रहे) । पिता शोचदै रहे कि यो पुत्रले स्वयं नै विद्या प्राप्त गर्ने इच्छा गरे उत्तम हुने थियो, परन्तु उसले यस्तो इच्छा गरेन, तव पितालाई मनमा शान्ति भयेन । पि-

ताले एक दिन छोरालाई आफ्ना छेउमा वोलायेर भने – 'हे वत्स श्वेतकेतो ! तिमी जाउँ सुयोग्य गुरूका समीप ब्रह्मचारी भयेर वस । हे सौम्य ! हाम्रा वंशमा कोई पनि यस्तो उत्पन्न भयेको थियेन जसलै वेदमार्गलाई त्यागि दियेको होस र जो ब्राह्मणका गुण र आचार देखि रहित भयेर केवल नाम धारी ब्राह्मण भयेर रहेको होस् । यसो गर्नु योग्य होइन । सारांस तिमीलै वेदहरूको अध्यन गरेर ब्रह्मत्व प्राप्त गरेर नै रहनु पर्दछ ।

पिता अरूणिका मीठा उल्लाहनामय कुरा सुनेर 'श्वेतकेतु वाह्र वर्षका अवस्थामा गुरूका घर गये, अनि चौविस वर्षका अवस्थातक गुरू गृहमा वसेर व्याकरणादि छः अङ्ग सहित चार वेदहरूको सम्पूर्ण अध्ययन गरेर तत्पश्चात गुरूको आज्ञा लि घर फर्के । उनले मनै मन विचार गरे कि 'म वेदको पूर्ण ज्ञाता हुं' म समान पण्डित अरू कोहि छैनन्, म सर्वो परि विद्वान् र बुद्धि मान छु । यस प्रकारका विचारले उनका मनमा गर्व उत्पन्न भयो । उद्धत तथा विनय रहित भयेर पितालाई दण्डवत नगरि पिताका सामुन्ने वसे । आरूणि ऋषि उसको नम्रता रहित औद्ध्यृत्य पूर्ण आचरण देखेर यो कुरा जानि हाले कि यसलाई वेदका अध्ययनमा ठूलो घमण्ड भयो, तथापि आरूणि ऋषिले उस अविनयी पुत्र उपर क्रोध

गर्नु भयेन । भन्नु भयो 'हे श्वेतकेतो ! तिमी यस्तो के पढेर आयो, जसवाट तिमी आफुलाई सवै भन्दा ठूलो पण्डित सम्झिन्छौ र यति अभिमानमा भरियौ । विद्याको स्वरूपता विनयमा फुल्दछ। अभिमानि पुरूषका हृदय देखि सारा गुण हरू टाडै भाग्दछन्, अनि समस्त दोष आप से आप उसमा आउँछन् । तिमीले याफ्ना गुरूवाट यहि सिकेको छ, भने भनकि यस्तो कुन वस्तु छ, कि जुन एक कुरालाई सुनेपछि न सुनेका सवै वस्तु वा कुराहरू सुनिन्छन्, अर्थात जानिन्छन्, जुन एकका विचारले विचार नगरेका सवै वस्तुहरूको विचार भई जान्छ, जुन एकका ज्ञानले न जानेका सवै वस्तुहरू को ज्ञान भई जान्छ ।

आरूणिका यस्ता वचन सुनेर श्वेतकेतुको घमण्ड चकनाचूर भयो । उनले शोचे कि 'म ता यस्ता कोई वस्तुलाई जान्दिन, मेरो अभिमान झूटो हो । उनी नम्र भयेर विनय भावका साथ पिताका चरणमाशिर राखेर हात जोडेर भन्न लागे 'भगवन् ! जुन एक वस्तुका श्रवण, विचार र ज्ञावले सम्पूर्ण वस्तुहरूको 'श्रवण, विचार र ज्ञान हुन जान्छ, त्यस वस्तुलाई म जान्दिन। तपाई त्यस वस्तुको उपदेश गर्नु हवस् ।

आरूणिले भने 'हे सौम्य ! जसरी कारण रूप माटा

का पिण्डको ज्ञान भये पछि माटाको कार्य रूप घडा, सुराही, गाग्रो आदि समस्त वस्तुहरूको ज्ञान भई जान्छ र यो पत्तो लागि जान्छ कि घडा आदि कार्यरूप वस्तुहरू सत्य होइनन्, केवल वाणीका विकार हुन्, सत्य ता केवल माटो नै हो । 'हे सौम्य ! जस्तै कारणरूप सुनको ज्ञान भये पछि, सुनका कडा (वाजु) कुण्डल आदि सबै कार्यको ज्ञान भई जान्छ र यो पत्ता लागि जान्छ कि यी वाजु कुण्डल आदि सत्य होइनन् केवल वाणीका विकार मात्र हुन्, सत्यता केवल सुन नै हो । जस्तै नङ काटने नङ्कटुवा आदिमा रहेका फलामको ज्ञान भये पछि फलामको कार्य, खड्ग, वञ्चरो आदिको ज्ञात भइ जान्छ, र यो पत्तो लागि जान्छ कि वस्तवमा यी सबै सत्य छैनन्, एक फलाम मात्र सत्य छ । वस यसैतरहलै त्यो ज्ञान हुन्छ ।

पिता आरूणिको यो वचन सुनेर श्वेतकेतुले भने, 'पिता जि ! निश्चय नै मेरा कुरा विद्वान गुरू यो विषयलाई जान्दैनथे, किन कि यदि उनले जानेको भये मलाई न भनि छाड्ने थियेन् । अत एव 'हे भगवन ! अब तपाई नै मलाईउस वस्तुको उपदेश गर्नु हवस् जुन एक वस्तुलाई जान्नाले सबै वस्तुहरू जान्न सकियोस् । आरूणाले भन्नु भयो, अच्छा सावधान भयेर सुन । 'हे प्रियदर्शन ! यो नाम, रूप, र क्रिया

स्वरूप दृश्यमान जगत् उत्पन्न हुनु भन्दा अघि एक, अद्वितीय सत् नै थियो ।उस सत् ब्रह्मलै सङ्कल्प गऱ्यो कि 'एकोऽहं वहुश्याम' म एक धेरै भईजाउँ, यस्तो सकल्प गरेर ब्रह्मले पैलि तेज उत्पन्न गरे, फेर उसवाट जल उत्पन्न गरे र तदनन्तर उसवाट अन्न उत्पन्न गरे । यिनै तीन तत्ववाट सबै पदार्थ उत्पन्न भये । जगत्मा जति वस्तुहरू छन्, सबै तेज, जल, र अन्न यीनै यीनका मिश्रणले नै वनेको हो । जहा प्रकाशया गर्मी छ, वाहा तेज तत्वको प्रधानता छ. जहा द्रव या प्रवाह भाव छ, वहाँ जलको प्रधानता छ, र जाहाँ कठोरता छ, वाहाँ अन्न या पृथ्वीको प्रधानता छ । अग्निमा जो लाल, श्वेत र कृष्ण वर्ण छ, उस माललाई तेजको, सेतो पानीको र श्यामता पृथ्वीको हो । यहि कुरो सूर्य, चन्द्रमा र विजुलीमा छ । यदि अग्नि, सूर्य, चन्जमा र विजुलिहरूवाट तेज, जल, र पृथ्वीलाई निकालि दियो भने त अग्निमा अग्निपन सूर्यमा सूर्यपन, चन्द्रमामा चन्द्रपन, र विद्युतमा विद्युतपन, केहि पनि रहदैन । यस प्रकार सवै वस्तुहरूमा मझ्नु पर्दछ । खायेका अन्नको पनि तीन रूप हुन्छ । स्थूल भाग विष्टा वन्दछ, मध्यम भाग मासु वन्दछ र सूक्ष्म भाग मनरूप हुन्छ । यसै तरह जलका स्थूल भागले मुत्र वन्दछ मध्यम भागल रगत वन्दछ र सूक्ष्म भागले प्राण वन्दछ । यसै प्रका

र तेल, घृत आदि तैजस पदार्थहरूका स्थूल भागले हड्डी वन्दछ, मध्यम भाग मज्जा रूप हुन जान्छ र सूक्ष्म भाग वाणी रूप हुन्छ । अत एव मन अन्नमय हो प्राण जलमय हो र वाक् तेजमय हो अर्थात मन अन्नवाट वन्दछ प्राण जल बाट वन्दछ, र वाणी तेजबाट वन्दछ ।

यस विषयमा श्वेतकेतुले भनें 'हे पिताजि ! मलाई यो विषय अरू साफ गरेर सम्झाउनु हवस् । उद्दालक आरूणीले भने – 'हे सौम्य ! जस्तै दहि मथन गर्नाले उसको सूक्ष्म सार तत्व नौनि घिउँका रूपमा माथि देखिन्छ, यसै प्रकार जो अन्न खाईन्छ, उसको सूक्ष्मसार अंश मन बन्दछ । वास्तवमा यी मन, प्राण, र वाणी तथा इनका कारण अन्नादि कार्य, कारण, परम्परा देखि मूलमा एक नै सत वस्तु रहन्छ । सबैको मूल कारण सत् हो, त्यहि परम आश्रय र अधिष्ठान । स्का कार्य नाना प्रकारका आकृतिहरू सबै वाणीका विकार हुन् नाम मात्र हुन् । यो सत् अणुका झै सूक्ष्म छ, समस्त जगतको आत्मा रूप हो, जस्तै सर्पमा रज्जु (डोरी) कल्पित छ, यस प्रकार जगत् यस 'सत' मा कल्पित' छ । 'हे श्वेतकेतो ! त्यो 'सत्' वस्तु तिमी नै हौ । 'तत्वमसि

हे सौम्य ! जस्तै महका मौरी अनेक प्रकारको वृक्ष हरू बाट रस एकत्र गरेर उस रसलाई एक वनायेर महका

रूपमा परिणत गर्दछन्, महका रूप रसले जस्तै यो जान्दैन कि म आँपका फूलको रस हुं या म कटहरका वृक्षको रस हुं यस प्रकार यो जान्दैन कि हामी सतमा मिलि सक्यौ, सुसुप्ति बाट जागेर पुन तिनीहरू आफ्ना आफ्ना पहल वा बाघ, सिंह, वृक, सुकर, कीट पतङ्ग र मच्छरका शरीरमा प्राप्त हुन जान्छन्। यो जो सूक्ष्म तत्व छ यही आत्मा हो, सत् हो। 'हे विश्वकेतो ! त्यो तिमी नै हौ। ,तत्वमसि ॥

श्वेतकेतुले भने–भगवन्! मलाई फेरि सम्झाउनु हवस्। आरूणीले भने – 'हे सौम्य ! जस्तै समुद्रका पानीले नै बादलहरू द्वारा पुष्टभयेकि गंगा आदि नदिहरू अन्तमा समुन्द्रमा नै मिलेर आफ्नु नाम रूप त्यागि दिन्छन् यो जान्दैनन् कि म गङ्गा हुं म नर्मदा हुं र सर्वदा समुद्र भावमा प्राप्त भई जान्छन्। फेरि मेघ (बादल) द्वारा वृष्टि रूपले समुद्र देखि बाहिर निक्लि जान्छन् किन्तु यो जान्दैनन् कि हामी समुद्र देखि निस्केका हौ। यस प्रकार यी जीवहरू पनि „सतमध्येबाट निस्केर" „सत्" मा नै लिन हुन जान्छन् पुन उसबाट निस्कनछन्, परन्तु यो जान्दैनन् कि हामी सत् बाट आयेका हुं र यहाँ उहि बाघ, सिंह, वृक, शुकर, कीट, पतङ्ग या मच्छर जो जो पैलि हुन्छन्, तिनी होइजान्छन्। यो सूक्ष्म

तत्व सवैको आत्मा हो, यो सत् हो, 'हे श्वेतकेतो ! त्यो सत् तिमी नै हौ । 'तत्वमसि'

श्वेतकेतुले भने – भगवन् ! मलाई फेरि सम्झाउनु हवस् । उद्दालक अरुणीले „यथास्तु" भनेर सम्झाउन सुरू गर्नु भयो । हे सोम्य ! ठूला भारी वृक्षका जरामा घाँउ वनाये त त्यो एकै घाँउमा सुक्तैन, त्यो हरियै रहन्छ र उस घाँउवाट रस चुहुन्छ । वृक्षका माझमा घाँउ लगाँउदा पनि त्यो सुक्तैन घाँउबाट रस खस्दछ, यसै प्रकार अग्रभागमा घाँउ लगाउँदा पनि यो वचेकै हुन्छ र उसबाट रस खस्दछ । जव तक उसमा जीवात्मा व्याप्त रहन्छ तव तक त्यो वृक्षका जरा द्वारा जल ग्रहण गर्दो छदो आनन्द संग रहन्छ, तव त्यो सुक्छ दोस्रा, तेस्राबाट जीव निक्ले पछि दोस्रो तेस्रो नै सुक्छ सारा वृक्षलाई जीवले त्यागि दिन्छ तव त्यो सव का सव सुकि जान्छ । यसै प्रकार यो शरीर पनि जव जीववाट रहित हुन्छ तव नै मृत्युमा प्राप्त हुन्छ। जीव कदापि मृत्युमा प्राप्त हुदैन यो जीवरूप सूक्ष्म तत्व नै आत्मा हो, यहि सत् हो, यहि आत्मा हो। 'हे श्वेकेतो ! त्यो सत्' तिमी नै हौ। ,तत्वमसि'

„श्वतकेकुले भने – भगवन् ! मलाई फेरि सम्झा उनु हवस् । पिता आरूणिले भने – अच्छा एक ठूलो फल टीपेर लेउ फेरि तिमीलाई सम्झाउनेछु । श्वेतकेतु फल

लियेर आये । पिताले भन्नु भयो- यसलाई फुटायेर हेर यसमा के छ । स्वेतकेतुले फल फुटायेर भने सयमा त केई पनि देखिदन । तव पिता आरुणीले भने - 'हे सौम्य! तिमी यस वट वीजका सूक्ष्म भावलाई देख्दैनौ। यस अत्यन्त सूक्ष्म तत्व ले नै महान् वट वृक्ष निस्कन्छ। वस जसरी यो अत्यन्त सूक्ष्म वट वीज ठूलो भारि वृक्षको आधार हो, यस प्रकार सूक्ष्म सत् आतमा यो समस्त सूक्ष्म जगत्‌को आधार हो।'हे सौम्य! म सत्य भन्दछु, तिमी मेरा वचनमा श्रद्धा राख । यो जून सूक्ष्म तत्व आतमा हो त्यो सत् हो र यही आतमा हो । हे श्वेतकेतो ! यो सत् तिमी नै हौ । तत्त्वमसि

श्वेतकेतुले भनें - 'भगवन ! मलाई पुन अर्को दृष्टान्तले सम्झाउनु हवस् । उद्दालकले एक नूनको डल्लो हातमा दियेर भने - 'वत्स! यस नूनका डल्लालाई ऐले पानीले भरेका लोटामा लगाई देऊ र भोलि विहान त्यस लोटा लाई लियेर मं संगआउनु । श्वेतकेतुले त्यसै गरे । अर्कादिन विहान जव श्वेतकेतु पानीको लोटा लियेर पिता संग गये, तव श्वेतकेकुले भने - 'हे सौम्य ! हिजो जून नूनको डल्लो लोटामा लगायेका थियौ उसलाई पानी वाट खोजेर निकाल त म उस नूनलाई हेरौ । श्वेतकेतुले हेर्दा त नूनको डल्लो मिलेन किन कि त्यो डल्लने त पानी पगलेर जल रूप भै सके-

को थियो । तब आरूणीले भने 'अच्छा यो पानी एक पटी बाट थोरै पानी चाखेर भन त कस्तो छ । श्वेतकेतुलें पानी आचमन गरेर भने – पिताजी ! पानी नूनिलो छ । आरूणी ले भने 'अब बीचबाट झिकेर चाखेर भन त श्वेतकेतुले चाखेर भने – पिताजी ! यो पानी नूनिलो छ । आरूणीले भने 'अच्छा अब अर्को पटीबाट लियेर थोरै पियेर भन त कस्तो स्वाद छ । स्वेतकेतुले पियेर भने – पिताजी ! यस तर्फबाट पनि स्वाद नूनिलो न छ । अन्तमा पिताले भने 'अब सबैतर्फ बाट पानी पियर पानी फ्याकि देउ र म संग आउँ । श्वेत-केतुले तेसै नै गर, अनि आयेर पिता संग भने – 'पिताजी ! मैले जून नूनको डल्लो पानीमा लगायेको थिये, यद्यपि म आफ्ना आँखाले उसलाई देख्न सक्तिन, परन्तु जिव्हा द्वारा मलाई उसको ज्ञान भयो कि उस नूनको स्थिति त्यो पानीमा सधै सर्वत्र छ । पिताले भन्नु भयो – 'हे सौम्य ! जस्तै तिमी यहाँ प्रसिद्ध 'सत्' नूनलाई आँखाले देख्न पाउदैनौ ता पनि नून विद्यमान छ यस प्रकार यो सूक्ष्म तत्व आत्मा हो, त्यो सत् छ र त्यहि आत्मा हो । हे श्वेतकेतो! त्यो आत्मा तिमी नै हौ । 'तत्वमसि' ।

श्वेतकेतुले भने – 'पिताजि ! मलाई फेरि उपदेश गर्नु हवस् । तब उद्दालकले भने–सुन, जसरी चोरले आँखा-

मा पट्टी वाधेर कुनै मनुष्यलाई धेरै टाडा गान्धारदेश लगेर कुनै जंगलमा निर्जन प्रदेशमा छाडि देओस् । त्यो मनुष्य, पूर्व, पश्चिम, उत्तर, दखिन् च्यारै दिशा तर्फ देख्दै देख्दै सहा-यताका लागि कराउदै भन्छ कि म लाई आँखामा पट्टी वाधेर चोरहरूले यहाँ छाडि दिये । जसरि उसको करूणा भरि पुकार सुनेर कोई दयालु पुरूष दयावस उसका आँखाको पट्टी खोलि दियेर उसलाई भनि दियोस् कि गान्धार देश यस दिशा तर्फ पर्दछ, तिमी यो वाटो जाउँ त्यहा पुगि जान्छौ । त्यो बुद्धिमान अधिकारि पूरूष जसरि उस दयालु पूरूषका वचमा श्रद्धा राखेर उसले भनेका मार्ग तर्फ जान लाग्दछ र एक गाउँ देखि दोश्रो गाउँमा सोध्दै सोध्दै आखिरमा आफ्नो गान्धर्व देशमा पुगि जान्छ । यस प्रकार अज्ञानको पट्टी वाधेका काम' क्रोध, लोभादि चौरहरूद्वारा संसार रूप भय-ङ्कर वनमा छाडेका जीव 'व्रह्मनिष्ट सद्गुरूका दया पर वस भयेर वतायेका मार्गमा हिडेर अविद्याका फन्दावाट छुटि आफु अमूल्य स्वरूप 'सत्' आत्मामा प्राप्त हुन्छ । यो जून सूक्ष्म तत्व हो, सो आत्मा हो । त्यो सत् हो, त्यहि आत्मा हो । हे श्वेतकेतो! त्यो 'सत्' आत्मा तिमी हौ । 'तत्वमसि'

श्वेंतकेतुले भने–भगवन्! कृपा पूर्वक मलाई फेरि उपदेश गर्नु हवस् । तव मुनि उद्दालक वोले 'सुन' जसी कोई

एक रोगी मनुष्य मर्न लागेको हुन्छ, तब उसका सम्बन्धिजन उसलाई घेरेर सोद्धछन्, कि तिमी हामीलाई चिन्दछौ, या चिन्दैनौ। जबतक उस रोगी जीवका वाणीको मनमा मनको प्राणमा, प्राणको तेजमा, तेज ब्रह्ममा लय हुदैन तबतक त्यो सबैलाई चिन्न सक्तछ। परन्तु जब उसका वाणीको मनमा मनको प्राणमा प्राणको तेजमा तेजका ब्रह्ममा लिन हुन्छ, तब त्यो कसैलाई चिन्न सक्दैन यो जून सूक्ष्म भाव छ त्यो आत्मा हो। त्यो सत् हो, त्यहि आत्मा हो, 'हे श्वेतकेतु ! त्यो आत्मा तिमी हौ। 'तत्वमसि'।

श्वेतकेतुलेभने- कृपा पूर्वक मलाई सम्झाउनु हवस। तब मुनि भन्न लाग्नु भयो- 'अच्छा सुन' एक मानिस चोरीका संकामा पक्राउ पर्दछ, र उसलाई सोधिन्छ कि तिमीलै चोरी गर्‍यौ, या गरेनौ त्यो स्वीकार गर्दैन। तब राज्यका अधिकारी तातो बञ्चरो ल्यायेर उसका हातमा राखि दिउँ भन्ने आज्ञा गर्दछ, तब बञ्चरो ल्याइन्छ, यदि उसले चोरी गरेको छ, झुटो बोलेर छुट्न चाहान्छ त आत्मालाई असत्यका साथ जोड्न चाहराका कारण तातो बञ्चराले छुने बित्तिकै उसका हात पोलन्छ रे उसलाई अपराधका लागि दण्ड दिईन्छ। यदि त्यो चोर हुदैन र सत्य नै भन्दछ त आत्मालाई

सत्यका साथ संयुक्त राख्नका कारण उसको हात तातो वञ्चराले पोल्दैन र त्यो बन्धन देखि छुटि जान्छ ।८

यस प्रकार सत्यताका कारण ज्यादै तातेको वञ्चरा देखि सत्य वक्ता वचि जान्थ्यो, यसवाट सिद्ध हुन्छ कि जीव सत्छ, त्यो सत् छ, त्यहि आत्मा हो । 'हे श्वेतकेतो ! त्यो आत्मा तिमी नै हौ । 'तत्वमसि'

यस प्रकार पिता उद्दालक आरूणीका उपदेशले श्वेतकेतु आत्माका अपरोक्ष ज्ञानलाई प्राप्त गरे (जाने) कृतार्थ भये ।

(छान्दोग्य उपनिषद्का आधारमा)

६

|| एक सय एकर्षको व्रह्मचर्य ||

'य आत्मा पहृतपाप्मा विजरो विमृत्यु विशोको विजिधत्सोऽपिपासः सत्यकाम सत्यसङ्कल्प सोऽन्वेष्टथः स विजिज्ञासितव्य. स सर्वां श्च लोकाना प्नोति सर्वां श्च कामान्यस्तमात्मानमनुविद्य विजानातीतिह प्रजापतिरू वाच"

(छान्दोग्य ०८।७।१।)

एक समय प्रजापतिले भने कि 'आत्मा पाप देखि रहित

---

८. यस वर्णनले पत्ता लाग्छ कि प्राचीनकाल सत्यमा कतिको विश्वास थियो । सत्यका प्रभावले उस सत्यमय वातावरणमा आगा जस्तो तातो वञ्चरो पनि सत्य वोल्ने वक्ताको हात पोल्न सक्दैनथ्यो र असत्यको आश्रयीलाई मात्र तातो वञ्चराले जलेर दण्डित हुन्थ्यो ।

बुढापनाले रहित मृत्यु रहित शोक रहित क्षुधा रहित पिपासा रहित, सत्यकाम र सत्य सङ्कल्प छ। उसको खोज गर्नु पर्दछ। उहि जान्न योग्य छ। जो उस आत्मालाई जानेर उसको अनुभव गर्दछ, त्यो सम्पूर्ण लोक र सम्पूर्ण भोगलाई प्राप्त गर्न सक्तछ।

प्रजापतिको यस वचनलाई सुनेर देवता र असुर दुवैले आत्मालाई जान्नको इच्छा गरे। देवताहरू मध्येबाट इन्द्र र असुरबाट विरोचन प्रतिनिधि चुनिये र उनी दुवैले प्रजापतिका पास जाने विचार गरे। परस्पर द्वेषका कारण आपसमा एक अर्कासंग केहि पनि न भनिकन दुवै जना समित्पाणी भयेर बिनय पूर्वक प्रजापतिका पास गये।[१]

दुवै जना वहाँ गयेर परस्परका ईर्षालाई भुलेर लागातार बत्तीस वर्ष तक ब्रह्मचर्यको पालन गरेर वसे। यसपछि प्रजापतिले उनीहरू संग सोधे।

"किमिच्छन्तावस्तम्"

कुन इच्छाले तिमी दुवै जना यहाँ आयेर वसेका हौ।

उनीहरूले भने – 'भगवन ! आत्मा पाप रहित, जरा

१. यो नियम छ कि सगुरूमेवाभि गच्छेत् समित्पाणिः श्रोत्रियम् ब्रह्मनिष्ठम (मण्डुक०१।२।१२।)
शिष्यले हातमा समिधा लियेर श्रोत्रिय ब्रह्मनिष्ठ गुरूका पास जानु पर्दछ।

रहित, मृत्यु रहित, शोक रहित, क्षुद्या र पिपासा रहित, सत्यकाम र सत्य सङ्कल्प छ, त्यो जान्न योग्य छ। त्यहि अनुभव गर्न योग्य छ। जो यसलाई ज.नेर उसको अनुभव गर्दछ, त्यो सम्पूर्ण लोक र भोगलाई प्राप्त गर्दछ। तपाईको यो वचन सबैले सुने। यसकारण त्यो आत्माल.ई जान्नका इच्छाले हामी दुई याहाँ आयेका हौ।

'तौ ह प्रजापति रूवाच य एषोऽक्षिणि पुरूषो दृश्यत एष आत्मेति हो वाचै तदमृतमभयमेतद् व्रह्मेति।

प्रजाषतिले भने – 'आँखामा यह जो पुरूष दृष्टा पन्तरमुखि दृष्टि वालालाई देख्त छ, यही आत्मा हो, यहि अमृत हो, यहि अभय हो, यहि ब्रह्म हो।

इन्द्र र घिरोचनमा अशुद्ध बुद्धि हुनाका कारण यस कथनलाई अक्षरश ज्यो का त्यो ग्रहण गरे। उनीहरूले सम्झे कि आँखामा जून मनुष्यको प्रतिविम्व देखा पर्दछ त्यहि पात्मा हो यस निश्चयलाई दृढ गर्नका लागि उनी दुवैले प्रजापति संग फेरि सोधे 'हे भगवन्! पानीमा जुन पुरूषको प्रतिविम्व देखिन्छ, अथवा ऐनामा, शरीरको प्रतिविम्व देखिन्छ इनी दुई मध्येतपाईले भनेको व्रह्म कुन चै हो। 'के ई दुवै एकै हुन्! प्रजातिले भने 'हाँ हाँ त्यो इनी दुवैमा देखिन

सक्तिछ । त्यहि प्रत्येक वस्तुमा छ ।

यस पछि प्रजापतिले उनी संग भने – जाउँ त्यो पानीले भरीयेका कुण्डमा हेर, यदि वाहाँ आत्मालाई चिन्न सकेनौ भने, फेरि म संग सोध्नु म तिमोहरूलाई सम्झाउने छु । दुवै जना गयेर कुण्डमा आफु प्रतिविम्व देख्न लागे । प्रजापतिले सोधे तिमोहरू के देखतछौ । उनीहरूले भने –

"सर्वमेवेद मावां भगवन् आत्मनं पश्याव आँ लोभम्यः आनखेभ्यः प्रति रूपमिति, ।

"भगवन ! नङ देखि लियेर शिखातक हामी सारा आत्मालाई देखि रहेका छौ नङ र शिखाका कुरा सुनेर ब्रह्माजिले फेरि भने अच्छा तिमीहरू जाओ । शरीरलाई स्नान गरायेर राम्रा राम्रा गहना पहिर र सुन्दर सुन्दर कपडा लगाउ । फेरि गयेर पानीका कुण्डमा हेर । नङ र केशका दृश यो शरीर पनि अनात्मा हो । यस कुरालाई सम्झाउन का लागि प्रजापतिले यसो भने । परन्तु इ दुई जनाले यस कुरालाई सम्झेनन् । उनी दुवै जना राम्रा किसिमले नुहाई धुवाई गरेर सुन्दर, सुन्दर वस्त्रालंकारहरूले सजियेर कुण्डमा गये र उस कुण्डमा प्रतिविम्व देख्न लागे । प्रजापतिले सोधे के देखतछौ । उनीहरूले भने – 'हे भगवन् ! जस्तै हामीहरूले सुन्दर सुन्दर वस्त्र र भूषण धाण गर्‍यौं, यसै प्रकार हाम्रा यो आत्माले पनि सुन्दर सुन्दर वस्त्रालंकारहरू लाई

धारण गरेका छन् ।

प्रजापतिले शोचे कि अन्तकरणका अशुद्धिका कारण आत्माको यथार्थ स्वरूप इनका सम्झनामा आयेन । सम्भवत: मेरा कुराको मनन गर्नमा इनीहरूका प्रति बन्धक संस्कार हरू धेरै टाडा भयेर भने मात्र इनीहरूलाई आत्मा स्वरूपको ज्ञान हुन सक्तैन । यस्तो विचार गरेर प्रजापतिले भने – 'यहि आत्मा हो, यहि अविनाशी हो, यही अभय हो, यही ब्रह्म हो ।

प्रजापतिको वचन सुनेर इन्द्र र विरोचन सन्तुष्ट भयेर आ-आफ्ना घर तर्फ गये । इनीहरूलाई यसै गयेको देखेर प्रजापतिले मनै मन भने –

"अनुपलम्यमान मनु नु विद्य व्रजतो यतर एतदुपनिषदो भविष्यन्ति देवा वा सुरा वा ते पराभविष्यन्ति" । यी विचरा आत्मालाई नजानिकन नै साक्षात् अनुभव नगरिकन नै जादैं छन् । यी देव र असुरहरूमा जो कोई पनि यस (प्रतिविम्ब आधार शरीरलाई नै व्रह्म मान्नेको) उपनिषद् वाला होलान्! उनिहरूको त पराभव नै हुनेछ ।

विरोचन ता आफुलाई ज्ञानि सम्झेर शान्त हृदयले असुरहरूका पास पुगे । प्रतिविम्बका निमित्त शरीरलाई नै आत्मा सम्झेर विरोचनले यो वरीरमा आत्मा बुद्धिरूा उपनिषद्को उपदेश आरम्भ गरे ।

विरोचनले भने – प्रजापतिले शरीरलाई नै आत्मा वतायेको छ। यस कारण यो शरीररूपी आत्मा नै पूजा गर्न योग्य छ, यहि सेवा गर्न योग्य छ, यस जगतमा केवल यस शरीररूपी आत्माको नै पूजा, सेवा गर्नु पर्दछ। यसैका सेवाले मनुष्यलाई बुवै लोकहरूमा सुख प्राप्त हुन्छ।

यस देहात्म वादका कारणले जो दान गर्दैन, सत्कर्म हरूमा श्रद्धा राक्तैन, तथा यज्ञादि गर्दैन, उसलाई आज पनि असुर भनिन्छ। यो देहात्म वादि उपनिषद् असुरहरूले नै चलायेको हो। यस्ता जन शरीरलाई नै आत्मा सम्झेर यस लाई गहना, कपडा, आदिले सजायेर राखने गर्दछन्। सारा जीवन यस शरीरका सेवा पूजामा नै विताई दिन्छन्। अन्त मा इनै मानिस मृत शरीरलाई पनि गहना, कपडाहरू सजा-येर यस्तो सम्झन्छ कि हामी स्वर्गलाई जितेर लिन्छौं। "अमुं लोकं जेष्यन्त:"।

अव यता दैवि सम्पत्ति वाला इन्द्रलाई स्वर्गमा पुग्नु भन्दा पैनि नै विचार भयो कि प्रजापतिले त आत्मालाई अभय भनेको थियो। परन्तु यस प्रतिविम्व रूप आत्मालाई त अनेक भय रहन्छन्। जव शरीर सजायेको हुन्छ, तव प्रति-विम्ब पनि सजायेको देखिन्छ। शरीरमा सुन्दर वस्त्र हुन्छन्, त प्रतिविम्वमा पनि सुन्दर वस्त्र वाला देखिन्छ, शरीर, नङ

केशवाट रहित साफ सुग्घर हुन्छ त प्रतिविम्व पनि साफ सुग्घर देखिन्छ। यसै प्रकार यदि शरीर अन्धा हुन्छ, त प्रतिविम्व पनि अन्धा हुन्छ, शरीर कालो हुन्छ त प्रतिविम्ब पनि कालो देखिन्छ, शरीर लुलो लँगडो हुन्छ त प्रतिविम्व पनि लुलो लँगडो देखिन्छ। शरीरको नाश हुन्छ त प्रतिविम्ब पनि नाश भई जान्छ। यस कारण यस शरीरमा त म केही पनि आत्मा स्वरूप ता देखितन।

यस प्रकार विचार गरेर इन्द्र समीत्पाणी भयेर फेरी प्रजापति संग आये प्रजापतिले इन्द्रलाई देखेर भनें–"इन्द्र! तिमी त विरोचनका साथ शान्त हृदयले वापस गयेका थियौ, अव फेरि के इच्छाले आयौ। इन्द्रले भने "भगवन! जस्तो शरीर हुन्छ, तेस्तै नै प्रतिविम्ब देखिन्छ, शरीर सुन्दर वस्त्रलंकृत र परिष्कृत देखिन्छ। शरीर अन्ध स्राम या अङ्ग हिन हुन्छ, त प्रतिविम्व पनि त्यस्तै नै देगिन्छ। शरीरको नाश हुन्छ, त यो प्रतिविम्ब रूप आत्माको पनि नाश हुन्छ, अतः एव यस मा मलाई केही आनन्द देखा पर्दैन।

प्रजापतिले इन्द्रका वचन सुनेर भने – 'हे इन्द्र! यस्तै नै कुरा छ। वास्तवमा प्रतिविम्व आत्मा होइन म तिमीलाई फेरि सम्झाउने छु, ऐले फेरि वत्तिस वर्ष तक ब्रह्म चर्य व्रत लियेर यहाँ बस। इन्द्र वत्तिस वर्ष तक फेरि ब्रह्म चर्यका

साथ गुरूका नजिक वसें तव प्रजापतिले उनलाई भने –

"य एष स्वप्ने महीनमान श्चर त्येष आत्मेति होवाचैं तदमृतम भयमेतद् व्रह्मे ति" ।

जो यस श्वप्नमा पूजित हुदो छदो घुम्दछ, स्वप्नमा अनेक भोग भोग्दछ, त्यो आत्मा हो, त्यही अमृत हो, अभय हो, त्यही ब्रह्म हो ।

इन्द्र शान्त हृदयले आफुलाई कृतार्थं सम्झेर गये, परन्तु देवताहरूका पास पुग्नु भन्दा पैनि नै उनले शोचे कि स्वप्नका द्रष्टा आत्मामा पनि दोष छ। यद्यपि शरीर अन्धो हुनाले यो स्वप्नाको द्रष्टा अन्धा हुदैन, शरीरको स्राम (ब्यधिपीडित) हुनाले यो स्राम हुदैन शरीरका दोषले यो दूषत हुदैन, शरीरका वधले यस आत्माको वध हुदेन, तथापि यो नाश भये जस्तो, भागे जस्तो, शोक ग्रस्त भये जस्तो, रोये जस्तो लाग्दछ, यस कारण म यसमा पनि केहि आनन्द देखितन ।

यस प्रकार विचार गरेर इन्द्र हातमा समिधा लियेर फेरि तेस्रा पल्ट प्रजापतिका पास आये, पुन प्रजापतिले सोधे पछि उनले आफु शंका प्रजापतिलाई सुनाये । प्रजापतिले भने – "इन्द्र ठीक यही कुरा हो । स्वप्ना देखने वाला आत्मा होइन । म तिमीलाई फेरि उपदेश गर्ने छु, तिमी वत्तिस वर्ष तक व्रह्मचर्य व्रत पालन गरेर यहाँ वस ।

इन्द्र तेस्रा पल्ट वत्तिस वर्ष तक ब्रह्मचर्य पूर्वक फेरि वसे । यस पछि प्रजापतिले भने – जसमा यो जीव निद्रामा प्राप्त भयेर सम्पूर्ण इन्द्रियका ब्यापार शान्त हुनाका कारण सम्पूर्ण रीतिले निर्मल र पूर्ण हुन्छ, त्यो स्वप्नाको अनुभव गर्दैन, यो आत्मा हो, अमृत हो, अभय हो, यहि ब्रह्म हो ।

इन्द्र आत्माको यथार्थ स्वरूप सम्झिये, भन्ने मानेर शान्त हृदयले स्वर्ग तर्फ फर्किये, परन्तु देवताहरूका पास पुग्न भन्दा पैलि नै वाटामा विचार गरे पछि, उनलाई सुसुप्ति अवस्थामा परेका जीवलाई आत्मा लम्झिनमा दोष देखा पर्‍यो । उनले शोचे कि सुसुप्ति अवस्थामा आत्मा जाग्रत् र स्वप्न झौ यो म हुं, यस्तो आफुलाई जान्देन । न यी भूत हरूलाई जान्दछ । न उनीहरू मध्ये विनाशमा नै प्राप्त हुन्छ । सुसुप्ति अवस्थाको सुख पनि निरन्तर भोग्न सख्तैन । अत एव यसमा पनि केहि आनन्द देखिदैन ।

यस प्रकार विचार गरेंर 'ईन्द्र' समित्पाणी भयेर चौथो पल्ट फेरी प्रजापतिका पास गये, आये। इन्द्रलाई देखेर प्रजापतिले भने – तिमी त शान्त हृदयले गयेका थियो, फिर्केर कसरि आयौ । 'इन्द्र' ले भने – 'भगवन् ! यस सुसुप्तिमा स्थित, यो आत्मा जाग्रत र स्वप्नमा जसरि अफुलाई जान्दछ यस्तै वाहाँ यो म हुं, यस्तो जान्दिन, यी भूतहरूलाई पनि

जान्दिन यस अवस्था देखि इनको विनाश जस्तो पनि हुन्छ, अत एव म यसमा पनि केहि अनन्द देख्दिन ।

प्रजपतिले भने – इन्द्र ! ठीक हो, सुसुप्तिमा परेको जीव वास्तवमा आत्मा होइन । म तिमीलाई फेरि यसै आत्माको नै उपदेश गर्नेछु, कुनै अर्को पदार्थको होइन । तिमी यहाँ पाँच वर्ष तक फेरि ब्रह्मचर्य ब्रत सहित वस ।

तीन पल्ट वत्तिस वत्तिस वर्षको ब्रह्मचर्य ब्रत पालन गर्दा पनि प्रतिवन्धक रूप अलि कति पनि हृदयका मलको नाश गरेर प्राकृत अधिकारि वनाउनका हेतुलें पुन पाँच वर्ष ब्रह्मचर्यका लागि प्रजापतिले आज्ञा दिये । पुरा एक सय एक वर्ष तक ब्रह्मचर्य ब्रतको पालन गरि सके पछि प्रजापतिले भने – 'इन्द्र ! यो शरीर मर्त्य हो, सर्वदा मृत्यु देखि ग्रस्त छ, ता पनि यो अमृत रूप तथा अशरीरि आत्माको अधिष्ठान (रहने भोगादि भोगने कोस्थान) हो । यो अशरीरि आत्मा जव अविवक द्वारा रशरीर अर्थात् शरीरमा आत्माभाव राख्ने वाला हुन्छ, तव सुख दु:खवाट छुटकारा हुन सक्तैन, (मिल्दैन) । विज्ञानले जस्को देहात्म भाव नष्ट भयेको छ, उस अशरीरिलाई नि:सन्देह सुख दु:खले कदापि स्पर्श गर्न शक्तैनन् । यस पछि वायु अस्त्र र विद्युतादिका दृष्टान्त दिथा छदाँ अन्तमा प्रजापतिले भने – 'यस शरीरमा जो म

देखतछु, यस्तो जान्दछु, त्यो आत्मा हो, र नेत्र उसका रूपको ज्ञान को साधन हो, जो यस गन्धलाई म सुंघ्दछु, यस्तो जान्दछ, त्यो आत्मा हो, र गन्धका ज्ञानका लागि नासिका हो, जो म यस वाणीको उच्चारण गर्दछु, यस्तै जान्दछ, त्यो आत्मा हो, र उसको श्रवणका लागि श्रोत हो, जो जान्दछ कि म आत्मा हो हुँ त्यो आत्मा हो, र मन उसको दैवी चक्षु हो । आफ्ना स्वरूपलाई प्राप्त त्यो मुक्त यस अप्राकृत चक्षु रूपी मन द्वारा इन भोगलाई देखतो छदो आनन्दमा प्राप्त हुन्छ । यही आत्मा तत्व हो ।

इन्द्र आनन्दमा मग्न भये, र देवलोकमा आयेर इन्द्रले देवताहरूलाई यस आत्माको उपदेश गरे । देवताहरूले यस आत्माको उपाशना गरे । यसैले उनी देवताहरूलाई सर्वलोक र सम्पूर्ण भोगको प्राप्त भयो । जो यस आत्मालाई भलिभाँति जावेर यसको साक्षात्कार गर्दछ, उसले सर्वलोक र सम्पूर्ण आनन्दलाई प्राप्त गर्दछ ।१०

(छान्दोग्य उपनिषद्का आधारमा)

१०. टीपणी– यस प्रकारको हीव्र जीज्ञासा र अटल श्रद्धा हुदा हुदै नै ब्रह्मको यथार्थ स्वरूपकी उपलब्ध हुने गर्दछ। स्वर्गका विशाल भोगलाई छाडेर लगातार एक सय एक वर्ष तक ब्रह्मचर्य पालन गरेपछि देवराज इन्द्रलाई प्रजापति यथार्थ उपदेश गर्नु हुन्छ । तव मात्र इन्द्रलाई ब्रह्मको

‘१०’

// तीन पल्ट दँ //

एक समय देवता, मनुष्य र असुर सवैका पितामह प्रजापति व्रह्माजिका पास शिष्य भावले विद्या सिक्न गये, एवं नियम पूर्वक व्रह्मचर्यको पालन गर्दा छदा उनको सेवा गर्न लागे। यस प्रकार केहि समय वीते पछि उनीहरूले उपदेश ग्रहण गर्न चाहे। सवभन्दा पैलि देवताहरूलें गयेर प्रजापति संग प्रार्थना गरे – ‘भगवन ! हामीलाई उपदेश

साक्षात्कार हुन्छ। आजभोलि मानिस श्रद्धा विना नै साधनको अनायास (मुफतमा नै) व्रह्मलाई प्राप्त गर्न चाहन्छन्। गुरूलाई खोज्ने गुरूका नजिक जानको पनि आवश्यकता सम्झदैनन्। यसकारण जस्ताको जस्तै रहन्छन्। प्रथम त गुरू नै भेटिदैनन्, मिले भने पनि विषयान्ध मनुष्व गुरूलाई चिन्दैनन्। चिने विना र सोध पुछ न गरिकन, यदि सत्पुरूषका आपना स्वभाविक दयाले केई उपदेश दिये भने पनि श्रद्धाका अभावले त्यो उपदेश ग्रहण गर्न सक्तैनन्। वास्तवमा अनधिकारीलाई सोधेविना उपदेश दिनको केई महत्व रहदैन, यसैले महात्माजन सोधे विना प्राय: केई भन्ने पनि गर्दैनन्। यीनै सवै वातमा विचार गरेर जुन मनुज्यलाई दु:खवाट सर्वदा मुक्त हुनको इच्छा छ। उनलाइ आनश्यक छ कि व्रह्मचर्यादि साधनोले सम्पन्न भयेर श्रद्धा र भक्ति समन्वित हृदय द्वारा सद् गुरू र शास्त्रहरूको शरण लिनु पर्छ। शवं तर्क देखि सधै उचेर विश्वास गरेर गुरूका आज्ञानुसार लक्ष्यको अनुसन्धान गरेर, उसैमा चित्तको वृत्ति हरूलाई लिन गरि दिनु पर्दछ।

गर्नु हवस् । प्रजापतिले उत्तरमा एक अक्षर भनि दिये 'द' । स्वर्गमा भोगको खचा खच छ, भोग नै देवलोकको सुख मानिन्छ, कदापि वृद्ध, न भई देवगण सधै इन्द्रिय भोगमा लागि रहन्छन् । आफु यस अवस्थालाई बिचार गरेर देवताहरूले 'द' को अर्थ 'दमन' इन्द्रिय संयम सम्झियेर आफुलाई कृत कृत्य माने र प्रजापतिलाई प्रणाम गरेर देवताहरू त्याहाँबाट हिड्न लागे । प्रजापतिले सोधे - के मैले उपदेश गरेका अक्षरको अर्थ सम्झ्यौ । देवताहरूल भने ज्यू सम्झियौ, तपाई ले हामी विसासीहरूलाई ईन्द्रिय 'दमन' गर्ने आज्ञा दिनु भयो । प्रजापतिले भने तिमीहरूले ठीक सम्झ्यौ, मैले 'द' भन्नुको अर्थ यही थियो । जाओ परन्तु मेरा उपदेश अनुसार रहनु, तव नै तिमीहरूको कल्याण हुने छ ।तेसपछि मुनुष्य हरू प्रजापतिका पास गयेर भने – 'भगवन ! हामीहरूलाई उपदेश गर्नु हवस् । प्रजापतिले मनुष्यलाई पनि त्यै 'द' अक्षर सुनाई दिये । मनुष्यहरूले विचार गरे हामी कर्मयोनि हुनाका कारण सधै लोभ वस, कर्म गर्ने तथा अर्थ संग्रह गर्ने मा नै लागि रहन्छौ, यस कारण प्रजापतिले हामी लोभिहरू लाई 'दाव' गर्ने उपदेश गर्नु भयो । यो निश्चय गरेर मानिसहरू आफुलाई सफल मनोरथ मानेर हिड्न लागे, तव प्रजापतिले सोधे – तिमीहरू मेरा भनाईको अर्थ सम्झेर जादै

छौ ! संग्रह प्रिय मनुष्यहरूले भने – जि हँ सम्झ्यौ । तपाई ले हामीहरूलाई दान गर्ने आज्ञा दिनु भयो । यस्तो कुरा सुनेर प्रजापति प्रसन्न भयेर भने – 'हँ' मेरो भन्नुको अर्थ यहि थियो, तिमीहरूले ठीक सम्झियौ । अव यसै प्रकार रहनु तव नै तिमीहरूको कल्याण हुने छ ।

यस पछि असुरहरू पनि प्रजापतिका पास गयेर प्रार्थना गरे – भगवन्! हमीहरूलाई उपदेश गर्नु हवस् । असुर लाई पनि प्रजापतिले 'द' अक्षरको नै उपदेश गरे । असुरले सम्झे हामीहरू स्वभावल नै हिंसा वृत्ति वाला हौं, क्रोध र हिंसा हाम्रो सधैंको ब्यवहार हो, अत एव प्रजापतिले हामी लाई यस दुष्कर्मबाट छुटाउनका लागि कृपा गरेर जीव मात्र मा दया गर्नलाई नै उपदेश दिनु भयो । यो विचार गरेर असुरहरू हिड्न तयार भये, तव प्रजापतिले यो शोचे कि, इनीहरूले मेरा उपदेशको अर्थ सम्झे कि सम्झेनव्, भनि असुरहरूसंग सोधे, तिमिहरू जादै छौ, परन्तु वताओ मैले तिमी हरूलाई के गर्नु भने । तव हिंसा प्रिय असुरले भने– 'देव'! तपाईले हामी हिंसकलाई 'द' भनेर प्राणि मात्रमा दया गर्ने आज्ञा दिनु भयो । यो सुनेर प्रजापतिले भने – 'वत्स ! तिमीहरूले ठीक सम्झ्यौ मैले भन्नुको यहि तात्पर्य थियो । अव तिमीहरू द्वेष छाडेर प्राणिमात्रमा दया गर्नु यसवाट तिमी

हरूको कल्याण हुने छ ।

"देव दनुज मानव सभी लहैं, परम कल्याण ।
पालै जो 'द' अर्थको दमन दया अरू दान ।
(वृहदारण्यक–उपनिषद्का आधारमा) ।

"११"

|| परम धन ||

महर्षि याज्ञवल्क्यका दुई स्त्री थिये । एकको नाम 'मैत्रेयी' अर्कीको नाम कात्यायनी थियो। दुवै नै सदाचारिणी र पतिव्रता थिये, परन्तु यी दुई मध्ये मैत्रेयो ता परमात्माका प्रति अनुरागिणी थियीन्, कात्यायनीको मन संसारको भोग हरूमा रहन्थ्यो । महर्षि यज्ञवल्क्यले सन्यास ग्रहण गर्ने समयमा मैत्रेयीलाई आफ्ना छेउमा वोलायेर भने कि 'हे मैत्रेयी ! म अव यस गृहस्थाश्रमलाई छाडेर सन्यास ग्रहण गर्न चाहन्छु । तिमी दुवै मेरा अनुपस्थितिमा आपसमा झग-डा नगरिकन सुख पूर्वक रहन सक, यस कारण म चाहान्छु कि तिमी दुवैलाई घरको सम्पत्ति आधा आधा वाटी दिउँ ।

स्वामीका वचन सुनेर मैत्रेयीले आफ्ना मनमा शोचिन् कि मनुष्य आफुसंग भयेको कुनै वस्तुलाई तव नै छाड्न तयार हुन्छ, उसलाई पैलिको अपेक्षा कोई अधिक उत्तम वस्तु प्राप्त हुन्छ । महर्षि याज्ञवल्क्य घर व्यवहारलाई छाडेर जाँदै

हुनु हुन्छ, अत एव इनलाई पनि यस्तो कोई वस्तु मिलो होला जसका सामान्ये घरवार सवै तुच्छ हुन जान्छन्, अवश्य नै ऋषि कहि जानमा कोई यस्तो ठूलो कारण हुनु पर्छ । त्यो परम वस्तु जन्ममरणका वन्धनवाट मुक्ति ताभ गरेर अमृतत्व परमात्मालाई पाउनु हो! यो विचार गरेर मैत्रेयीले भनिन् 'भगवन् ! मलाई यदि धनधान्यले परिपूर्ण समस्त पृथ्वी मिलोस्, त के उसवाट म अमृतत्व पाउन सक्तछु । याज्ञवल्क्यले भने, होइन होइन, धन सहित पृथ्वीका प्राप्तिले तिम्रो धनिहरूको जस्तो जीवन हुन सक्छ, परन्तु उसवाट अमृतत्व कदापि मिल्न सक्दैन । मैत्रेयीले भनिन् –

'सा होवाच मैत्रेयी येनाहं नामृता स्या किमहं तेज कुर्यां यदेव भगवान्वेदतदेव मे व्रूहीति"। (वृह ०२।४।३) ।

जसवाट म मनेवाट न छुटु, जस वस्तुलाई लियेर म के गरूँ । 'हे भगवन् ! तपाई त जानु हुन्छ, जुन परम धन का सामुन्ने तपाईलाई यो घरबार तुच्छ प्रतित हुन्छ, अनि ठूलो प्रशन्नताले तपाई सवैको त्याग गरिरहनु भयेको छ । त्यहि परम धन मलाई भन्नु हवस् । याज्ञवल्क्यलें भनै– स होवाच याज्ञवल्क्य प्रियावतारे नः सती प्रियं भाषस एह्याश्च व्याख्यास्यामि ते व्याचक्षाणस्य तु मे निदिध्यासस्वेति ।।

(वृह ०२।२।४)।

'मैत्रेयी ! पै:ल पनि तिमी खुव प्यारी थियौ, तिम्रा यस वाक्यले त्यो प्रेम अरू वडायो पनि । तिमी मेरा पास आयेर वस, म तिमीलाई अमृतत्वको उपदेश गर्ने छु । मेरा कुरालाई भलि भाँति सुनेर उसको मनन गर । यति भनेर महर्षि याज्ञवल्क्यले प्रियतम रूपले आत्माको बर्णन आरम्भ गर्नु भयो । ऋषिले भन्नु भयो –

'स होवाच न वा अरे पत्यु कामाय पति प्रियो भवत्यात्मनस्तु कामायपतिः प्रियो भवति' ।

'मैत्रेयी ! (स्त्रीलाई) पति पतिका प्रयोजनका लागि प्रिय हुदैन परन्तु आत्माका प्रयोजनका लागि पति प्रिय हुन्छ। यो आत्मा शब्दको अर्थ मानिषले भिन्न भिन्न प्रकारले गरेको छ, कोइ भन्छन् कि आत्मालाई याहाँ शरीरको लक्ष्य गरेको छ, यो शिश्नोदर परायण कातर पुरूषहरूको मत हो । कोहि भन्छन् कि जैले सम्म भिन्न जीव छ तव सम्म संसार छ, मरे पछि केहि पनि छैन, यस कारण यहाँ यहि जीवनको लक्ष्य हो । यो पुनर्जन्म न मान्नेवाला जड वादिहरूको मत हो । कोहि जन 'आत्माका लागि' को अर्थ गर्दछन् कि जुन वस्तु या जुन सम्बन्धले आत्माको उन्नति हुन्छ, आत्मा आफु

स्वरूपलाई चिन्ह सकोस् यहि प्रिय११ हो। यस कारण भनेको छ कि 'आत्मार्थे पृथ्वी त्यजेत्' यो तीव्र मुमुक्षु पुरूषको मत हो ।

कोहि तत्व ज्ञानिको मत छ कि आत्माका लागि यस अर्थमा भनेको छ, कि यसमा आत्मतत्व छ। यो आत्माको एक मूर्ति हो। भित्रका मूर्तिलाई कोहि उस मूर्तिका लागि चाहदैनन्, परन्तु चाहन्छ भित्रका लागि। संसारका समस्त वस्तुहरू यसैका लागि प्रिय छन्कि उनमा केवल एक आत्मानै व्यापक छ, या उनीहरू आत्माका नै स्वरूप हुन्। महर्षिले फेरि भने 'न वा अरे जायायै कामाय जाया प्रिया भवत्यात्मनस्तु कामाय जाया प्रिया भवति न वा अरे पुत्राणा कामाय पुत्राः प्रिया भवन्त्यात्मस्तु कामाय पुत्राः प्रियाभवन्ति नं वा अरे वित्तस्य कामाय वित्तं प्रिपं भवत्यात्मनस्तु कामाय वित्तं प्रियं भवति न वा अरे ब्राह्मणः कामाय ब्रह्म प्रियं भवत्या-

११. गोस्वामी तुलसी दासजिने सम्भवतः यस्तै विचारलाई लक्षमा राखेर भक्तका दृष्टिले भने कि – जाके प्रिय न राम वैदेहि ताजि य ताहि कोटी वैरीसम यद्यपि परम सनेही। त्यज्यो पिता पहलाद विभीषन बन्धु भरत महतारी, बलि गुरू तज्यौ कन्त व्रज वनितहि भये मुद मंगल कारी। ना ते नेह राम के मनियत सुहृद सुसेव्य जहाँ लौ। अञ्जन कहाँ आँखि जेहि फुटै बहुतक कहौ कहा लौ। तुलसी सो सब भाँति परम हित पूज्यप्रानते प्यारो। जासो होय सनेह राम पद यतो मतो हमारो। (विनय पत्रिका १७४)

त्मनस्तु कामाय ब्रह्म प्रियं भवति, न वा अरे क्षत्रस्य कामाय क्षत्रं प्रियं भवत्यात्मनस्तु कामाय क्षत्रं प्रियं भवति, न वा अरे लोकानां कामाय लोकाः प्रिया भवन्त्यात्मनस्तु कामाय लोकाः प्रिया भवन्ति न वा अरे देवानां कामाय देवाः प्रिया भवन्त्यात्मनस्तु कामाय देषा. प्रिता भवन्ति, न वा अरे वेदानां कामाय वेदाः प्रिया भवन्त्यात्मनस्तु कामाय वेदाः प्रिया भवन्ति, न वा अरे भूतानां कामाय भूतानि प्रियाणि भवन्त्यात्मनस्तु कामाय भूतानि प्रियाणि भवन्ति, न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवन्त्यात्मनस्तु कामाय सर्वं प्रियं भवति, आत्मा वा अरे द्रष्टब्य, श्रोतब्य, श्रवणेन, मत्यां विज्ञानेनेदं सर्वं विदितम् "। (बृह ०४।५।६) ।

"अरे स्त्री स्त्रीका लागि प्रिय हुदैनन्, परन्तु त्यो आत्माका लागि प्रिय हुन्छे, पुत्र पुत्रहरूका लागि प्रिय हुदैनन् परन्तु उनीहरू आत्माका लागि प्रिय हुन्छन्, धन धनका लागि प्रिय वा प्यारो हुदैन, परन्तु त्यो आत्माका लागि प्यारो हुन्छ, ब्राह्मण ब्राह्मणका लागि प्यारो हुदैन, परन्तु त्यो आत्माका लागि प्यारो हुन्छ, क्षत्रिय क्षत्रियका लागि प्यारो हुदैन परन्तु आत्माका लागि प्यारो हुन्छ, लोक लोकका लागि प्यारो हुदैन परन्तु त्यो आत्माका लागि प्यारो हुन्छ, देवता देवताका लागि प्यारो हुदैन, परन्तु आत्माका लागि

प्यारो हुन्छ, वेद वेदका लागि प्यारो हुदैन, परन्तु आत्माका लागि प्यारो हुन्छ. भूत भूतका लागि प्यारो हुदैन परन्तु आत्मा का लागि प्यारो हुन्छ, अरे मैत्रयी! सबकुछ उनीहरूका लागि प्यारो हुदैन, परन्तु सबै आत्माका लागि नै प्यारो हुन्छ, यो परम प्रेमको स्थान आत्मानै वास्तवमा दर्शन गर्न योग्य छ, श्रवण गर्न योग्य, मनन गर्न योग्य, अनि निरन्तर ध्यान गर्न योग्य छ। 'हे मैत्रैयी ! यस आत्माको दर्शन, श्रवण, मननका साक्षात्कारले नै सबै कुरा जान्न सकिन्छ । यहि ज्ञान हो ।

यस पछि महर्षि याज्ञवल्क्यजिले सबैको आत्माका साथ अभिन्न रूप वताउदा छदा इन्द्रियहरूका आफ्ना विषयमा अधिष्ठान वताये औ तदन्तर ब्रह्मका अखण्ड एक रस सत्ताको वर्णन गरेर अन्तमा भने कि जव सम्म द्वैत भाव हुन्छ, तव तक अर्काले अर्कालाई देख्तछ, अर्काले अर्कालाई सुघ्दछ, अर्को अर्का देखि सुन्छ, अर्को अर्कासंग बोल्दछ, अर्को अर्काका लागि विचार गर्दछ, अनि अर्को अर्कालाई जान्दछ, परन्तु जव सर्वात्म भाव प्राप्त हुन्छ, जव सबै वस्तुहरू आत्मानै हुन, यस्तो प्रतित हुन्छ तव त्यो कसलाई कस द्वारा देखोस्, कस द्वारा कसलाई सुघोस्, कसद्वारा कोसंग बोलोस्, कसबाट कसलाई स्पर्श गरोस् तथा कसबाट कसलाई जानोस्, जस बाट त्यो यी समस्त वस्तुहरूलाई जान्दछ उसलाई त्यो कुन तरीकाले जानोस् ।

त्यो आत्मा अग्राह्य छ, यस द्वारा उसको ग्रहण हुदैन

त्यो अशीर्य छ. यस कारण त्यो शीर्ण हुदैन (छेदन हुदैन)। यो असङ्ग छ, यसबाट कदापि आसक्त हुदैन । त्यो वन्धन रहित छ, यस कारण कदापि दुःखि हुदैन । उसको कदापि नाश हुदैन । यस्तो सर्वात्मरूप सवैलाई जान्ने वाला अत्मा लाई कुन किसिमले जान्ने। यसै कारण श्रुतिले उसलाई 'नेति' 'नेति' भने को हो त्यो अत्मा अनिर्वचनीय छ, मैत्रयी ! वस तिम्रा लागि यही उपदेश हो यही त मोक्ष हो ।

यति भनेर याज्ञवल्क्यजिले सन्यास लिनु भयो । वैराग्यको प्रताप तथा ज्ञानको उत्कट पीपासाका कारण स्वामीका उपदेशले मैत्रेयीले परम कल्याणलाई प्राप्त गरिन् वा भइन्।

(वृहदारण्यक उपनिषद्का आधारमा)

"१२"

|| घोडाका शिरवाट उपदेश ||

अश्विनी कुमार देवताका चिकित्सक हुन् । इनीहरूले देव अथर्वण ऋषिका शिष्य दध्यङ अथर्वण ऋषिवाट वेदाध्ययन गरेका थिये । दध्यङ ऋषि व्रह्मज्ञानी थिये, परन्तु वैराग्यादि साधनहरूका अभावमा अश्विनी कुमारहरूलाई अधिकारी सम्झेर उनीहरूलाई ब्रह्मविद्याको उपदेश दियेका (गरेर) थियेनन्। विद्याका अभिमानमा एक समय अश्विनी कुमारहरूले इन्द्रको अपमान गरे, तव इन्द्रले अश्विनी कुमार

हरूलाई यज्ञभागबाट वहिष्कार गरि दिये। तव देखि अश्विनीकुमारलाई कुनै पनि यज्ञमा भाग मिलन वन्द भयो। अश्विनी कुमारहरू रिसायेर गुरू दध्यङ ऋषिसंग गई इन्द्र संग लडेर इन्द्रलाई जित्ने अथवा औषधि आदि द्वारा इन्द्रको विनाश गर्नलाई आज्ञा माग्ने चाहना गरे। दध्यङ ऋषि महान पुरूष थिये, उनले काम, क्रोध, आदिको निन्दा गर्दा छदाँ अश्विनी कुमारहरूलाई अन्याय उपाय द्वारा सफलता प्राप्त गर्ने आज्ञा दिनु भयो, र भन्नु भयो कि तिमोहरू यदि हृदयका अभिमान, काम, क्रोध आदि दोष देखि रहित वैराग्य युक्त भयेर मलाई सोध्यौ भने म तिमीहरूलाई अधिकारी सम्झेर दुर्लभ ब्रह्मविद्याको उपदेश गरौला। तत् पश्चात् गुरूका आज्ञाबाट अश्विनी कुमारहरूले च्यवन ऋषिका आँखा देख्ने वनाई दिये र च्यवन ऋषिले आफ्ना तपोवल द्वारा अश्विनी कुमारहरूलाई यज्ञमा अधिकार दिलाउनु भयो। यस प्रकार लडाई विनानै अश्विनी कुमारहरूको मनोरथ सिद्ध भयो।

एक समय इनै दध्यङ ऋषिका आश्रममा इन्द्र आये। अतिथि वत्सल ऋषिले इन्द्रसंग भने कि तपाई मेरो आतिथ्य हुनु हुन्छ, जे भन्नु हुन्छ, त्यौम गर्दछु। इन्द्रले भने – मलाई ब्रह्म विद्याको उपदेश गर्नु हवस्। दध्यङ ऋषि दोधारमा पर्नु भयो। वचन दियेर वचन पुरान गर्दा त वाणी असत्य हुन

जान्छ । उपदेश योग्य अधिकारी इन्द्र होइन। आखिर ऋषि ले वचन सत्य राखनका लागि उपदेश दिने निश्चय गर्नु भयो र भलि भाँति ब्रह्मविद्याको उपवेश गर्नु भयो। उपदेश गरेका वेला ऋषिले प्रसंग वस भोगहरूको निन्दा गर्नु भयो, तथा भोग द्रष्टिले एक कुकुर र इन्द्रको भोग विलास एकै किसिम ले सिद्ध गर्नु भयो । इन्द्र ब्रह्म विद्याको अधिकारी ता थियेन नै स्वर्गादि भोगहरूको निन्दा सुनेर इन्द्रलाई क्रोध आयो र इन्द्रले दध्यङ ऋषि माथि कयौ तरिकाले संखा गरेर निन्दा श्राप, र हत्याको डर द्वारा ऋषि मार्ने इच्छको धम्कि दियो परन्तु उसले यसो भनो कि यदि तिमीले यो ब्रह्मविद्याको उपदेश कसै अर्कालाई गरेछौ भने, म उसै वखत वज्रले तिम्रो शीर काटी दिने छु ।

क्षमाशील ऋषिले शान्त हृदय साथ इन्द्रका वात सुनेर क्रोध वा क्षोभ विना इन्द्रलाई भने 'ठीक छ' मैले कसैलाई उपदेश गरें भने मेरो शिर काटी दिनु । यस वर्ताव माथि इन्द्रलाई प्रभाव परो अनि शान्त भयेर इन्द्र स्वर्ग तर्फ लागे ।

केहि दिन पछि अश्विनी कुमारहरू वैराग्यादि साधन सम्पन्न भयेर ब्रह्मविद्या प्राप्तिका लागि गुरू ऋषि दध्यङका चरणमा उपस्थित भयेर आफ्नु इच्छा जनाये, ब्रह्मविद्याको उपदेश गर्नाका लागि प्रार्थना गरे । यस अवस्थामा सत्य प-

रायण दध्यङले शोचे कि, अश्विनी कुमारलाई उपदेश नदियौ भने मेरो वचन असत्य हुने छ, उपदेश दियेमा इन्द्रले मेरो शिर काटी दिने छ । वचन असत्य हुनु भन्दा मर्नु उत्तम हो। प्रतिज्ञाभङ्ग र असत्यको जुन महान दोष हुन्छ भने उसका सामन्ने मृत्यु के चीज हो । शरीरको नाश ता एक दिन हुन्छ नै । यो विचार गरेर ऋषिले उपदेश दिने निश्चय गर्नु भयो र आश्विनी कुमारहरूलाई इन्द्रका साथ जो कुरा भयेको थियो सो सुनाई दिनु भयो । अश्विनी कुमारहरूले पैलि त भने कि 'भगवर् ! तपाई अब हामीहरूलाई कसरि उपदेश दिनु हुन्छ । के तपाईलाई इन्द्रका वज्र देखि मर्ने डर छैन, परन्तु जव दध्यङ ऋषिले कर्मबस शरीर धारिका मृत्युको निश्नय ता परमार्थ रूपले नि.सारता र सत्यको श्रेष्ठता सिद्ध गरेको छ भने तव अश्विनी कुमारहरूले भने – भगवन् ! तपाई किञ्चित पनि डर नलिनु हवस् । हामी एक कुशल कर्म गर्छौं जस कर्म द्वारा न तपाईको मृत्यु नै हुन्छ, न हामीलाई ब्रह्म विद्यावाट वञ्चित नै हुनु पर्दछ । हामी अलग अलग भयेका अङ्गहरूलाई जोडेर जीवित गर्ने विद्या जान्दछौ । घोडालाई देखायेर पैलि हामी यो घोडाको शिर काट्तछौ। फेरि तपाइको शिर काटेर यस घोडाका शरीरमा जोडि दियेर घोडाका शिर तपाईका शरोरमा जोडि दिन्छौ । तपाई घोडाका शिरले हामीलाई ब्रह्म विद्याको उपदैश गर्नु हवस् । जव इन्द्र

आयेर तपाको घोडा वाला शिर काटी दिने छ, तब हामी पुन: घोडामा रहेको तपाई शिर काटेर तपाईका शरीरमा जोडि दिने छौ, अनि इन्द्र द्वारा काटेको घोड़ाको शिर घोडाका शरीरमा जोडि दिने छौ। न घोडा नै मर्दछ। न त तपाईलाई नै केहि हुन्छ। दध्यङ ऋषिले यस प्रस्तावलाई स्वीकार गरे र अश्विनी कुमारहरूलाई ब्रह्म विद्याको उपदेश गरे। जव इन्द्रलाई यो कुराको पत्तो लागो तव इन्द्रले आयेर वज्रले दध्यङ ऋषिका शरीरमा जोडेका घोडाको शिर काटि दिये, तत्पश्चात् अश्विनी कुमारहरूले सञ्जीवनी विद्याका प्रभावले घोडाका शरीरमा जोडेको ऋषिको शिर काटेर ऋषिका शरीरमा जोडि दिये, अनि घोडाका शरीरमा घोडाको शिर जोडि दिये दुवै जना (ऋषि र घोडा) जीवितै भये।

(तैत्तिरीय ब्राह्मण र वृहदारण्यक उपनिषद्‌का आधारमा)

"१३"

// सर्वश्रेष्ठ व्रह्मनिष्ठ //

एक समय प्रसिद्ध विदेह राजा जनकले वहुदक्षिणा नामक ठूला यज्ञ गरे। यज्ञमा गुरू पञ्चाल आदि देशहरूका वहुत ब्राह्मणहरूलाई एकत्र गराये। जनक राजाले ब्राह्मणहरूलाई वहुत दक्षिणा दिये। अन्त्यमा यी ब्राह्मणहरूमा सर्वश्रेष्ठ व्रह्मवेत्ता कुन ब्राह्मण होला, यो कुरा जान्नका इच्छाले जनक राजाले आफ्ना गौशाला मध्येवाट एक हज्जार गाईहरू ति-

कालेर प्रत्येक गाईका दुवै सिंगमा दश, दश, सुनका मोहरहरू वाधिदिये, अनि ब्राह्मणहरूलाई भने कि, 'हे पूनीय ब्राह्मण हरू हो! तपाईहरू मध्ये, जो ब्रह्मनिष्ठ हुनुहुन्छ, वाहाँले यी गाई हरूलाई आफ्ना घरमा लानु हवस्, परन्तु कुनै पनि ब्राह्मण को गाई लाने साहस भयेन। अन्तमा महर्षि याज्ञवल्क्यले आफ्ना शिष्य ब्रह्मचारिलाई भने कि 'हे प्रिदर्शन ! 'हे समा श्रवा (सामवेदको अध्ययन गर्ने वाला) यी गाईहरूलाई हाम्रा घर लैजाउँ। गुरूका यस्ता वचन सुनेर शिष्यले उनी गाई हरूलाई धपायेर गुरूका घर तर्फ धपाउन लागे। यो देखेर सभामा वसेका ब्राह्मणहरूलाइ ठूलो क्रोध भयो, कि हामीहरू का सामन्ने 'म ब्रह्मनिष्ठ हुँ' यस्तो कुरो याज्ञवल्क्य कसरी भन्न सक्तछ।

महाराज जनकका होता ऋत्विज 'अश्वल' ले अगाडी बडेर याज्ञवल्क्य संग सोधे- 'त्वं नु खलु नो याज्ञवल्क्य ब्रह्म निष्ठोऽसि,,।

'हे याज्ञवल्क्य! के तिमी नै यी सवै ब्राह्मणहरू मध्ये ब्रह्मनिष्ठ हौ। यद्यपि यीनी शब्द अपमान जनक छन्, परन्तु याज्ञवल्क्यले यस उद्धतपन प्रति केहि पनि विकारमा प्राप्त न भयेर नम्रतासाथ उत्तर दिये - "नमो वयं ब्रह्मनिष्ठाय कुर्मो गोकामा एव वयं स्मः,, ॥

भाई ! ब्रह्मनिष्ठलाई ता म नमस्कार गर्दछु, मलाई ता गाई

हरूको चाहना मात्र हो। यस कारण गंले गाई लियेको हो।

ब्रह्मनिष्ठाभिमांनी अश्वल याज्ञवल्क्यलाई सानु देखा उनका लागि उनीसंग एक देखि अर्को ठूला ठूला जटिल प्रश्न सोध्न लागे। याज्ञवल्क्य पनि सबै प्रश्नको उत्तर तुरून्त नै दिदै गये। यस पछि ऋत भाग पुत्र आर्तभाग लह्यपुत्र भूज्यू, चक्र पुत्र उषस्त, कुषीतक पुत्र कहोल, वचक्नु पुत्री गर्गी, र अरूण पुत्र उद्दालकले कयौ गम्भीर प्रश्नहरू सोधे, अनि याज्ञवल्क्य द्वारा तुरून्त उत्तर पाये। सबै बाह्मण थाके, तब अन्तमा गार्गीले अगाडी वडेर सबै ब्राह्मणसंग भनिन्, 'हे पूज्य ब्राह्मण हो! यदि तपाईहरूको अनुमति हुन्छ भने म यस याज्ञवल्क्यसंग दुईटा प्रश्न फेरि गर्न चाहान्छु। यदि यी दुई प्रश्नको उत्तर याज्ञवल्क्यले दिन सके भने ता फेरि म यो म मान्छु कि तपाईहरू मध्येवाट कोहि पनि यस ब्रह्मवादिलाई जित्न सक्नु हुने छैन। ब्राह्मणहरूले भने 'गार्गी ! सोध।

गर्गीले गम्भिर स्वरले भनिन् 'हे याज्ञवल्क्य ! जस्तै वीर पुत्र विदेह राजा या काशिराजा ताँदो, निकालेको धनुष मा फेरि तादो लगायेर शत्रुलाइ अत्यन्त पोडा दिने वाला दुई वार्णहरू हातमा लियेर शत्रुका सामन्ने खडा हुन्छन्, यसै प्रकार म गार्गी दुईटा प्रश्नलाइ लियेर तिम्रा सामन्ने खडा छु, तिमी यदि ब्रह्म वेत्ता हौ भने त यी दुइ प्रश्नको उत्तर देउँ। याज्ञवल्क्यले भने गार्गी ! सोध। गार्गीले भनिन् –

"सा हो वाच यदूर्ध्व याज्ञवल्क्य दिवो यदवा क्पृथिव्या यदन्तराद्यावा पृथ्वी इमे यद् भूतं च भवच्च भविष्यचेत्या चक्षते कस्मिंस्त दोतं च प्रोतं चेति ।,, (वृह ०३।८।६) ।

'हे याज्ञवल्क्य! जो ब्रह्माण्ड देखि माथि छ, जो ब्रह्माण्ड देखि तल छ, अनि जो यस स्वग र पृथ्वीका वीचमा स्थित छ, तथा जो भूत, वर्तमान र भविष्य रूप छ, यस्तो शास्त्र जान्ने वाला जन भन्दछन् त्यो 'सूत्रात्मा' (जगत् रूपसूत्र) कसमा ओत प्रोत छ। याज्ञवल्क्यले भने –

'सहोवाच यदूर्ध्वं गार्गी दिवो यदवा पृथीव्या यदन्तराद्यावा पृथ्वी इमे यद् भूतं, च भवच्च, भविष्यच्चेत्या चक्षत आकाशे तदो तं चप्रोतं चेति,, ।।

'हे गार्गी ! जो स्वर्ग देखि माथि छ, जो पृथ्वी देखि तल छ, जो स्वर्ग र पृथ्वीका वीचमा स्थित छ, तथा जो भूत, वर्तमान र भविष्यत छ, यस्तो शास्त्र वेत्ता जन भन्दछन्, त्यो व्याकृत (विकृति प्राप्तका रूप स्थूल) जगत् रूप सूत्र अन्तर यामी रूप आकासमा ओत प्रोत छ। यो उत्तरलाई सुनेर गार्गीले भनिन् 'हे याज्ञवल्क्य ! तिमीले मेरा यस प्रश्नको यस्तो प्रष्ट उत्तर दियौ, यसका लागि तिमी लाई नमस्कार छ। अव अर्को प्रश्नका लागि तैयार वस। याज्ञवल्क्यले सरलता संग भने गार्गी सोध –

गार्गीले एक पल्ट उसै प्रश्नको उत्तरलाई फेरि दोऱ्या

येर याज्ञवल्क्यलाइ भनिन् – 'कस्मिन्नु खल्वाकाश ओतश्च प्रोतश्चेति ।

'हे याज्ञवल्क्य! तिमी भन्छौ, व्याकृत जगत रूप सूत्रात्मा तिनैं कालमा सर्वदा अन्तर्यामी रूप आकाशमा ओत प्रात छ, त त्यो आकाश केमा ओत प्रोत छ । याज्ञवल्क्यले भने–

"स होवाचै तद्वै तदक्षरं गार्गी ब्राह्मणा अभिवदन्त्य स्थूलमन णवह्रस्वमदीर्धमलोहितमस्नेहमच्छायमतमोऽवाय्वनाकाश मसङ्ग मरसमगन्ध मचक्षुष्कम श्रोत्र मवा गमनोऽतेजस्काम-प्राणममुखममात्र मनन्तरमबाह्यं न तदश्नाति किञ्चन न तदश्नाति कश्चन ।

'हे गार्गी ! अन्तरयामी रूप अव्याकृतको अधिष्ठान यही त्यो अक्षर हो, यस अविनाशी शुद्ध ब्रह्मको वर्णन ब्रह्म वेत्ता गण यस प्रकार गर्दछन् यह स्थूल देखि भिन्न, सूक्ष्म देखि भिन्न, ह्रस्व देखि भिन्न, दीर्घ देखि भिन्न, लोहित देखि भिन्न, स्नेह देखि भिन्न, प्रकाश देखि भिन्न, अन्धकार देखि भिन्न वायु देखि भिन्न, आकाश देखि भिन्न सङ्ग रहित, रस रहित, गन्ध रहित, चक्षु रहित, श्रोत्र रहित, वाणी रहित, मन रहित, तेज रहित, प्राण रहित, मुख रहित, परिमाण रहित, छिद्र रहित र देश काल रहित वस्तु आदि परिच्छेद देखि रहित, सर्व व्यापी, अपरिच्छिन्न छ । त्यो केहि पनि

खादैन र उसलाई पनि कोहि खादैन, यस प्रकार त्यो सबै विशेषणहरूबाट रहित एक नै अद्वितीय छ।

यस प्रकार समस्त विशेषणहरूको ब्रह्ममा निषेध गरेर अब उसको नियन्तापन बताउदा छदा याज्ञवल्क्य भन्दछन्–

'एतस्य वा अक्षरस्य प्रशासने गार्गी सूर्य चन्द्रमसौ विधृतौ तिष्ठत. एतस्य वा अक्षरस्य प्रशासने गार्गी द्यावा पृथिब्यौ विधृते तिष्ठत: एतस्य वा अक्षरस्य प्रशासने गार्गी निमेषा मूहूर्ता अहोरात्राण्य र्धमासा मासा ऋतव संवत्सरा इति विधृता तिष्ठन्त्यतस्य वा अक्षरस्य प्रशासने गार्गी प्रच्योऽन्या यां यां च दिशमनु। एतस्य वा अक्षरस्य प्रशासने गार्गी ददतो मनुष्य-प्रसंसन्तियजमानं देवा दर्वी पितरोऽन्वा यत्ता:"। (वृह० ३।८।६)

'हे गार्गी ! यस प्रसिद्ध अक्षरका आज्ञामा सूर्य, चन्द्रमा इनी नियमितरूपले रहन्छन्। 'हे गार्गी ! यस प्रसिद्ध अक्षरका आज्ञाले नै स्वर्ग र पृथ्वी हातमा राखेका ढुङ्गा झै मर्यादामा रहन्छन्। हे गार्गी! यस प्रसिद्ध अक्षरका आज्ञामा रहेर नै निमेष, मूहूर्त, दीन, रात, पक्ष, मैना, ऋतु र संम्वत्सर यस कालका अवयवहरूको गणना गर्ने वाला सेवक झै नियमित रूपले आउछन्, जान्छन्। 'हे गार्गी ! यस प्रसिद्ध अक्षरका शासनमा रहेर नै पूर्व वाहिनी गङ्गा आदि नदिहरू श्वेत हिमालय आदि पहाडहरू मध्येबाट निक्लियेर समुन्द्र

तर्फ बग्दछन्, तथा पश्चिम वाहिनी सिन्धु आदि अन्यान्य दिशाहरू तर्फ बग्दा छदा अन्य नदिहरू पनि यसै अक्षरका नियन्त्रणमा अज तक उस्तैनै बग्दछन्। 'हे गार्गी! यस प्रसिद्ध अक्षरका आज्ञाले मनुष्य दाताहरूको प्रशंसा गर्दछन्। इन्द्रादि देवगण यजमान र पितृगण डाडु सदृश छन् अर्थात देवता यजमान द्वारा गरेका यज्ञले र पितृगण उनका लागि गरिने वाला होममा घिउ लगाउने चम्ची द्वारा दियेका होमले पुष्टि हुन जान्छन्। यसपछि याज्ञवल्क्यले फेरि भने—

'यो वा एदतक्षरं गार्ग्यं विदित्वास्मिँल्लोके जुहोति यजते तपस्तप्यते वहूनि वर्ष सहस्त्राण्यन्त वदेवास्म तद् भवति। यो वा एतदक्षरं गार्गी विदित्वास्माँल्लोका त्प्रैतिस कृपणोऽथ य एतदक्षरं गार्गी विदित्वास्माँल्लोका त्प्रैति स ब्राह्मण:। (वृह० ३।८।१०)

'हे गार्गी! यस अक्षरलाई न जानिकन यदि कोहि पुरूष यस लोकमा हज्जार वर्ष तक देवताहरूको उद्देश्य गरेर यज्ञ गर्दछ, व्रतादि तप गर्दछ ता पनि उस कर्मको फलता अन्तवाला नै हुन्छ, अर्थात् फल दियेर त्यो कर्म नाश हुन्छ, त्यो अक्षय परम कल्याणलाई प्राप्य गर्न सक्तैन। हे गर्गी! जो

१३. अन्तवन्तु फलं तेषा तदभवत्य ल्पमेधसाम्। देवा न्देवयजा यान्ति मद्भक्ता यान्ति मामपि। (गीता ७.२३) परमात्मालाई न जान्नेवाला उन अल्पवुद्धिवाला जनको त्यो फल नाश वान्छ र जून देवताहरूलाई पूजने वाला देवतालाई प्राप्त गर्दछन्, परन्तु मेरा भक्त भगवानमै प्राप्त हुन्छन्।

पुरुष यस अक्षरलाई नजानिकन यस लोक देखि मृत्युमा प्राप्त हुन्छ, त्यो कृपण हो । 'हे गार्गी ! जो यस अक्षरलाई जानेर यस लोकमा मृत्युमा प्राप्त हुन जान्छ, त्यो ब्राह्मण (ब्रह्मवित् मुक्त) हुन जान्छ । अब याज्ञवल्क्य ब्रह्मको उपाधि रहित स्वरूप पत्ता लगाउदा छदाँ भन्दछन् -

'तद्वा एतदक्षरं गार्ग्यं दृष्ट द्रष्ठ श्रुतं श्रोत्रभूतं मन्त्रविज्ञातं विज्ञातृ नान्यदतोऽस्ति द्रष्टृ नान्यदतो श्रोतृ नान्यदतोऽस्ति मन्तृ नान्यदतोऽस्ति विज्ञात्रे तस्मिन्नु खल्वक्षरे गार्ग्याकाश ओतश्च प्रोतश्चेति ।

'हे गार्गी ! यो प्रसिद्ध अक्षर कसैले देख्तैन, परं यो सबै लाई देखदछ। यसकोआवाज कानले कोहि सुन्न सक्तैन परन्तु यो सबैको सुन्दछ । यो कसैका धारणामा आउदैन, परन्तु यही सबैको म ता हो । कोहि यसलाई बुद्धिले जान्न सक्तैन, परन्तु यो नै सबको विज्ञाता हो । यस देखि भिन्न दृष्टा छैन यो देखि भिन्न श्र ता छैन, यस देखि भिन्न कोहि मन्ता छैन, र यो दखि भिन्न कोहि ज्ञाता छैन ।

'हे गार्गी ! यो व्याकृत आकाश यसै प्रसिद्ध अक्षर अविनाशी ब्रह्ममा नै ओत प्रोत छ १४।

१४. मत्तः परतद नान्य त्किञ्चिनस्ति धनं जय । मयि सर्वमिदं प्रोतं सूत्रे मणि गणाइव (गीता अ ७।७)

भगवान भन्नु हुन्छ - हे अर्जुन म बाहेक किञ्चित पनि अर्को वस्त छैन । यो सम्पूर्ण जगत् धागाका मणि झैं म मानै उनेको छ । जो भगवनलाई यस प्रकार जान्दछ । उहि मुक्ति हुन्छ ।

'महर्षि याज्ञवल्क्या यस्ता विलक्षण व्याख्या सुनेर गार्गी सन्तुष्ट भइन् प्रमुदित भयेर ब्राह्मणहरूसंग भन्न लागिन्कि हे पूज्य ब्राह्मण हो! याज्ञवल्क्यलाई नमस्कार गर्नु हवस्। ब्रह्म सम्वन्धि विवादमा यीनलाई कोई पनि हराउन सक्तैन। यीनलाई जित्ने मनमा कल्पना पनि ग्राउन सक्तैन। यति भनेर गार्गी चुप लागिन्।

यसपछि शकलका पुत्र शाकल्य याँ विदग्धले याज्ञवल्क्य संग कयौ यता उत का प्रश्न गरे। अन्त्यमा याज्ञवल्क्यले शाकल्यसंग भने कि अब म तिमसंग एक प्रश्न सोध्दछु। तिमीले यदि उसको उत्तर दिय सकेनौ भने तिम्रो शरीर काटिने छ। शाकल्यलें उत्तर दिन सकेनन्। उनको शीर शरोरबाट अलग्ग भै गयो। याज्ञवल्क्यको ज्ञार र तेजलाई देखेर सारा सभा चकित भयो। तदन्तर याज्ञवल्क्यल फेरि ब्राह्मणहरूसंग भन्नु भयो 'तिमीहरू मध्ये कोहि एक या सवै मलेर मलाई केहि सोध्नु छ भने सोध्नु हवस्, परन्तु कसैल केहि सोधेनन्। चारै तर्फ याज्ञवल्क्यको जय जयकारका ध्वनि हुन लाग्यो। विज्ञानन्दले याज्ञवल्क्य र गार्गीको चेहरा चम्किरहेको थियो।

यस ब्रह्मलाई यथार्थ रूपल जान्ने चेष्टा गर्नु अनि अन्तमा जान्नु मनुष्य जन्मको एक मात्र सफलताको प्रमाण हो।

(वृहदारण्यको उपनिषद्का आधारमा)

"१४"

|| सद्गुरूको शिक्षा ||

वदको ग्रध्ययन गार सके पछि गुरू ग्रापना शिष्यलाई तल लेखेका वेद धर्महरूको उपदश गर्नु हुन्छ –

'सत्य वद । धर्म चर । स्वाध्यायान्मा प्रमदः'

सत्य बोल । धर्म गर । स्वाध्यायको कदापि त्याग नगर । ग्राचार्यलाई गुरू दक्षिणा दियेर प्रजाका सूत्रलाई न काँट ग्रर्थात ब्रह्मचर्य ग्राश्रमको पालन गरि सके पछि गृहस्थाश्रममा प्रवेश गर। सत्यको कदापि कुनै पनि ग्रवस्थामा त्याग नगर। धर्मको कदापि त्याग नगर कल्याणकारि धर्मको त्याग नगर। साधनको जुन विभूति प्राप्त छ, उसलाई कदापि नत्याग । स्वाध्याय र प्रवचनमा कदापि प्रमाद नगर ।

'मातृ देवो भव। पितृ देवो भव। ग्राचार्य देवो भव। ग्रतिथि देवो भव । यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि । नो इतराणि । (तैति १।११।२)

देव कर्म (यज्ञ) र पितृ कर्म (श्राद्ध तर्पणाग्रादि) को कदापि त्याग नगर । मातालाई देव रूपले पूजा गर । पिताको देव रूपले पूजा गर। ग्राचार्यको देव रूपले पूजा गर । ग्रतिथिको देव रूपदे पूजा गर । जो कर्म निन्दा रहित छ उस कर्मलाई राम्ररि पूजा गर । ग्रन्य निंदित कर्म नगर । हाम्रा गुरूका श्रेष्ठ ग्राचरणको ग्रनुसरण गर, ग्रर्काको होईन ।

जो ब्राह्मण आफुभन्दा श्रेष्ट छन्, उनलाई तुरून्त वस्नलाई आसन देउँ । केहि दान गर । श्रद्धाले गर, अश्रद्धाले होइन । श्री (लक्ष्मी) का लागि दान गर। लक्ष्मी चञ्चल छन्। प्रभुका सेवामा त्यो कर्म अर्पण गर्दैनौ भने त, त्यो कर्म तिमीलाई त्यागेर भागी जाने छ। लोक लाजका लागि दान गर। शास्त्र देखि डरायेर पनि दान गर । दान गर्नु उचित हो । यस विवेकलें दान गर ।आफ्ना कुनै कर्म अथवा लौकिक आचरण का सम्बन्धमा मनमा केहि शङ्का उठो त आफ्ना नजिक रहने वाला ब्राह्मणहरूमा जून वेद विहित कर्ममा विचारशिल छ, समदर्शी छ, कुशल छ, स्वतन्त्र छ (कसैका दवावमा आयेर व्यवस्था दिने वाला छैन) क्रोध रहित छ, अथवा शान्त स्वभाव छ र धर्मका लागि नै कर्तब्य पालन गर्ने वाला छ, उनीहरूले जून प्रकारको आचरण गर्दछन्, उसै प्रकारको आचरण तिमी पनि गर । यहि आदेश हो, यहि उपदेश हो, यही वेदहरूको भाव, यही आज्ञा हो, माथि वतायेका प्रणालिले नै आचरण गर्नु पर्दछ । यसै प्रकार आचरण गर्नु पर्दछ ।

(तैत्तिरय उपनिषद्का आधारमा)

Acc. 22403
22403